# नगर शिक्षा योजना

आ.व.२०८२/०८३ देखि २०९१/०९२ सम्म

रंगेली नगरपालिका

मोरंग

## नगर प्रमुखको मन्तव्य

म यो द श वर्षे शिक्षा योजना निर्माण सम्पन्न भएको अवसरमा रंगेली नगरपालिकाको तर्फबाट हाम्रो नगरका सम्पूर्ण शिक्षाप्रेमी , अभिभावक, विद्यार्थी, शिक्षक, बुद्धिजीवी, नागरिक समाज तथा सरोकारवालाहरुलाई हार्दिक नमस्कार एवम्अभिवादन गर्न चाहन्छु ।

हाम्रो नगरको समृद्धि र विकासको आधार शिक्षामा निहित छ। शिक्षित समाज बिना दिगो विकास सम्भव छैन । यस यथार्थलाई आत्मसात गर्दै रंगेली नगरपालिकाले आगामी दश बर्षका लागि दीर्घकालीन शिक्षा योजना तयार गरेको छ , जुन हाम्रो नगरका बालवालिका , किशोर-किशोरी, शिक्षक तथा समुदायको सहभागितामा आधारित छ ।

यस योजनाले सर्वसुलभ , गुणस्तरीय, समावेशी र व्यवहारिक शिक्षा प्रणालीको निर्माण , शिक्षा पूर्वाधारको सुद्धीकरण, सूचना प्रविधि संग समन्वय , तथा शिक्षक दक्षता अभिवृद्धि मार्फत शिक्षाको पहुँच र गुणस्तरमा आमूल परिवर्तन ल्याउने अपेक्षा गरिएको छ। रंगेली नगरपालिका मोरङ जिल्लाको एक उदाउँदो नगर हो जहाँ समाज विकासका हरेक पक्षहरुको पूर्ण विकासका लागि एक कुशल र पारदर्शी योजनाको खाका आवश्यक छ। शिक्षा हाम्रो समाज विकासको महत्वपूर्ण अङ्ग हो । हामी शिक्षा विकासको लागि हदैसम्मको प्रयास गर्न कटिबद्ध छौं। यसको लागि यो शिक्षा योजना महत्वपूर्ण कोशेढुंगा सावित हुनेछ भन्ने मेरो पूर्ण विश्वास छ ।

म यस योजनाको सफल कार्यान्वयनका लागि सबै पक्षहरुको सक्रिय सहयोग , प्रतिबद्धता र सहकार्यको अपेक्षा गर्दछु । योजना लेखन कार्यमा अहोरात्र खट्नु हुने , मस्यौदा लेखन समितिका संयोजक सहित सदस्यहरुलाई हार्दिक धन्यावाद दिन चाहन्छु । दस वर्षे योजना निर्माणको लागि महत्वपूर्ण सुझाव दिनु हुने जनप्रतिनिधि, राजनीतिक दल, नागरिक समाज, शिक्षा सम्बद्ध शिक्षक, विद्यार्थी, अभिभावकहरु प्रति पनि आभारी छु।

शिक्षामा परिवर्तनका लागि यो हाम्रो सामूहिक यात्रा हो। समृद्ध रंगेली , सुशिक्षित नगरवासी मेरो अन्तरआत्माको चाहना हो। आउनुहोस् , हामी सबै मिलेर रंगेलीलाई शिक्षाको नमुना नगर बनाऔं। शिक्षा हबको रुपमा रंगेलीलाई स्थापित गर्न हामी सबै लागिपरौ ।

अन्तमा, यो योजनाले हाम्रो नगरको शिक्षा क्षेत्रलाई समृद्ध, समावेशी र समयसापेक्ष बनाओस् भन्ने कामना व्यक्त गर्दछु।

शुभकामनासहित

दिलिप कुमार अग्रवाल

नगर प्रमुख

## उप-प्रमुखज्यूको तर्फबाट मन्तव्य

रंगेली नगरपालिकाको आगामी दश वर्षे शिक्षा योजना सार्वजनिक भएकोमा सर्वप्रथम खुसी व्यक्त गर्न चाहन्छु ।

शिक्षा कुनै पनि राष्ट्रको दिगो विकासको मेरुदण्ड हो। गुणस्तरीय , समावेशी र सर्वसुलभ शिक्षाको सुनिश्चितता गर्न नगर स्तरबाट दीर्घकालीन योजना निर्माण गर्नु हाम्रो उत्तरदायित्व मात्र नभई दायित्व पनि हो। आज हामीले तयार पारेको यो दश वर्षे शिक्षा योजना नगरको शैक्षिक विकासको दिशामा एक ऐतिहासिक कदम हो भन्नेमा म विश्वस्त छु ।

यस योजनाले विशेषगरी विद्यालयमा भौतिक पूर्वाधार, प्रविधि प्रयोग, सिकाईको गुणस्तर, शिक्षकको क्षमता अभिवृद्धि, बालबालिकाको पहुँच, समावेशी शिक्षा, तथा प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रवर्द्धन जस्ता महत्वपूर्ण पक्षहरूलाई समेटेको छ ।

यो योजनाले समृद्ध , शिक्षित र सक्षम रंगेली निर्माणमा मार्गदर्शकको भूमिका निर्वाह गर्नेछ भन्ने मेरो विश्वास छ । हामीले निकै मेहनत र ठूलो परिश्रम गरेर शिक्षा योजनाको लागि महत्वपूर्ण सुझावहरु संकलन गरेको थियौं । प्राप्त सुझावहरु योजना निर्माणको बहुमूल्य कच्चा पदार्थ थिए जसबाट यो योजना निर्माण सम्पन्न भएको छ ।

मेरो संयोजकत्वमा सम्पन्न यस ऐतिहासिक प्रयासमा योगदान गर्ने सम्पूर्ण शिक्षाविद् , शिक्षकगण, अभिभावक, विद्यार्थी, जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। निर्माण समितिका सम्पूर्ण सदस्यहरुप्रति पनि म हार्दिक आभारी छु जसले यो कार्यलाई अहोरात्र खटेर सम्पन्न गर्नु भएको थियो। मस्यौदा लेखन समितिका संयोजक र सदस्यहरुलाई विशेष धन्यावाद छ । उहाँहरुको मेहनतको कारण योजनाको सुन्दर मस्यौदा तयार भएको हो ।

अन्त्यमा, शिक्षा क्षेत्रको समुन्नतिका लागि समर्पित यो दश वर्षे योजनाले हाम्रो नगरलाई शैक्षिक नमूनाको रूपमा स्थापित गर्न सफल होस् भन्ने कामना गर्दछु।

जय रङ्गेली

भुमा कुमारी पराजुली
नगर उपप्रमुख

## प्रमुख प्रशासकीय अधिकृतको मन्तव्य

शिक्षा समृद्धि र सामाजिक रूपान्तरणको आधार हो। हामी स्थानीय तहमा शिक्षाको पहुँच , गुणस्तर र समावेशीतालाई अझ मजबुत बनाउने उद्देश्यका साथ दश बर्से नगर शिक्षा योजना निर्माण प्रक्रिया सम्पन्न गरेका छौं ।

यो योजना केवल दस्तावेज मात्र होइन, यो हाम्रो नगरको भावी पुस्ताका लागि शैक्षिक मार्गचित्र पनि हो। नगरका सबै बालबालिका, किशोर-किशोरी र युवाहरूको उज्वल भविष्य सुनिश्चित गर्ने हाम्रो साझा संकल्प यस योजनामा प्रतिविम्बित भएको छ ।

यस योजनामा शिक्षाको समग्र आयाम पूर्वबाल शिक्षा , आधारभूत र माध्यमिक शिक्षा , प्राविधिक तथा व्यावसायिक शिक्षा, सिपमूलक कार्यक्रम, शिक्षकहरूको क्षमता विकास, शिक्षामा समावेशीकरण र प्रविधिको उपयोग समेटिएको छ । सिकाई सवलीकरण तथा सिकाइ उपलब्धिको वृद्धिलाई मुख्य केन्द्रविन्दुमा राखी यो योजना तयार गरिएको छ ।

नगरपालिकाको तर्फबाट म यो कार्यमा सबै सरोकारवालाको सक्रिय सहभागिता, सुझाव र सहकार्यको अपेक्षा गर्दछु । शिक्षा योजना सफल कार्यान्वयनका लागि आवश्यक नीति , स्रोतसाधन र प्रतिबद्धता प्रदान गर्न नगरपालिका सधैं तत्पर रहनेछ ।

हामीले निर्माण गरेको यो योजना हाम्रो नगरको भावी पुस्ताको उज्ज्वल भविष्य निर्माण गर्ने पवित्र प्रयास हो । सबैमा सहकार्यको अपेक्षा गर्दछु ।

प्रदिप साह
प्रमुख प्रशासकीय अधिकृत

## शिक्षा अधिकृतबाट शुभकामना सन्देश

रंगेली नगरपालिका अन्तर्गत आगामी दश वर्षका लागि बनाइएको शिक्षा योजना अत्यन्तै स्वागतयोग्य तथा दूरदर्शी कदम हो। यस योजनाले समावेशी, गुणस्तरीय र व्यवहारिक शिक्षाको सुनिश्चितता गर्दै हाम्रा बालबालिकाको उज्जवल भविष्य निर्माणमा मार्गदर्शन गर्ने विश्वास लिएको छु ।

शिक्षा मानव जीवनको मूल आधार हो। शिक्षाबाट व्यक्ति मात्र होइन, समाज र राष्ट्रको समेत रूपान्तरण सम्भव हुन्छ यस योजना अन्तर्गत निर्धारण गरिएका उद्देश्य, रणनीति, र कार्यक्रमहरूले शिक्षालाई सबैको पहुँचमा पुऱ्याउने, सिकाइको गुणस्तर अभिवृद्धि गर्ने, र शिक्षामा प्रविधिको प्रयोगलाई प्रवर्द्धन गर्ने अपेक्षा गरिएको छ। यो योजनाले रंगेली नगरको शिक्षामा विशेष परिवर्तन ल्याउन सक्छ भन्ने विश्वास छ ।

यो योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै सरोकारवालाको सक्रिय सहभागिता, एकता र समर्पण जरुरी छ। स्थानीय तह, विद्यालय, अभिभावक, शिक्षक र सम्पूर्ण समुदायको साथ, सहयोग र सक्रिय सहभागिताले मात्र हामीले यो शिक्षा योजना सफल बनाउन सक्छौं।

दश वर्षे शिक्षा योजना निर्माणमा संलग्न सम्पूर्ण टिम, शिक्षाविद्, नीति निर्माता, अभिभावक तथा सरोकारवाला सबैलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा योजनाको सफल कार्यान्वयनको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

लीलादेवी ओझा<br>शिक्षा अधिकृत

## शिक्षा योजना निर्माण समिति

संयोजक : श्री भुमा कुमारी पराजुली

सदस्य : श्री ढकप्रसाद आचार्य

सदस्य : श्री भरतराज प्रसाईँ

सदस्य : श्री सरस्वती बहरदार

सदस्य : श्री झमक बहादुर काफ्ले

सदस्य : श्री विश्वर सिंह राई

सदस्य सचिव : श्री लिलादेवी ओझा (शिक्षा अधिकृत)

## **मस्यौदा लेखन उपसमिति**

संयोजक : श्री अरबिन्द कुमार साह

सदस्य : श्री जय प्रकाश पाठक

सदस्य : श्री विश्वरसिंह राई

सदस्य : श्री अबिन कुमार सरदार

सदस्य : श्री युवराज नेपाल

सदस्य : श्री हरिचन्द्र अधिकारी

## भाषा सम्पादन

चिरञ्जीवी काफ्ले

## हाम्रो भनाई

नेपालको संविधान, २०७२ मा उल्लिखित अधिकारले संविधानको अधीनमा रहेर स्थानीय तहले आफ्ना क्षेत्र अधिकार भित्रका आवश्यक कानुन तथा योजना आफैँ बनाउनु पर्ने व्यवस्था गरेको छ । संविधानमा उल्लेखित अधिकारको प्रयोग अन्तर्गत स्थानीय तह सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ को दफा ११ (ज) मा स्थानीय तहले शिक्षासम्बन्धी गर्नु पर्ने काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । संविधानको अनुसूची-८ मा स्थानीय तहको अधिकारको सूचीमा राखिएको छ । यही अधिकारको परिधिमा रहेर आधारभूत र माध्यमिक शिक्षासम्बन्धी व्यवस्थालाई कार्यान्वयनमा ल्याउने प्रयासको निरन्तरताको लागि नगरपालिकाद्वारा यो योजना तर्जुमा गरिएको छ । नेपालको संविधानको धारा-३१ मा प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहको शिक्षालाई निःशुल्क दिइने व्यवस्था गरी शिक्षालाई मौलिक हकको रूपमा उल्लेख गरिएको छ । यसअन्तर्गत प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक र निरन्तर सिकाई, सामुदायिक सिकाई र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा. कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने भन्ने कुरा समेत उल्लेख गरिएको छ । त्यसैगरी अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने जस्ता हक संविधानले प्रदान गरेको छ । यसै संवैधानिक व्यवस्था अनुरूप रंगेली नगरपालिकाको समग्र शिक्षा क्षेत्र विकासको लक्ष्य तथा उद्देश्य निर्धारण गरी सो उद्देश्य प्राप्त गर्नका लागि आवश्यक नीति, रणनीति, प्राथमिकता आदिको पहिचान गर्दै माध्यामिक र आधारभूत विद्यालय तहसम्मको शिक्षाको मार्गचित्रका लागि यो शिक्षा योजना तर्जुमा गरिएको हो ।

रंगेली नगरपालिकाको शैक्षिक योजना निर्माण समतिमा संयोजक : श्री भुमा कुमारी पराजुली  र सदस्यहरु : ढकप्रसाद आचार्य, भरतराज प्रसाईं, सरस्वती बहरदार, झमक बहादुर काफ्ले, विश्वर सिंह राई, श्री लीलादेवी ओझा (शिक्षा अधिकृत) तथा लेखनकार्यमा समितिका संयोजक अरबिन्द कुमार साह, सदस्यहरु जय प्रकाश पाठक, विश्वरसिंह राई, अबिन कुमार सरदार, युवराज नेपाल, हरिचन्द्र अधिकारी संलग्न रहनु भएको छ । सरोकारवाला सबैको सुझावका आधारमा यसको रूपरेखा तयार गरिएको छ । यसको लेखन कार्य तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति रंगेली नगरपालिका, शिक्षा शाखा हार्दिक धन्यवाद प्रकट गर्दछ ।

## योजनाको सारांश

- रंगेली नगरपालिकाको शिक्षा योजनालाई सर्वव्यापी, गुणस्तरीय, समावेशी तथा जीवनोपयोगी बनाउने उद्देश्यले तयार गरिएको छ । यसले स्थानीय तहको शिक्षा सम्बन्धी रूपरेखा तयार गरी विद्यालय, शिक्षक, अभिभावक तथा समुदायका सबै पक्षलाई समेटेर शिक्षाको दिगो विकास सुनिश्चित गर्ने अपेक्षा लिएको छ ।
- शिक्षालाई प्रभावकारी बनाउन स्थानीय तहले नीतिगत सुधार, बजेट व्यवस्थापन, विद्यालयको भौतिक तथा प्रविधिमैत्री पूर्वाधार निर्माण, शिक्षक व्यवस्थापन, विद्यालय सञ्चालन तथा अनुगमनको जिम्मेवारी लिएको छ।
- विशेष गरी विद्यालय बाहिर रहेका दलित, विपन्न तथा सीमान्तकृत समुदायका बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउन र सहभागी गराउन प्रयास गरिने छ । यसका लागि समुदाय केन्द्रित कार्यक्रम, सामुदायिक तथा संस्थागत सबै सरोकारवाला पक्षसँग सहकार्य गरिने छ ।

- शारीरिक, मानसिक, समाजिक तथा नैतिक शिक्षा सम्बन्धी आवश्यक संरचना निर्माण तथा प्रवर्द्धन गरिने छ ।
- पालिकाको शिक्षालाई पहुँचयुक्त, गुणस्तरीय, समावेशी, जीवनोपयोगी र प्रविधिमैत्री बनाउने दीर्घकालीन लक्ष्यका साथ तयार गरिएको छ ।
- शिक्षालाई प्रभावकारी बनाउन स्थानीय तहले नीतिगत सुधार, बजेट व्यवस्थापन, भौतिक तथा प्रविधिमैत्री पूर्वाधार निर्माण, शिक्षक व्यवस्थापन, विद्यालय सञ्चालन तथा अनुगमनको जिम्मेवारी लिने छ ।
- शिक्षामा नवप्रवर्तन प्रयोगको अभ्यासलाई लाग' गर्न समुदाय-केन्द्रित कार्यक्रम, सार्वजनिक-निजी साझेदारी कार्यक्रम र सहयोगी संस्थाहरूसँग सहकार्य गर्ने कार्य अघि बढाइने छ ।
- विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारलाई सुदृढ गर्दै सुरक्षित, बालमैत्री र समावेशी वातावरण सिर्जना गरिने छ ।
- विद्यालय व्यवस्थापन सुधार गर्न विद्यालय व्यवस्थापन समिति तथा शिक्षक-अभिभावक सङ्घलाई थप सशक्त बनाइने छ ।
- शिक्षकहरूको सिप र दक्षता अभिवृद्धि गर्न नियमित तालिम, कार्यशाला तथा प्रविधिमैत्री शिक्षण विधिको प्रयोगलाई प्राथमिकता दिइने छ ।
- व्यावसायिक तथा सिपमूलक शिक्षालाई प्रवर्द्धन गर्दै विद्यार्थीलाई श्रम बजारसँग जोड्ने योजना बनाइने छ ।
- शिक्षामा अनुसन्धान, सहकार्य र प्रविधिको समुचित प्रयोगलाई बढावा दिइने छ ।
- कक्षाकोठामा सिर्जनात्मक, प्रयोगात्मक तथा अनुसन्धानमूलक सिकाई वातावरण सिर्जना गर्न सम्बन्धित पक्षलाई क्रियाशील बनाइने छ ।
- मानसिक स्वास्थ्य, परामर्श सेवा, खेलकुद, कला, संस्कृति तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गरिने छ ।
- शिक्षक तथा विद्यार्थीहरूलाई डिजिटल साक्षरता सम्बन्धी तालिम उपलब्ध गराइने छ ।
- विद्यालय सुधारका लागि समुदाय र अभिभावकको सहभागिता बढाइने छ । अभिभावक-शिक्षक अन्तरक्रियालाई संस्थागत गर्दै बालबालिकाको सिकाई उपलब्धिमा सुधार ल्याइने छ ।
- विद्यालयका गतिविधिमा समुदायको सक्रिय सहभागिता बढाउन सचेतना कार्यक्रम, अन्तरक्रिया तथा सहकार्यात्मक योजना कार्यान्वयन गरिने छ ।
- सामुदायिक सिकाई केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी सङ्घ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यमको प्रयोग तथा परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरिने छ ।
- विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा आवश्यक सहयोग पुऱ्याइने छ ।
- शिक्षालाई बालमैत्री तथा अपाङ्गतामैत्री पूर्वाधारयुक्त बनाउन आवश्यक सहयोग गरिने छ ।
- शिक्षाको प्रभावकारिता मापन गर्न नियमित अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ पारिने छ ।

### क) विषय प्रवेश

नेपालको संविधान, २०७२ को धारा-३१ मा शिक्षा सम्बन्धी मौलिक हकको व्यवस्था गरिएको छ । यसले शिक्षामा पहुँचको हक स्थापित गरेको छ । राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत गरेको छ । सबै बालबालिकाहरूका लागि सर्वाङ्गीण विकासमा केन्द्रित गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु यस नगरको शैक्षिक योजनाको मुख्य उद्देश्य हो । यस योजनाले योजना अवधिभर शिक्षाका अवसरहरू सुनिश्चित गर्ने र प्राविधिक

शिक्षा तथा व्यावसायिक सिप विकासमा सबैको समावेशी र समतामूलक पहुँच विस्तार सुनिश्चित गर्ने समेत उद्देश्य लिएको छ । विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त तथा विविधता अनुकूल बनाई बालबालिकालाई बालमैत्री वातावरणमा सिकाई क्रियाकलापमा सहभागी हुनसक्ने गरी भौतिक तथा शैक्षिक वातावरणलाई सुधार गर्ने र आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने कार्य समेत यस योजनाको उद्देश्यमा समेटिएका छन्। बदलिँदो परिवर्तन तथा परिस्थितिलाई मध्यनजर गर्दै शिक्षमा समयानुकूल परिवर्तन गर्न जरूरी छ भन्ने महसुस गरेर आवश्यक कार्यक्रमहरूलाई योजनामा समावेश गरिएका छन्

## ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

सबैका लागि शिक्षा (२००१-२०१५) का लक्ष्य र उद्देश्य पुरा गर्नका लागि आर्थिक वर्ष २०६६/०६७ देखि सुरू भएको विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६६-०७२) विद्यालय शिक्षाको समग्र दस्तावेजको रूपमा अगाडि ल्याइएको थियो । सो कार्यक्रमको समाप्ति र प्रभावकारितासँगै आर्थिक वर्ष २०७३/०७४ देखि विद्यालय क्षेत्र विकास योजना (२०७३/०७४-०७९/०८०) को निर्माण भई कार्यान्वयनको अन्तिम चरणमा छ । यस पश्चात् शिक्षा क्षेत्र योजना (ESP) कार्यान्वयनका लागि यसको मस्यौदा समेत तयार भइसकेको अवस्था छ । परिवर्तित सन्दर्भमा देशमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार गठन भएसँगै शिक्षा क्षेत्रमा पनि राष्ट्रिय लक्ष्य तथा उद्देश्यलाई समेट्दै प्रदेश र स्थानीय तहले आफ्नो क्षेत्रको शैक्षिक उन्नति र विकासको लागि शैक्षिक योजना निर्माण र कार्यान्वयनको अभ्यास हुँदै आएको छ । यसै क्रममा रंगेली नगरपालिकाले पनि नगरको शैक्षिक अवस्थालाई सुधार गरी गुणस्तरीय शिक्षामा सबैको पहुँच बढाउने अभिप्रायले यो शिक्षा योजनाको निर्माण कार्य अगाडि बढाएको छ । त्यसैले यसको आवश्यकता औचित्यपूर्ण हुने अपेक्षा गरिएको छ।

शिक्षा प्राप्त गरिने औपचारिक थलो विद्यालय हो । यो सिकाईको मूल थलो पनि हो । विद्यालयले बालबालिकाहरूको बौद्धिक तथा मानसिक विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । विद्यालय सिकाईको थलोका रूपमा तब विकास हुन्छ जब त्यहाँ विद्यार्थी धेरै समय बस्न रूचाउँछन् र उनीहरूले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपबाट सिक्ने अवसर पाएका हुन्छन् । विद्यालयलाई सिकाई वातावरण सिर्जना हुन सक्ने किसिमबाट व्यवस्था गर्नु पर्दछ । विद्यालयको व्यवस्था आकर्षक र सिक्न योग्य बनाउन सकिएमा शिक्षक तथा विद्यार्थीहरूको आपसी सम्बन्ध राम्रो हुन गई प्रभावकारी शिक्षणका निम्ति अनुकूल वातावरणको सिर्जना हुन्छ । विश्वव्यापीकरणको कारणले विश्वबजार एउटै बजारमा परिणत हुँदै गएको वर्तमान अवस्थामा सम्पूर्ण मानव जीवनलाई सार्थक बनाउन, उन्नतशील समाज निर्माण गर्न र मानवीय स्रोत उत्पादन तथा व्यवस्थापन गर्न गुणस्तरीय शिक्षा प्रदान गर्नु आवश्यक छ । गुणस्तरीय शिक्षाकै माध्यमले उत्पादित वस्तु तथा सेवालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा समेत स्थापित, प्रतिस्पर्धी र सहभागितामूलक बनाउन सकिन्छ । शिक्षाको स्तर उकास्न नीति निर्माणको तहमा राज्यको दायित्व पनि उतिकै मात्रामा बिर्सन हुँदैन । यस कुरालाई मध्यनजर गर्दै राज्यले आधारभूत तह सम्मको शिक्षालाई बढी लगानी गर्ने काम बढ्दै गएको पनि छ । हामी एक स्पष्ट योजना सहित शैक्षिक सुधारको कार्यतिर शिक्षा योजना बनाउन लागेका छौँ । कार्यक्रम र नीतिहरू जतिसुकै राम्रा भएपनि कार्यान्वयन तहमा सुधार नआएसम्म गुणस्तरमा सुधार आउँन सक्दैन । त्यसैले शिक्षासँग सरोकार राख्ने सम्पूर्ण पक्षले यसतर्फ ध्यान दिनु आवश्यक छ ।

## ग) स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई सुम्पिएको छ । संविधानले आधारभूत तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य, माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने भनेर शिक्षालाई मौलिक हकका रूपमा राखी सबै बालबालिकालाई शिक्षाको सुनिश्चितता गर्न खोजेको छ । स्थानीय तहदेखि

केन्द्रसम्मले शिक्षालाई पहिलो प्राथमिकतामा राखी दक्ष, सक्षम जनशक्ति उत्पादन गर्न सकेमा हाम्रा समुदाय, स्थानीय तह, प्रदेश र समग्र देशको नै विकास हुन सम्भव छ ।

गुणस्तरीय शिक्षा सर्वसुलभ भएमा मात्र मानवीय पूर्वाधार तयार भई अन्य क्षेत्रको विकासमा पनि सहयोग पुग्न सक्छ । रंगेली नगरपालिकाले शिक्षालाई सधैं पहिलो प्राथमिकताको रूपमा लिएको छ । शिक्षामा गुणस्तरीयताको खाँचो छ । नेपाल सरकारले गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता, शिक्षा नीति, विभिन्न घोषणाहरू, नेपालको संविधानले प्रदत्त गरेको अधिकार तथा व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्थाअनुरूप कार्य गर्न नगरपालिकाले शिक्षालाई महत्त्वपूर्ण विषयका रूपमा आत्मसात् गर्दै आएको छ । संविधानले गरेको व्यवस्थाको आधारमा स्थानीय तहको सरकारले शिक्षामा के गर्ने भन्ने बारेमा शिक्षा योजना निर्माण गरी लागु गर्न खोजेको छ । यस अन्तर्गत प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक र निरन्तर सिकाई, सामुदायिक सिकाई र विशेष शिक्षासम्बन्धी विभिन्न नीति, कानुन, मापदण्ड, योजना तर्जुमा. कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने भन्ने कुरा समेत उल्लेख गरिएको छ । त्यसकारण शिक्षा योजना निर्माणको आवश्यकता औचित्यपूर्ण हुने अपेक्षा गरिएको छ ।

## घ) शिक्षा योजना निर्माणका आधार

| | |
|---|---|
| नेपालको संविधान, २०७२ | शिक्षा ऐन, २०२८ शिक्षा नियमावली, २०५९ |
| स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | दिगो विकास लक्ष्य |
| सोह्रौ आवधिक योजना | स्थानीय तहको मध्यकालिन खर्च संरचना |
| राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८ | योजना तर्जुमा दिग्दर्शन २०७८ |
| विद्यालय क्षेत्र विकास योजना | राष्ट्रिय शिक्षा नीति २०७६स्थानीय तहको |
| अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धि ऐन तथा नियमावली | |
| संघ प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन २०७७ | |
| शिक्षा संग सम्बन्धित दस्तावेज तथा अन्य कार्यक्रमहरु | |

## ङ) शिक्षा योजना निर्माण प्रक्रिया

रंगेली गरपालिकाले नगर शिक्षा योजना निर्माणको लागि नगरभित्रका सरोकारवाला सबै पक्ष र तहको सहभागितालाई सुनिश्चित गर्ने प्रयास गरेको छ । नगरपालिकाले पालिकाभित्र योजनाको सुरूवात गर्न प्रत्येक विद्यालयका शिक्षक, प्रधानाध्यापक, अभिभावक, शिक्षाप्रेमी, समाजसेवी, बुद्धिजीवी लगायतका शिक्षासँग सरोकार राख्ने वर्गको प्रत्यक्ष सहभागितामा छलफल गरेको छ । शिक्षाको विगतको अनुभव, वर्तमान अवस्थाको पहिचान र भावी कार्यक्रमको आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई कार्यान्वयन गर्न अब हामी जुटेका छौँ । त्यसैले यसको कार्यान्वयनमा थप सफलता हासिल गर्नका लागि सहभागितामूलक तरिकाले योजना निर्माणमा मुख्य जोड दिइएको छ । यस योजना निर्माणको लागि पालिकाबाट बजेट विनियोजन गरिएको, शिक्षा योजना निर्माणका लागि समिति तथा उपसमितिको निर्माण गरिएको र योजनालाई मूर्तरूप दिन विषय केन्द्रित छलफल, अध्ययनका कार्यलाई अगाडि बढाइएको छ । 'हाम्रो शिक्षाको विकास हाम्रै लागि' भन्ने सोच राखेर शिक्षा योजनाको निर्माणको चरणमा तपसिल बमोजिमको प्रक्रिया अवलम्बन गरिएको छ :

- शिक्षा योजना निर्माणको लागि पालिकाबाट बजेट विनियोजन गरिएको,
- शिक्षा योजना निर्माणका लागि योजना निर्माण समिति र आवश्यकता अनुसारका विभिन्न उपसमितिहरू गठन गरिएको,

- फल्यास रिपोर्ट, इमिस आदिको प्रयोग गरिएको र योजनालाई मूर्तरूप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरिएको,
- नगरपालिका क्षेत्रभित्र रहेका विद्यालयका तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरिएको,
- विद्यालयका प्रधानाध्यापक, शिक्षक वि.व्य.स. अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष, शिक्षाप्रेमी तथा सरोकारवालासँग छलफल गरिएको ,
- नेपालको संविधान, शिक्षा ऐन २०२८ तथा नियमावली २०५९, स्थानीय सरकार सञ्चालन ऐन २०७४, विद्यालय क्षेत्र विकास योजना र अन्य आधारपत्रहरूको समेत अध्ययन गरी तयार गरिएको,
- छलफलबाट प्राप्त विभिन्न प्रकारका सुझावलाई खेस्रा तयारी, टिपोट र पृष्ठपोषण सङ्कलन गरिएको,
- विज्ञहरूको सुझाव र पृष्ठपोषणका आधारमा योजना निर्माण गरी नगर शिक्षा समिति, कार्यपालिका र नगरसभाबाट स्वीकृत गरी लागु गरिएको ।

**च) योजनाको लेखाजोखा** : **यस योजनाको लेखाजोखा गर्नका लागि निम्न सूचकहरूका आधारमा समग्र योजना कार्यान्वयनको लेखाजोखा गरिने छ :**

| क्र. सं. | कार्यक्रम/ गतिविधि | उद्देश्य | समय सीमा | जिम्मेवार निकाय /व्यक्ति वा स्रोत | कार्यान्वयन |
|---|---|---|---|---|---|
| १ | कार्यरत जनशक्ति व्यवस्थापन | दक्ष जनशक्तिको सुनिश्चितता | | • स्थानीय तह शिक्षा, शिक्षा समिति<br>• प्रशिक्षक, तालिम स्थल, सभाहल | शैक्षिक क्यालेन्डर प्रयोग |
| २ | वार्षिक शैक्षिक कार्यक्रम योजना र कार्यान्वयन | प्रभावकारी कार्यान्वयन | | रणनीतिक योजना | |
| ३ | योजना कार्यान्वयनको अवस्था अवलोकन | प्रभावकारी अनुगमन | | अनुगमन समिति | |
| ४ | ऐन, नियमको प्रयोग, कार्यविधि निर्माण | कानुनी व्यवस्था सुदृढीकरण | | | |
| ५ | आवश्यक स्रोत साधन व्यवस्थापन | भौतिक तथा शैक्षिक पूर्वाधार सुधार | | | |
| ६ | विद्यालय अनुगमन | अनुगमन प्रभावकारी बनाउने | | | भर्ना अभियान |
| ७ | विद्यार्थी भर्ना | सबै बालबालिकाको शिक्षामा पहुँच | | छलफल | आवधिक परीक्षा |
| ८ | परीक्षा सञ्चालन | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | परीक्षा समिति, विषयगत समिति | |

**छ) योजनाको दस्तावेजको स्वरूप**

परिच्छेद – एक : परिचय

परिच्छेद – दुई : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

परिच्छेद – तीन : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

परिच्छेद – चार : अन्तर सम्बन्धित विषय तथा क्षेत्र

परिच्छेद – पाँच : शिक्षाका उपक्षेत्रहरू

परिच्छेद – छ : सुशासन तथा व्यवस्थापन

परिच्छेद – सात : लगानी र स्रोत व्यवस्थापन

परिच्छेद – आठ : अनुगमन तथा मूल्याङ्कन

## विषय सूची


| शीर्षक | पेज नं |
|---|---|
| **१. परिच्छेद एक परिचय** | **१** |
| १.१ रंगेली नगरपालिकाको परिचय | १ |
| १.२. मुख्य समस्याको विश्लेषण | ३ |
| १.३ शिक्षा क्षेत्रको चुनौती SWOT विश्लेषण | ४ |
| **२. परिच्छेद दुई दुरदृष्टी उद्देश्य रणनीति तथा लक्ष्य** | **७** |
| २.१ दूरदृष्टि | ७ |
| २.२ लक्ष्य | ७ |
| २.३ उद्देश्य | ७ |
| २.४ रणनीति | ७ |
| २.५ कार्यनीति | १० |
| २.६ अपेक्षीत उपलब्धि | ११ |
| २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण | ११ |
| **३. परिच्छेद तीन विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु** | **१४** |
| ३.१ प्रारम्भिक बालविकास र शिक्षा | १४ |
| ३.१.१ बर्तमान अवस्था | १४ |
| ३.१.२ उद्देश्य | १५ |
| ३.१.३ रणनीति | १५ |
| ३.१.४ उपलब्धि, नतिजा तथा, प्रमुख क्रियाकलाप | १५ |
| ३.२ आधारभूत शिक्षा | १६ |
| ३.२.१ वर्तमान अवस्था | १७ |
| ३.२.२ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य | १९ |
| ३.३. माध्यमिक शिक्षा | २० |
| ३.३.१. वर्तमान अवस्था | २० |
| ३.३.२ उपलब्धि नतिजा र प्रमुख क्रियाकलाप, लक्ष्य | २२ |
| ३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाई | २३ |

३.४.१ वर्तमान अवस्था २३
३.४.२ उद्देश्य २३
३.४.३ रणनीति २४
३.५ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम २४
३.५.१ वर्तमान अवस्था २४
३.५.२ उद्देश्यहरु २५
३.५.३ रणनीति २५
४. परिच्छेद चार अन्तर सम्बन्धित विषय तथा क्षेत्र २७
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामग्री तथा मूल्याङ्कन २७
४.१.१. वर्तमान अवस्था २७
४.१.२ लक्ष्य २८
४.१.३ उद्देश्य २८
४.१.४ रणनीति २८
४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य २९
४.२. शिक्षक व्यवस्थापन र विकास ३१
४.२.१ वर्तमान अवस्था ३१
४.२.२ लक्ष्य ३२
४.२.३ उद्देश्य ३२
४.२.४. रणनीति ३२
४.२.५ उपलब्धि, नतिजा प्रमुख क्रियाकनाप र लक्ष्य ३३
४.३ शैक्षिक समता र समावेशीकरण ३९
४.३.१ वर्तमान अवस्था ४०
४.३.२ लक्ष्य ४१
४.३.३ उद्देश्य ४१
४.३४ रणनीति ४१
४.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ४२
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ४५
४.४.१ वर्तमान अवस्था ४६
४.४.२ लक्ष्य ४८
४.४.३ उद्देश्य ४८
४.४,४ रणनीतिहरु ४८

४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ४८
४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्पादनशीलता ५०
४.५.१ वर्तमान अवस्था ५०
४.५.२ उद्देश्य ५२
४.५.३ रणनीति ५२
४.५.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ५३
४.६ विद्यालयमा भौतिक पूर्वाधार विकास ५४
४.६.१ वर्तमान अवस्था ५५
४.६.२. लक्ष्य ५६
४.६.३ उद्देश्य ५६
४.६.४ रणनीति ५६
४.६.५ प्रमुख उपलब्धि तथा नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ५६
४.७ विद्यालय सूचना तथा प्रविधि ५८
४.७.१ वर्तमान अवस्था ५८
४.७.२ लक्ष्य ५९
४.७.३ उद्देश्य ६०
४.७.४ रणनीति ६०
४.७.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ६०
५. परिच्छेद पाँच शिक्षाका उपक्षेत्रहरू ६२
५.१ प्राविधिक तथा व्यावसायिक शिक्षा ६२
५.१.१ वर्तमान अवस्था ६२
५.१.२. लक्ष्य ६३
५.१.३ उद्देश्य ६३
५.१.४. रणनीति ६३
५.१.५ प्रमुख उपलब्धि तथा नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ६४
५.२ अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाई ६५
५.२.१ वर्तमान अवस्था ६५
५.२.२. लक्ष्य ६६
५.२.३. उद्देश्य ६७
५.२.४ रणनीति ६७
५.२.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ६८

५.३. विशेष शिक्षा ६९
५.३.१ वर्तमान अवस्था ७०
५.३.२ रणनीति ७०
५.३.३. उपलब्धि, नतिजा, प्रमुखक्रियाकलाप तथा लक्ष्य ७१
५.४. उच्च शिक्षा ७२
५.४.१. वर्तमान अवस्था ७३
५.४.२. लक्ष्य ७४
५.४.३. उद्देश्य ७४
५.४.४. रणनीति ७४
५.४.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ७४
५.५ सार्वजनिक पुस्तकालय ७६
५.५.१ वर्तमान अवस्था ७६
५.५.२ लक्ष्य ७७
५.५.३. उदेश्य ७८
५.५.४ रणनीतिहरू ७८
५.५.५ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप र लक्ष्य ७८
**६. परिच्छेद छः सुशासन तथा व्यवस्थापन ८०**
६.१ परिचय ८०
६.१.१ वर्तमान अवस्था ८०
६.१.२ उद्देश्य ८१
६.१.३ रणनीति ८१
६.१.४ उपलब्धि, नतिजा प्रमुख क्रियाकलाप र लक्ष्य ८१
६.१.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ८२
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध ८३
**७. परिच्छेद सातः लगानी र स्रोत व्यवस्थापन ८५**
७.१ वर्तमान अवस्था ८५
७.२ लक्ष्य ८७
७.३ उद्देश्य ८७
७.४ रणनीति ८७
७.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप ८८
**८. परिच्छेद आठः अनुगमन तथा मूल्यांकन ९३**

८.१ योजनाको अनुगमन तथा मूल्यांकन ९३
८.२ अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नगरपालिकाको जिम्मेवारी ९३
८.३ अनुगमन तथा मूल्यांकनको वर्तमान अवस्था ९४
८.४ रणनीतिहरु ९६
८.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ९ ६
८.६ कार्यान्वयन, अनुगमन तथा मूल्यांकन, समन्वय र सहजीकरण ९ ७
अनुसूचि १ ९८

परिच्छेद : एक

# परिचय

## १.१ रंगेली नगरपालिकाको परिचय ,

### क) ऐतिहासिक पृष्ठभूमि

रंगेली नगरपालिका नामकरण सम्बन्धमा विभिन्न भनाइहरू पाइन्छन जसमध्ये एउटा प्रचलित भनाइ अनुसार मोरङ्ग जिल्लाको नामकरण १७ औं शताब्दीका लिम्बु राजा माउरोङ्ग रोङ्ग मुङ्ग हङगको शासन कालमा भएको बुझिन्छ । उक्त समयमा मोरङ्ग राज्यको राजधानी किल्ला रंगेली भन्ने स्थानमा रहेको पाइन्छ । सोही स्थानलाई हाल आएर रंगेली नामकरण गरिएको ऐतिहासिक पुष्टि छ ।

### ख) भौगोलिक अवस्थिति

रंगेली नगरपालिका नेपालको प्रशासनिक विभाजन अनुसार कोशी प्रदेश अन्तर्गत मोरङ्ग जिल्लामा पर्दछ । भौगोलिक रूपमा २६° २०' देखि २६.६७° ५३' उत्तरी अक्षांश र ८७° १६' देखि ८७° २१' पूर्वी देशान्तरमा पर्छ । समुद्र सतहबाट ६४ देखि ८८ मिटरको उचाइमा पर्ने यो नगरपालिका समथर तराईमा रहेको छ । रंगेली नगरपालिका कोशी प्रदेशमा अवस्थित मोरङ्ग जिल्लाको तराई भागमा अवस्थित छ । प्रशासकीय हिसाबमा यस नगरपालिकामा तत्कालीन ३ वटा गाउँ विकास समिति र १ वटा नगरपालिका (बबियाविर्ता, दर्बेशा, रंगेली र आमगाछी) समेटेर निर्माण गरिएको हो ।

यस नगरपालिकाको कुल क्षेत्रफल १११.७८ वर्ग किमी रहेको छ । यसमध्ये १००.९७७ वर्ग किमी (करिब ८९.७६ प्रतिशत) खेतीपातीका लागि उपयोग भएको देखिन्छ भने करिब ०.४१३ वर्ग किमी (करिब ०.३६ प्रतिशत) जमिन वनजङगल तथा ४.३६५ वर्ग किमी (३.८५ प्रतिशत) जल क्षेत्रले ओगटेको छ । प्राकृतिक सम्पदाको प्रचुरता, उर्वर जमिन तथा सिँचाइको स्रोतको उपलब्धता हुनुले यस स्थान कृषि र पशुपालनका लागि उपयुक्त स्थल मानिन्छ । यहाँको प्रमुख कृषि उत्पादनको रूपमा धान, आलु, गहुँ, मकै, मास, तोरी पर्छन।

### ग) सामाजिक तथा सांस्कृतिक अवस्था

सांस्कृतिक उत्कृष्टता ब्राह्मण, क्षेत्री, मधेसी, जनजाति, दलित लगायत जातजातिहरूको बसोबास रहेको यस क्षेत्रमा आआफ्ना जातिगत धर्म, संस्कृति र परम्परा जीवित रहेका छन । तुलनात्मक रूपमा मध्यम क्षेत्रफल रहेको यो नगरपालिका सांस्कृतिक विविधताले भरिपूर्ण छ । विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास भएकाले धार्मिक सहिष्णुताका साथ चाडपर्व मनाउने गर्दछन । दसैं, तिहार, जितिया, छठ, होली, कृष्ण जन्माष्टमी, ह्लोसार, बुद्ध जयन्ती, सिरुवा पर्व आदि यहाँका प्रमुख चाडपर्वको रूपमा रहेका छन । विभिन्न ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं पुरातात्त्विक महत्त्वका स्थलहरू रहेको यो नगरपालिकाको गहनाको रूपमा श्री काली मन्दिर, श्री संसारी माई मन्दिर, तिरुपति बालाजी मन्दिर, मलङगवा सिमसार पर्यटकीय स्थल र अन्य मठमन्दिर तथा विशेष उत्साहका साथ मनाइने फूलपाती बढाइँ कार्यक्रम, सन्थालहरूको छाता मेला तथा नृत्य, उराउ समुदायको सामूहिक कर्माधर्मा नृत्य आदि यहाँका सांस्कृतिक सम्पदाको रूपमा रहेका छन ।

### घ) भाषिक अवस्था

**राष्ट्रिय जनगणना २०७८ अनुसारको रंगेली नगरपालिकाको भाषाको अवस्था यस प्रकार छ :**

| क्र.सं. | भाषा | संख्या | प्रतिशत |
|---|---|---|---|
| **१** | **मैथिली** | **२७२७८** | **४५.७** |
| **२** | **नेपाली** | **१३०३** | **२१.९** |
| **३** | **राजवंशी** | **४२३४** | **७.१** |

| | | | |
|---|---|---|---|
| ४ | मुसहर | २०५० | ३.४ |
| ५ | सन्थाल/सन्थाली | १९९६ | ३.३ |
| ६ | थारु | १७४८ | २.९ |
| ७ | खवास | १४८३ | २.५ |
| ८ | हिन्दी | ८४२ | १.४ |
| ९ | सन्थाल | १२८७ | २.२ |
| १० | मगर | ६५७ | १.१ |
| ११ | झाँगड | १०२६ | १.७ |
| १२ | राई | ४९१ | ०.८ |
| १३ | सरदार | ४७७ | ०.८ |
| १४ | माडवाडी | ३४८ | ०.६ |
| १५ | ताजपुरिया | ३४१ | ०.६ |
| १६ | बंगाली | २६४ | ०.४ |
| १७ | रिषिदेव | २९७ | ०.४ |
| १८ | कर्माकार | २७७ | ०.५ |
| १९ | मुडियारी | ३१४ | ०.५ |
| २० | तामाङ | २१९ | ०.४ |
| २१ | नेवारी | १९६ | ०.३ |
| २२ | गुरुङ | १३५ | ०.२ |
| २३ | बातर | २९४ | ०.५ |
| २४ | लिम्बु | १८७ | ०.३ |
| २५ | उर्दु | ५० | ०.१ |
| २६ | मुस्लिम | ४६ | ०.१ |
| २७ | भोजपुरी | ६० | ०.१ |
| २८ | अरबी | १८ | ० |
| २९ | पासवान | २० | ० |
| ३० | सुतियार | १३ | ० |
| ३१ | अन्य | ७ | ० |

## ङ) आर्थिक अवस्था

नागरिकहरुको आर्थिक हैसियतका आधारमा विश्लेषण गर्दा यस नगरपालिकाभित्र मिश्रित वर्गको बसोबास देखिन्छ– अति गरिबदेखि सम्पन्न वर्गसम्म । तुलनात्मक रूपमा तथ्याङक विश्लेषण गर्दा यहाँ मध्यम स्तरका परिवारको बसोबास बढी रहेको छ । रंगेली नगरपालिकामा कुल आम्दानीले खर्च धान्न घरपरिवार ७४.२ प्रतिशत छ भने बाँकीले आफ्नो आम्दानीबाट खर्च धान्न नपुग्ने स्थिति तथ्याङकले प्रस्तुत गरेको छ । नियमित खर्च धान्न नसकेको घरपरिवारले विभिन्न व्यवस्था मिलाएर खर्च धानेको सर्वेक्षणमा देखिएको छ ।

| क्र.सं. | आर्थिक रुपले सक्रिय जनसंख्या | संख्या | प्रतिसत |
|---|---|---|---|
| १ | १५ देखि १९ वर्ष | ५५३६ | ९.३ |
| २ | २० देखि २४ वर्ष | ६०२२ | १०.१ |
| ३ | २५ देखि २९ वर्ष | ५६१२ | ९.४ |
| ४ | ३० देखि ३५ वर्ष | ४५३८ | ७.६ |
| ५ | ३६ देखि ३९ वर्ष | ४५९० | ७.७ |

| | | | |
|---|---|---|---|
| ६ | ४० देखि ४५ वर्ष | ३६६९ | ६.१ |
| ७ | ४६ देखि ४९ वर्ष | ३२११ | ५.४ |
| ८ | ५० देखि ५४ वर्ष | २६४२ | ४.४ |
| ९ | ५५ देखि ५९ वर्ष | २१७५ | ३.६ |
| १० | जम्मा | ३७९९५ | ६४ |

### च) शैक्षिक अवस्था

सामुदायिक विद्यालय २७

धार्मिक विद्यालय ४

सस्थागत १४

गुरुकुल १

## १.२ मुख्य समस्याको विश्लेषण

- सिकाई उपलब्धिको स्तरमा कमजोर हुनु,
- विद्यालयमा शिक्षकहरुको तहगत र विषयगत दरबन्दी समानुपातिक नहुनु तथा कर्मचारी दरबन्दीलाई न्यायोचित वितरण गर्न कठिन हुनु
- तहगत तथा विषयगत रूपमा सम्पूर्ण विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसक्नु,
- आधारभूत तहमा कक्षा छाडने र दोहोऱ्याउने दर बढी हुनु,
- शिक्षामा बालबालिकाहरूको पहुँच तथा सहभागिता सुनिश्चित गर्न नसक्नु,
- आर्थिक रूपले विपन्न तथा पिछडिएका वर्गका बालबालिकाहरूको शिक्षामा पँहुच कम हुनु,
- पठन संस्कृति तथा जीवनपर्यन्त शिक्षाका लागि सामुदायिक अध्ययन केन्द्र, सार्वजनिक पुस्तकालय, सिकाई केन्द्र, सार्वजनिक वाचनालयको व्यापक विस्तार तथा प्रचार गर्न नसक्नु,
- निरन्तर सिकाईका लागि सामुदायिक सिकाई केन्द्रहरूको परिचालन अनुगमन तथा व्यवस्थापन गर्न नसक्नु,
- माध्यमिक तहमा शिक्षामा बालबालिकाको पहुँच कमजोर हुनु,
- विद्यालयमा भर्ना भएका बालबालिकालाई टिकाई राख्न नसक्नु,
- प्राविधिक धारको विद्यालय सञ्चालन गर्न नसक्नु,
- प्रर्याप्त सुरक्षित र प्रयोगमैत्री भौतिक पूर्वाधारको विकास गर्न नसक्नु,
- अभिभावकलाई जिम्मेवार बनाउन नसक्नु,
- स्थानीय पाठयसामग्रीको विकास गर्न नसक्नु,
- सबै कक्षाका स्थानीय विषयको पाठयपुस्तक लेखन नहुनु तर विद्यालयमा स्थानीय विषय पढाइ हुनु, ● सबै विद्यालयमा व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ गठन नभएका कारण शिक्षक सरूवा तथा विद्यालयका अन्य गतिविधि सञ्चालनमा बाधा देखिनु,
- शिक्षकको पेसागत विकास तथा सहयोग प्रणालीलाई प्रभावकारी बनाउन नसक्नु,
- सरोकारवाला निकायद्वारा प्रभावकारी अनुगमन तथा सुपरीवेक्षण नुहनु,

- असल अभ्यास, शिक्षा क्षेत्रको प्रवर्धनात्मक कार्य, अनुसन्धान तथा प्राज्ञिक कार्य गर्ने शिक्षक कर्मचारीलाई पुरस्कार तथा हौसला दिने संस्कृतिको विकास नहुनु,
- सुशासन, जिम्मेवारी तथा जवाफदेहिताको आशातीत प्रत्याभूति दिन नसक्नु,
- सार्वजनिक तथा निजी लगानीका शैक्षिक संस्थाको उचित नियमन, व्यवस्थापन गर्न नसक्नु,
- शिक्षण सिकाई तथा मूल्याङकन प्रक्रियामा अपेक्षित परिवर्तन ल्याउन नसक्नु,
- उच्च शिक्षा तथा स्नातक तहको शिक्षालाई व्यवस्थित बनाउन नसक्नु,
- शिक्षा सम्बन्धी अनुसन्धानात्मक गतिविधि कम हुनु,
- सामुदायिक क्याम्पसलाई आवश्यक आर्थिक लगानी गर्न नसक्नु,
- शिक्षामा लगानी कम हुनु
- धार्मिक विद्यालयहरुको व्यवस्थापन गर्न नसक्नु

## १.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण

**रंगेली नगरपालिकामा रहेका सबल पक्ष, दुर्बल, चुनौती र अवसरलाई यहाँ विश्लेषण गरिएको छ :**

### क) सबल पक्षहरूहरू

- केही बिधालयहरु  भौतिक रुपमा सम्पन्न भएको
- सबै माध्यमिक बिद्यालयहरुमा ईन्टरनेट को सुबिधा भएको
- नगर शिक्षकको व्यवस्था गरी विषयगत शिक्षकको अभावलाई परिपूर्ति गरिएको
- विद्याालय स्तरका सम्पूर्ण परीक्षाहरु नगरपालिकाबाट सञ्चालन हुने ब्यवस्था गरिएको
- पाठ्यपुस्तक  ,छात्रवृत्ति , प्रति विद्यार्थी लागत, शिक्षक कर्मचारीको तलब, दिवाखाजाको रकम समयमै उपलब्ध गराइदै आएको
- शिक्षक तथा कर्मचारीहरुलाई पुनर्ताजगी तालिमको ब्यवस्था हुदै आएको
- सामुदायिक बिधालय प्रति सर्वसाधारण जनताको आकर्षण बढ्दै गएको
- नगर शिक्षा ऐन तथा नियमावली बनेको,
- स्थानीय पाठयक्रमको निर्माण भएको,
- कक्षा ८ सम्मका लागि स्थानीय पाठयपुस्तक लेखन सम्पन्न भएको,
- नगर परीक्षा समिति निर्माण गरी पश्नपत्र निर्माण तथा परीक्षा सम्बन्धी कार्य हुने गरेको,
- स्थानीय स्तरमा विषय विज्ञ समिति गठन भएको, विषयगत विज्ञको सूचीकरण गरिएको,
- शिक्षा समिति निर्माण,
- कम्तीमा पनि न्यूनतम योग्यता भएका शिक्षक, कर्मचारीको पदपूर्ति,
- विभिन्न बाल क्लव, जुरेस र स्काउट गठन भएको ।
- शिक्षामा सरकार, अन्तर्राष्ट्रिय दातृनिकाय तथा निजी क्षेत्रको लगानी,
- सामुदायिक तथा निजी विद्यालयको सहकार्य,
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता तथा अतिरिक्त कियाकलापमा निजी तथा सामुदायिक विद्यालयको सहभागिता

## ख) दुर्वल पक्षहरु

- विषयगत र तहगत शिक्षकको अभाव
- विद्यालयमा उचित आधारभूत शैक्षिक पूर्वाधार (शौचालय, खानेपानी आदि) को अभाव
- निजी र सामुदायिक विद्यालय बिच शैक्षिक गुणस्तरमा अन्तर ।
- विद्यालयमा राजनैतिक हस्तक्षेपका कारण कर्तव्य तथा उत्तरदायित्व प्रति विमुख ।
- आवश्यकताका आधारमा शिक्षक दरबन्दी व्यवस्थापन नहुनु ।
- कतिपय विद्यालयमा व्यवस्थापन समिति गठन नहुनु तथा भएका ठाउँमा पनि सन्तोषजनक क्रियाशीलता नदेखाउनु।
- बालबालिकाको शिक्षाप्रति अभिभावकको चासो कम हुनु ।
- उच्च शिक्षामा उचित लगानीको अभाव तथा व्यवस्थापनमा कठिनाई ।
- विद्यालय अनुगमन, निरीक्षण र सुपरिवेक्षणको अभाव
- प्राविधिक धारको विद्यालय नहुनु
- विज्ञान विषय पढाइ हुने  सामुदायिक विद्यालय नहुनु

## ग) अवसर

- प्रविधिक धार र विज्ञान विषयको विद्यालय सञ्चालन गर्न सकिने
- शिक्षामा गुणस्तर सुधारका लागि सरकारी तथा निजी संस्थाका बिच सहकार्यको अवसर,
- नगरलाई शैक्षिक हव बनाउन सकिने
- विग स्कुलको अवधारणा लागु गर्न सकिने ।
- अनुसन्धन, लेखन, प्रशिक्षणमा पोख्त शिक्षकहरुको उपलब्धता
- पर्याप्त विद्यार्थी संख्या

## घ) चुनौतीहरु

- सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास शिक्षाको सुनिश्चित गर्नु
- उमेर समुहका सवै बालबालिकालाई विद्यालयमा भर्ना गराउनुः
- विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्न
- सबै विद्यालयको भौतिक र शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउनु
- आधारभ"त तह सम्म अनिबार्य अङ्रेजी माध्यमको पठनपाठनको व्यवस्था गर्नु
- आधारभूत शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाई सुनिश्चित गर्नु
- आवश्यक स्रोत-साधनको व्यवस्था गरी संस्थागत संरचना तथा क्षमता विकास गर्नु
- सिकाईलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम तथा सिकाई क्रियाकलापमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता बढाउनु
- शिक्षक र शिक्षा क्षेत्रको जनशक्तिमा पेशागत जवाफदेहिता सुनिश्चित गर्नु
- विद्यालय नेतृत्वको भूमिका सबलीकरण गर्ने र शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्न
- शिक्षण सिकाई तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र कार्यकुशलता वृद्धि गर्नु

- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक र विद्यार्थीको पहुँच विस्तार गरी सिकाईमा प्रभावकारी ढङ्गले प्रयोग गर्नु
- विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउनु
- बालबालिकाको पोषणको अवस्था र स्वास्थ्यमा सुधार गर्नु
- विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाउनु
- शिक्षामा लगानी विस्तार गर्नु
- विद्यालयको नक्साङकन तथा समायोजन गर्नु
- विद्यालयमा शिक्षक दरबन्दी, कर्मचारी व्यवस्थापन गर्नु
- विपद व्यवस्थापन र वैकल्पिक शिक्षण सहजीकरण गर्नु
- उपयुक्त भौतिक पूर्वाधारको निर्माण तथा मर्मत सम्भार गर्नु
- बालमैत्री, अपाङग मैत्री, लैङगिक मैत्री वातावरण निर्माण गर्नु
- प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विस्तार गर्नु

परिच्छेद : दुई

# दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ दूरदृष्टि

रंगेली नगरपालिकाको इच्छा : समृद्धिका लागि गुणस्तरीय र जीवनोपयोगी शिक्षा

## २.२ लक्ष्य

शिक्षामा सबै बालबालिकाको पहुँच, समता र सक्षमता कायम गरी गुणस्तरीय र जीवनोपयोगी शिक्षा प्रदान गर्ने वातावरण सुनिश्चित गर्ने ।

## २.३ उद्देश्य

रंगेलि  नगरपालिकाले शिक्षामा सबै बालबालिकाको पहुँच, समता र सक्षमता कायम गरी गुणस्तरीय र जीवनोपयोगी शिक्षा प्रदान गर्ने लक्ष्य राखेको छ। उक्त लक्ष्य प्राप्त गर्न निम्न उद्देश्यहरू निर्धारण गरिएका छन् :

१. शिक्षामा समान पहुँच तथा समावेशिता सुनिश्चित गर्नु

२. गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्नु

३. पूर्वप्राथमिक शिक्षालाई व्यवस्थित गर्नु

४. विद्यालयको व्यवस्थापनमा सुधार गर्नु

५. लैङ्गिक समानता र बालमैत्री वातावरण कायम गर्नु

६. शैक्षिक नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु

७. विद्यार्थीको सिकाई तथा नतिजा सुधार गर्न

८. शिक्षामा नवप्रवर्धन र अनुसन्धानात्मक कार्यको सुरुवात गर्नु

९. विद्यालयको सुशासन,  पारदर्शिता,जवाफदेहिता तथा व्यवस्थापन पक्षलाई प्रभावकारी बनाउनु

१०. आवश्यक जनशक्ति (शिक्षक, कर्मचारी) व्यवस्थापन गर्नु

## २.४ रणनीति

**रंगेली नगरपालिकाको शैक्षिक योजनाका उद्देश्यहरू पुरा गर्न देहाय बमोजिमका रणनीतिहरू अपनाइने छ :**

### *१. शिक्षामा समान पहुन्चि तथा समावेशिता सुनिश्चित गर्ने रणनीति*

- नगरपालिका क्षेत्रभित्र रहेका शहरी तथा ग्रामीण क्षेत्रका विद्यालयहरूलाई समान प्राथमिकतामा राख्दै शिक्षा केन्द्रमा पहुँच बढाउने,
- यस पालिकाका वडा स्तरमा बालबालिकाको सत प्रतिशत विद्यालय पहुँच घोषणा कार्यक्रम लागु गर्ने,

- विद्यालय व्यवस्थापन समिति, अभिभावक , समुदाय र विद्यालयसँग  सरोकार राख्ने सस्थाहरु सङ्ग सहकार्य गर्दै बालबालिकालाई विद्यालय पठाउन प्रेरित गर्ने,
- नियमित  छात्रवृत्ति  बाहेक विशेष छात्रवृत्ति तथा अनुदानको व्यवस्था गर्ने,
- बालबालिकालाई विद्यालय पठाउनु हाम्रो सामाजिक दायित्व कार्यक्रम लागु गर्ने,

## २. गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्ने रणनीतिः

- शिक्षण सिकाई प्रक्रियालाई प्रभावकारी बनाउन आधुनिकः प्रविधिको प्रयोग र नेतृत्व विकास जस्ता पक्षलाई सुदृढ गर्ने
- शिक्षकहरूको दक्षता अभिवृद्धिका लागि तालिम, कार्यशाला, गोष्ठी, सेमिनार आदिको व्यवस्था गरी, शिक्षकहरुको दक्षता अभिवृद्धि गर्ने
- स्थानीय शैक्षिक सामग्री निर्माण, प्रयोग, खरिद आदि कार्यमा सहजता प्रदान गर्ने,
- तहगत विषय शिक्षकको सुनिश्चितता गर्ने,
- विद्यालय व्यवस्थापन समिति, शिक्षक  अभिभावक संघ  गठन गरी क्रियाशील गराउने,
- विद्यालय व्यवस्थापन समिति गठन नभाएका विद्यालयमा वडाध्यक्ष, प्रधानाध्यापक तथा शिक्षा शाखाको समन्वयमा समितिकै काम गर्ने किसिमको अस्थायी प्रकृतिको समिति निर्माण गरेर  विद्यालयका समस्या हल गर्ने तर समिति गठन भएपछि अस्थायी समिति स्वत: निष्क्रिय हुने
- विद्यालयले आचारसंहिता निर्माण गर्ने र त्यसलाई लागु गर्ने,
- विद्यार्थिको विद्यालयमा नियमित सहभागिता सुनिश्चित गर्ने ।

## ३. पूर्वप्राथमिक शिक्षालाई व्यवस्थित गर्ने

- बालबालिकाको प्रारम्भिक शिक्षा सुनिश्चित गर्ने,
- एक विद्यालयः एक बाल विकास केन्द्रको अवधारणा लाग' गरी त्यसलाई निरन्तरता दिने,
- पूर्व प्राथमिक शिक्षालाई व्यवस्थित, रोचक र प्रभावकारी बनाउने,
- पूर्व प्राथमिक शिक्षामा कार्यरत शिक्षकहरूलाई शिक्षण विधि तथा सिकाई सम्बन्धी तालिमको प्रबन्ध गर्ने,
- निश्चित सिकाई उपलब्धि तयार गरी शिक्षण क्रियाकलाप गराउने,
- पोषण र बालअधिकार वारे अभिभावकलाई जानकारी गराउने,
- कक्षाकोठालाई बालमैत्री तथा बुक कर्नर सहितको र स्रोत पूर्ण बनाइने,
- बाल विकास केन्द्र विद्यालय शिक्षाको अभिन्न अङ्गका रूपमा विकास गर्ने ।

## ४. विद्यालयको व्यवस्थापनमा सुधार गर्नु ः

- विद्यालयमा प्रशासन तथा शैक्षिक व्यवस्थापनलाई मजबुत बनाउने,
- शिक्षक, विद्यार्थी, अभिभावकको नियमित संचारलाई बढाउने,

- विद्यालयको व्यवस्थापनमा सहकार्यको भावना प्रबर्द्धन गर्दै शिक्षक, विद्यार्थी र अभिभावकसंग मिलेर सुमधुर वातावरण निर्माणमा सहभागी गराउने ।

## ५. लैËिक समानता र बालमैत्री वातावरण कायम गर्नु ः

- विद्यालयमा लैङ्गिक समानता कायम गर्ने,
- सुरक्षित, समावेशी तथा बालमैत्री वातावरण निर्माण गर्ने,
- लैङ्गिक समानता कायम गर्न विद्यालयका सम्पूर्ण शिक्षकहरुलाइ जिम्मेवार बनाउने

## ६. शैक्षिक नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु

- शिक्षा ऐन, नियमावली, संविधान, स्थानीय सरकार सञ्चालन ऐन लगायत शिक्षा सम्बन्धी अधिकार, नीति तथा योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,
- आवश्यकताका आधारमा विद्यालयको नक्साङ्कन, समायोजन तथा पुनर्वितरण गर्ने,
- विद्यालयहरूको नियमित अनुगमन र सुपरीवेक्षण गरी शैक्षिक गुणस्तर कायम गर्ने,
- नगर शिक्षा ऐनलाई सामयिक परिमार्जन र सुधार गर्ने,
- दलित, अपाङ्ग तथा विपन्न वर्ग लक्षित कार्यक्रम ल्याउने ।

## ७ विद्यार्थीको सिकाई तथा नतिजा सुधार गर्नु

- शिक्षण कियाकलापलाई व्यवस्थित एवम् प्रभावकारी बनाउने,
- विद्यार्थीको सिकाई उपलब्धि र मूल्याङ्कन प्रक्रियालाई परिणाममुखी बनाउने,
- निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउने ।

## ८. शिक्षामा नवप्रर्वतन र अनुसन्धानात्मक कार्यको प्रवर्द्धन गर्ने ः

- विभिन्न शिक्षण विधिको प्रयोग, नव प्रवर्तनयुक्त र समकालीनं आवश्यकता अनुरूपका कार्यलाई व्यवस्थित गर्ने,
- मासिक रूपमा बिद्यार्थीको ल्याकत परीक्षा लिने
- वार्षिक कार्यतालिका, एकाई योजना, पाठयोजना निर्माण तथा कार्यान्वयन गर्ने तथा कार्यमूलक अनुसन्धान तथा अन्य अनुसन्धानमूलक कार्यलाई प्रोत्साहन गर्ने,
- शिक्षण क्रियाकलापलाई प्रविधिमैत्री बनाउदै नवप्रवर्तनलाई प्रोत्साहन गर्ने

## ९. विद्यालयको सुशासन, जवाफदेहिता तथा व्यवस्थापन पक्षलाई प्रभावकारी बनाउने ः

**विद्यालयको सुशासन, जवाफदेहिता तथा ब्यवस्थापन्मा प्रभावकारीता ल्याउन निम्न रणनीतिलाई कार्यान्वयनमा ल्याइनेछ।**

- विद्यालयको नेतृत्वको क्षमता बिकास कार्यक्रम
- शिक्षकको पेसागत दक्षता अभिवृद्धि कार्यक्रम
- विद्यालयको आचारसंहिता निर्माण तथा कार्यान्वयन,
- विद्यालयको शैक्षिक गतिविधिहरूको जानकारी प्रतिवेदन मासिक रूपमा सूचना प्रविधि मार्फत् नगरपालिकाले लिने प्रबन्ध:
- शिक्षा युवा तथा खेलकुद शाखा हरेक वर्ष विद्यालयको कार्य सम्पादन मूल्याङ्कन,
- कार्यसम्पादनका आधारमा उत्कृष्ट प्रधानाध्यापक, शिक्षकलाई पुरस्कार तथा निष्क्रिय शिक्षकलाई दण्डको व्यवस्था,
- हरेक विद्यालयमा परीक्षा समिति निर्माण  गरी नगर स्तरीय परीक्षा समितिसँग समन्वय ।

## २.५ कार्यनीति

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारंभिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नको लागि पहुँच र गुणस्तर वृद्धि गर्ने,
- सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुंच सुनिश्चित गर्ने
- माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता वृद्धि गरी गुणस्तरमा सुधार गर्दै विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने,
- उच्च शिक्षामा पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित, प्रतिस्पर्धी र उद्यमशील मानव संशाधनको विकास गर्ने,
- प्राविधिक तथा व्यवसायिक शिक्षामार्फत् सिप विकासमा पहुँच अभिवृद्धि गरी स्थानीय तहमा अवसर सिर्जना गर्न संयन्त्र विकास गर्ने,
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान, सिप र अभिवृत्तिको विकास गर्ने,
- गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, प्रतिबद्ध र विद्यार्थीको सिकाईप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित गर्ने,
- विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक अवस्थालाई सुदृढ  बनाउँदै विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने,
- गुणस्तरीय तथा समतामूलक शिक्षामा बालवालिकाको सहज पहुँचको आधार तयार गर्ने,
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत् विद्यार्थीको सिकाई तथा शिक्षा व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्ने,
- विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुर्‍याउने,
- विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने,
- विद्यालयका गतिविधिलाई पारदर्शी सुसूचित बनाउन सूचना अधिकारीको भूमिकालाई प्रभावकारी बनाउने,
- दैनिक जीवनसंग सम्बन्धित व्यवहारकुशल सिपहरूलाई सिकाई क्रियाकलापमा एकीकृत गर्ने,
- अन्तरसम्बन्धित सिकाई क्रियाकलापलाई रोचक र प्रभावकारी बनाउने,
- औचित्य र मापदण्डका आधारमा शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने,

- नतिजाप्रति जबाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने,
- विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाई उपलब्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्न

## २.६ अपेक्षित उपलब्धि

१. शिक्षामा समान पहुँच तथा समावेशिता सुनिश्चित भएको हुनेछ

२. गुणस्तरीय शिक्षाको प्रवर्द्धन भएको हुनेछ

३. पूर्वप्राथमिक शिक्षालाई व्यवस्थित गरिएको हुनेछ

४. विद्यालयको व्यवस्थापनमा सुधार गरिएको हुनेछ

५. लैङ्गिक समानता र बालमैत्री वातावरण कायम गरिएको हुनेछ

६. शैक्षिक नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिएको हुनेछ

७. विद्यार्थीको सिकाई तथा नतिजा सुधार गरिएको हुनेछ

८. शिक्षामा नवप्रर्वतन र अनुसन्धानात्मक कार्यको प्रवर्द्धन गरिएको हुनेछ

९. विद्यालयको सुशासन, पारदर्शिता,जवाफदेहिता तथा व्यवस्थापन पक्षलाई प्रभावकारी बनाइएको हुनेछ

१०. आवश्यक जनशक्ति (शिक्षक, कर्मचारी) व्यवस्थापन गरिएको हुनेछ

## २.७ मुख्य कार्य सम्पादन सूचक र लक्ष्य निर्धारण

१. प्रारम्भिक बालविकास र शिक्षा

२. आधारभूत शिक्षा (कक्षा १ - ८)

३. माध्यमिक शिक्षा (कक्षा ९-१२)

४. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम

५. स्नातक तह

६. शिक्षामा लगानी

| विवरण | लक्ष्य निर्धारण | | | | | |
|---|---|---|---|---|---|---|
| | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | २०८९ | |
| **१. प्रारम्भिक बाल विकास र शिक्षा** | | | | | | |
| प्रारम्भिक बालविकासमा कुल भर्ना दर (%) | ८१.३ | ८६ | ९२ | ९६ | ९९ | |
| प्रारम्भिक बालविकासको अनुभव लिई कक्षा १ मा भर्ना (%) | ६६.६ | ७५ | ८५ | ९५ | ९८ | |
| **२. आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कक्षा १ मा भर्ना भएका बालबालिकाहरूको खुद प्रवेश दर (%) | | ८६.९ | ९० | ९४ | ९६ | ९९ | |
| कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर(%) | | १२४ | १२० | ११५ | ११० | १०५ | |
| कक्षा १ -५ मा भर्ना भएका बालबालिकाहरूको खुद भर्ना दर (%) | | ९१.१ | ९३ | ९५ | ९७ | ९९ | |
| आधारभूत तह(प्राथमिक कक्षा १-५) मा कुल भर्ना दर* (%) | | १२१ | ११७ | ११३ | १०९ | १०५ | |
| कक्षा ५ को खुद प्रवेश दर (%) | | ९३.३ | ९५ | ९६ | ९७ | ९९ | |
| आधारभूत तह कक्षा ५ सम्मको टिकाउ दर(%) | | ८१ | ८५ | ९० | ९५ | ९९ | |
| आधारभूत तह कक्षा ५ प'रा गर्ने दर (%) | | ७८ | ८३ | ८७ | ९३ | ९९ | |
| आधारभूत कक्षा १ -५ तहमा ५ -९ उमेरभन्दा माथिका बालबालिका (%) | | २५.२ | २० | १५ | १० | ५ | |
| कक्षा ८ को खुद भर्ना दर (%) | | ८७.२ | ९० | ९३ | ९६ | ९९ | |
| कक्षा ८ को कुल भर्ना दर (%) | | ११२.४ | ११० | १०८ | १०५ | १०२ | |
| आधारभूत तह कक्षा ८ सम्मको टिकाउ दर (%) | | ७५.३ | ८० | ८५ | ९० | ९७ | |
| आधारभूत तह कक्षा ८ प'रा गर्ने दर (%) | | ६८.२ | ७५ | ८५ | ९५ | ९८ | |
| आधारभूत (६ -८ )तहमा १० -१२ उमेरभन्दा माथिका बालबालिका (%) | | २० | १५ | १० | ५ | १ | |
| सिकाई उपलब्धि | | | | | | | |
| कक्षा ३ | नेपाली | ५०.३२ | ५९ | ६५ | ७३ | ८० | |
| | अंग्रेजी | ५३.१६ | ५९ | ६२ | ६९ | ७७ | |
| | गणित | ५५.३९ | ६० | ६३ | ६७ | ७७ | |
| कक्षा ५ | नेपाली | ५२.८६ | ५७ | ६३ | ६८ | ७२ | |
| | अंग्रेजी | ४५.०४ | ५० | ५७ | ६३ | ७० | |
| | गणित | ६०.८५ | ६५ | ६८ | ७१ | ७५ | |
| कक्षा ८ | नेपाली | ५०.३३ | ५५ | ६० | ६५ | ७० | |
| | अंग्रेजी | ४४.३५ | ५० | ५८ | ६५ | ७० | |
| | गणित | ४८.२२ | ५३ | ५९ | ६५ | ७१ | |
| कक्षा ९ | नेपाली | ४४.६५ | ५० | ५८ | ६४ | ७० | |
| | अंग्रेजी | ४०.२८ | ४९ | ५७ | ६३ | ७० | |
| | गणित | २९ | ४० | ५० | ६० | ७० | |
| **३. माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | |
| माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | | ४५.७ | ५३ | ६० | ६५ | ७० | |
| माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर (%) | | ६८.४ | ७५ | ८३ | ९० | ९७ | |
| माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२) | | १.०५ | १.०४ | १.०३ | १.०२ | १.०१ | |
| आधारभूत तहबाट माध्यमिक तहमा स्थानान्तरण दर (%) | | ९७.७ | ९८ | ९८.५ | ९९ | ९९.५ | |
| कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये कक्षा | | ५७ | ६५ | ७० | ७५ | ८० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० मा पुग्ने दर (%) | | | | | | |
| कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये कक्षा १२ मा पुग्ने दर (%) | २२ | २७ | ३७ | ४८ | ६० | |
| माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थीमध्ये विज्ञान र प्राविधिक तथा व्यवसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी % | ४ | ६ | ८ | १० | १२ | |
| **४. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम** | | | | | | |
| प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप भएका र आर्थिक रूपले सक्रिय जनशक्ति % | १७ | २१ | २५ | २७ | ३० | |
| प्राविधिक तथा व्यावसायिक शिक्षाबाट उत्तीर्ण भई स्नातक तहमा अध्ययन गर्ने जनशक्ति % | ४ | ५ | ७ | ८ | १० | |
| **५. स्नातक तह** | | | | | | |
| ५. स्नातक तहमा नगर बाहिर अध्ययनरत विद्यार्थी प्रतिशत जम्मा | ८५ | ८२ | ८० | ७८ | ७५ | |
| ६. रंगेलीमा स्नातक तहमा भर्ना भएका विद्यार्थी संख्या | ५३ | ६० | ७० | ८० | ९० | |
| **६. शिक्षामा लगानी** | | | | | | |
| राष्ट्रिय रूपमा कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट (प्रतिशतमा) | १०.९ | १३ | १५ | १७ | २० | |
| नगरको कुल बजेटबाट शिक्षा क्षेत्रमा विनियोजित बजेट (ससर्त बाहेक) % | ५.५ | ७ | ९ | ११ | १३ | |

परिच्छेद : तीन

# विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु

## ३.१. प्रारम्भिक बालविकास र शिक्षा (Early Childhood and Education)

**परिचय**

नेपालमा प्रारम्भिक बालविकास कार्यक्रमको सुरुवात २००४ सालमा काठमाडौमा स्थापना भएको मन्टेश्वरी स्कुलबाट भएको पाइन्छ । प्रारम्भिक बालविकासको मुख्य उद्देश्य गर्भावस्थादेखि ४ वर्षसम्मका सम्पूर्ण बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि अति आवश्यक तत्वहरु राम्रो स्वास्थ्य, पर्याप्त पोषण, सुरक्षा तथा संरक्षण उत्प्रेरणा तथा सिकाई एवम संवेदनशील स्याहार उचित पालनपोषणका अवसरहरू प्रदान गर्नु हो ।
सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति, २०१८ ले पहिलो पटक पूर्व प्राथमिक शिक्षामा जोड दिएको थियो ।
वि.सं. २०२२ सालमा बाल मन्दिर स्थापना भएपछि शिशु शिक्षालाई झन बढावा दिएको पाइन्छ ।
शिक्षा मन्त्रालयले २०२५ सालदेखि शिशु कक्षासम्बन्धी पाठ्यक्रम तयार गरेको र २०२९ सालमा शिशु कक्षा व्यवस्था नियमावलीद्वारा यसलाई व्यवस्थित गरेको पाइन्छ । शिक्षा ऐन, २०२८ (संशोधन सहित) ४ वर्ष उमेर प'रा भएका बालबालिकालाई दिइने शिक्षालाई प्रारम्भिक बाल शिक्षा भन्ने बुझिन्छ । शिक्षा ऐन, २०२८ को आठौं संशोधनले वाल विकास केन्द्रलाई विद्यालय संरचनामा एकीकरण गरेपछि आधारभूत शिक्षाको परिभाषामा प्रारम्भिक बाल शिक्षालाई समेत समावेश गरिएको छ ।

राष्ट्रिय पाठयक्रम प्रारुप, २०७६ ले चार वर्षको उमेर प'रा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्नुपर्ने प्रावधान उल्लेख गरेको छ। उक्त प्रारूप अनुसार चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने कुरा उल्लेख छ । प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाई सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुर्‍याउनु र कक्षा एकमा प्रवेशका लागि तयार पार्नु रहेको छ।

### ३.१.१ वर्तमान अवस्था

रंगेली नगरपालिकाले प्रारम्भिक बालविकास र शिक्षालाई आधारभूत शिक्षाको बलियो जगको रूपमा निर्माण गर्ने उद्देश्य लिएको छ । यसका लागि बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक एवम् नैतिक पक्षको विकास गराउन आवश्यक लक्ष्य, उद्देश्य, रणनीति, प्रबन्ध आदि जस्ता कुराहरू शिक्षा योजनामा समेटिएका छन् ।

रंगेली नगरपालिकामा सामुदायिक विद्यालयतर्फ सञ्चालनमा रहेका प्रारम्भिक बालविकास केन्द्रको सङ्ख्या ४२ रहेको छ । शैक्षिक सत्र २०८१ को तथ्याङ्कअनुसार नगरपालिकामा कक्षा १ मा नवप्रवेशीमध्ये प्रारम्भिक बाल विकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत ६८.८३ रहेको देखिन्छ ।

| | | सामुदायिक | संस्थागत | धार्मिक | जम्मा |
|---|---|---|---|---|---|
| पूर्व प्राथमिक | छात्रा | ४३५ | ४४९ | ३९ | ९२३ |
| | छात्र | ४८८ | ५७३ | ४६ | ११०७ |
| | जम्मा | ९२३ | १०२२ | ८५ | २०३० |

## ३.१.२ उद्देश्य :

१. प्रारम्भिक बालविकास शिक्षामा आधारभूत शिक्षाको तयारीका लागि पहुँच बढाउनु
२. प्रारम्भिक बालविकासलाई बालमैत्री बनाउनु
३ प्रारम्भिक बालशिक्षाको क्षेत्रमा गुणस्तरताको निश्चित गर्नु।
४. प्रारम्भिक बाल शिक्षामा भौतिक पुर्वाधारको विकास गर्नु
५ बालवालिकाको सर्वाङ्गीण विकासका लागि परिवार तथा समुदायको संलग्नता सुनिश्चित गर्नु

## ३.१.३ रणनीति :

१ प्रारम्भिक वालविकासका लागि उमेरगत रुची तथा समावेशीकरणको आधारमा समतामूलक तथा गुणस्तरीय सेवा प्रदान गरिनेछ।
२. शतप्रतिशत वालविकास केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेको सुनिश्चित गरिनेछ ।
३. उमेर पुगेका बालवालिकाको भर्नाकालागि सघन भर्ना अभियान संचालन गरिनेछ ।
४. कार्यरत जन जनशक्तिको वृत्तिविकास तथा क्षमता अभिवृद्धिका कार्यक्रम संचलन गरिनेछ ।
५ शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी उपयोगी र सहज बनाउने कार्यलाई विस्तार गरिनेछ ।
६. विषयवस्तुलाई एकिकृत गरि सिकाई क्रियाकलाप संचालन गरिनेछ ।
६. वालविकास केन्द्रको भौतिक संरचना व्यवस्थित गरिनेछ ।
८ . वालप्रेरित प्रयाप्त शैक्षिक सामग्री तथा सिकाई कुना स्थापना गरिनेछ ।
९. वालविकासमा सफाखाने पानी, सरसफाइ सम्बन्धि का सेवाको बिस्तार गरिने छ ।
१०. वालवालिकाको सर्वांगीण विकासका लागि परिवार तथा समूदायको सहभागितामा अभिवृदि गरिनेछ ।
११. अन्तर बालविकास केन्द्र सिकाई आदान-प्रदान कार्यक्रम संचालन गरिनेछ ।

## ३.१.४ उपलब्धि, नतिजा, पमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes, Key Results, Major Activities and Target)

### उपलब्धी:

१.सबै बालबालिकालाई गुणस्तरिय प्रारम्भिक बालबिकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ।
२. सबै बिकास केन्द्रमा भौतिक तथा खेल सामग्री को ब्यवस्था भै बालमैतृ कक्षा संचालन भएको हुनेछ ।

### समस्याहरू

१. समूदायका बालवालिका सबै वालकेन्द्रमा भर्ना नहुनु
२.वालवालिकाको संख्या न्यून रहनु
३ अभिभावकमा चेतनाको कमी
४ सिकाई क्षेत्रको ब्यवस्था नहुनु
५.वालवालिकाको सञ्चित अभिलेख नहुन
६ बालबालिकाको मर्म अनुसार सिकाई नहुनु
७ पाठ्यक्रम र पाठ्यपुस्तक उपलब्ध नहुनु
८ नियमित सुपरिवेक्षण नहुनु
९. शैक्षिक संरचनाबाट वालविकास शिक्षा पृथक रहनु

## चुनौतीहरू

१. वालविकास केन्द्रको न्यूनतम मापदणको कार्यन्वयन
२. अभिभावकको अस्थाई बसोवास
३. बालमैतृ र अपाङ्गमैत्री भौतिक संरचना
४ राष्ट्रिय मापदण्ड अनुसार कक्षा संचालन
५.प्रारम्भीक बालविकास शिक्षाका शिक्षकहरुको पारिश्रमिक वृद्धि तथा क्षमता विकास
६. सिक्दै खेल्दैको सिद्धान्त अनुसार खेल तथा शैक्षिक सामग्रीको व्यवस्था

## प्रमुख नतिजाहरू (Key Results)

- प्रारम्भिक बालविकास तथा शिक्षा लिने सबै बालबालिकाहरूलाई एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा सहज पहुँच सुनिश्चित हुने ।
- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने ।
- सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि शिशु बाल स्याहारकर्ताको व्यवस्था सहित केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेका हुने ।
- पाठयक्रम परिमार्जन र अनुकूलनसहित कार्यान्वयन भई प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूको विकासात्मक र सिकाई आवश्यकता सम्बोधन हुने गरी गुणस्तरीय सेवा सुनिश्चित हुने ।
- भौगोलिक जटिलतामा रहेका तथा अपाङगता भएका बालबालिकालाई समेटनका लागि आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र (उद्योग, कलकारखाना) तथा घुम्ती प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम समेत विकास हुने ।
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा सबै तहका सरकार, परिवार, समुदाय, गैरसरकारी संघसंस्था र विद्यालयहरू जिम्मेवार भएको हुने ।

## ३.२ आधारभूत शिक्षा

कक्षा (१-८) सम्मलाई आधारभूत तह भनिन्छ । नेपालको संविधान, २०७२ ले अनिवार्य तथा निःशुल्क शिक्षाका रूपमा आधारभूत तहको शिक्षालाई व्यवस्था गरेको छ । साथै संविधानको निर्देशक सिद्धान्त अन्तर्गत आधारभूत शिक्षा र स्वास्थ्यको सुविधाबाट कुनै पनि नेपाली नागरिकले बञ्चित हुन नपर्ने कुरा उल्लेख गर्दै छात्रवृत्ति तथा अन्य सुविधाहरूद्वारा लक्षित समुदायलाई लाभसहितको संरक्षण गर्ने कुरा सुनिश्चित गरेको छ ।

५ देखि १२ वर्ष उमेर समूहका विद्यालय जाने बालबालिकाहरू अध्ययन गर्ने आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ । यसले व्यक्तिलाई जीवनपर्यन्त सिकाईको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक तथा आर्थिक रूपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ । नेपालको संविधानले आधारभूत शिक्षालाई व्यक्तिको मौलिक अधिकारका रूपमा लिएको हुनाले आधारभूत शिक्षामा समतामूलक पहुँच पुऱ्याई गुणस्तर सुनिश्चित गर्नु राज्यको दायित्व हो । अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी तीनओटै तहका सरकारहरूको हुने र आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुने छ ।

## ३.२.१ वर्तमान अवस्था

रंगेली नगरपालिकाको वडा नं १ देखि ९ सम्म जम्मा २७ ओटा सामुदायिक विद्यालयहरू रहेका छन् । ती विद्यालयहरूमध्ये कक्षा १–३ सञ्चालित २ ओटा, कक्षा १–४ सञ्चालित १ ओटा, कक्षा १–५ सञ्चालित ६ ओटा, १–६ सञ्चालित १ ओटा, १– ७ सञ्चालित २ ओटा, १–८ सञ्चालित २ ओटा गरी जम्मा १४ ओटा सामुदायिक आधारभूत विद्यालयहरू रहेका छन् । विद्यार्थी सङ्ख्या तपसिल बमोजिम रहेका छन् ।

| | | सामुदायिक | सँस्थागत | धार्मिक | जम्मा |
|---|---|---|---|---|---|
| आधारभूत तह | छात्रा | २९८८ | १४३५ | १०३ | ४५२६ |
| | छात्र | २९०१ | १८४० | ८५ | ४८२६ |
| | जम्मा | ५८८९ | ३२७५ | १८८ | ९३५२ |

सामुदायिक विद्यालयका आधारभूत तहमा दरबन्दीमा प्रावि १२४(स्थायी), राहत २३ निमा ५२ (स्थायी) राहत ८ शिक्षकहरू कार्यरत छन् । यस नगरपालिकामा सालाखाला शिक्षक विद्यार्थी अनुपात २०.४३ विद्यार्थी पर्न गएको छ ।

**उद्देश्यः-**

१. ५-१२ वर्ष उमेर समूहका वालबालिकालाइ -आधारभूत शिक्षारको सुनिश्चित गर्ने

२. विद्यालय शिक्षाको व्यवस्थापकीय प्रबन्धमा सुधार ल्याउने।

३. आभारभूत तहको सिकाई उपलब्धीमा वृद्धि गर्ने ।

४. निर्दिष्ट सिकाई सक्षमता हासिल गरेका विद्यार्थी लाई माध्यमिक शिक्षामा प्रवेशका लागि तयार गराउनु।

५. आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण समावेशी र सुरक्षित बनाउने

६. शिक्षालाइ गुणास्तरिय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु

**समस्याहरू**

१ विद्यालय उमेरका सबै वालवालिकाको पहुँच नहुनु

२. विद्यालय समायोजन र शिक्षक दरवन्दी मिलान हुन नसक्नु

३. आवश्यक मापदण्ड अनुसारका भौतिक पूर्वाधार नहुनु

४. संघिय शिक्षा ऐन जारी नहुनु

५. स्थानिय तहको भूमिकामा स्पष्टता नहुनु

६ कक्षा छाड्ने दर बढी हुनु

७ उत्तीर्ण हुने दर कम हुनु

८. सबै विद्यालयमा बालमैत्री, अपांगमैत्री वतावरण नहुनु

९. शिक्षाको राष्ट्रिय नीति र न्युनतम मापदण्ड जारी नहुनु

**चुनौतिहरु**

१ अनिबार्य तथा नि:शुल्क शिक्षा को प्रभावकारि कार्यन्वयन

२. बिद्यार्थीहरुको सिकाई उपलब्धि मा सुधारगरी गुणस्तरमा सुधार

३. शिक्षकहरुले लिएको तालिमको कक्षा कोठामा प्रयोग

४. आवस्यक शिक्षक दरबन्दी को ब्यवस्था गरि बिधालय मा सक्षम र योग्य शिक्षकको ब्यवस्था

५ शिक्षक तथा बिद्यार्थीमा प्रबिधिको पहुच

६. बिधालय शिक्षामा समता र समाबेसिता

७. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्नु,

८. सामुदायिक तथा निजी विद्यालयबीचको खाडल कम गर्नु, शैक्षिक सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी विद्यार्थीको सिकाई उपलब्धि अभिवृद्धि गर्नु,

९. गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षाप्रतिको आकर्षण अभिबृद्धि गर्नु,

१०. विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु,

११. विद्यालय सुपरीवेक्षण र अनुगमन तथा नियमनलाई संस्थागत र संरचनागत रूपमा विकास गर्नु आधारभूत शिक्षासंग सम्बन्धित प्रमुख चुनौतीहरू हुन् ।

## रणनीति

१ विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने ।

२. अनिवार्य तथा निशुल्क आधारभूत शिक्षाको सुनिश्चित गर्न आवश्यक नीति तथा स्रोतको ब्यवस्था गर्ने ।

३ वालवालिकाको शिक्षामा पहुँच अभिबृदि गर्न प्रोत्साहनमुलक कार्यक्रम सन्चालन गर्ने ।

४ न्यूनतम सिकाई उपलब्धी हासिल गराउन आवधिक रुपमा सिकाई मूल्याङ्कन गर्ने ।

५ विद्यालयमा वालमैत्री समाबेसि र सुरक्षित सिकाई बातावरण तयार गर्ने ।

६ सबै बिद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम आवस्यकता पुरा गर्ने ।

७ आवश्यक शिक्षक तालिम तथा प्रोत्साहनका कार्य-क्रम संचालन गर्ने ।

८.विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्स उपलब्ध गराउने ।

९. विद्यालय शिक्षालाई प्रकोप तथा संकट लगायतका परिस्थिति प्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने ।

१०. आधारभूत तहमा लागु भइरहेको स्थानीय पाठ्यक्रममा आवश्यकताअनुसार परिमार्जन तथा पाठ्यसामग्रीको विकास गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

११. प्राथमिक तहमा विद्यार्थी शिक्षक अनुपातमा बढी देखिएका दरबन्दीलाई क्रमशः व्यवस्थापन गर्न सहजीकरण गरिने छ ।

१२. शिक्षक व्यवस्थापनको कार्यलाई प्राथमिकतामा राखिनुका साथै शिक्षकको पेसागत विकास र भरपर्दो सहयोग प्रणालीको सुनिश्चितता हुने आवश्यक संयन्त्रको उचित निर्माण र परिचालन गरिने छ ।

१३. सबै विद्यालयहरूमा विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्न लगाई स्थानीय स्रोतसाधन परिचालन गरी कार्यान्वयन गर्न सहजीकरण गरिने छ ।

१४. शिक्षण संस्था र विद्यालयहरूमा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई निश्चित मापदण्डका आधारमा प्रोत्साहन गराइने छ ।

१५. आधारभूत तहको प्रारम्भिक कक्षामा लाग' भइरहेको प्रारम्भिक कक्षा पढाइ कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सहजीकरण गरिने छ ।

१६. सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाई प्रक्रियाको अभिन्न अङ्गको रूपमा एकीकृत गर्दै आधारभूत शिक्षालाई प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाइने छ ।

१७. आधारभूत तह सञ्चालन भएका विद्यालयको नतिजामूलक सूचक निर्धारण गरी अनुगमन तथा सुपरीवेक्षण गर्ने कार्यलाई प्राथमिकता दिइने छ । १८. संस्थागत विद्यालयहरूको नियमनलाई प्रभावकारी बनाउँदै संस्थागत विद्यालयबाट प्रदान गरिने शिक्षालाई सेवामूलक बनाउदै लगिने छ ।

१९. सबै विद्यालयमा कार्यसम्पादनको सुधारसहित सुशासन कायम गराउने कार्यलाई व्यवस्थित बनाउन जोड दिइने छ ।

२०. विद्यालयको शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीको समय र आवश्यकतानुसार अद्यावधिक र प्रयोग गर्ने कार्यलाई अनुमानयोग्य र वैज्ञानिक गराइने छ ।

**उपलब्धि:**

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तरमा अभिबृद्धि भएको हुनेछ ।

२. समुदायमा रहेका सबै बालवालिका विद्यालय प्रवेश गर्ने वातावरण हुनेछ ।

## ३.२.२ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes, Key Results, Major Activities and Target)

- आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुने ।
- नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने सबै बालबालिकाहरू आधारभूत शिक्षाको पहुँचमा आएको हुने ।
- आधारभूत तहमा अध्ययनरत विद्यार्थीहरूको औषत सिकाई उपलब्धि ८० प्रतिशतभन्दा माथि पुगेको हुने ।
- सबै विद्यालयहरूमा न्यूनतम भौतिक पूर्वाधार तथा सिकाई सामग्रीको उपलब्धता र आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भई बालमैत्री र समावेशी वातावरणमा सिकाई हुने ।
- विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन र पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धबाट बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुने ।
- आधारभूत शिक्षा पुरा गर्ने बालबालिकाले न्यूनतम सिकाई उपलब्धि हासिल गरेको हुने ।
- विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील हुने ।
- विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाईलाई सहयोग हुने ।
- शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने ।

### प्रमुख उपलब्धि तथा नतिजा

| क्र.सं. | सूचक | आधार वर्ष २०८०/०८१ | २०८१/०८२ | २०८३/०८४ | २०८४/०८५ | १० वर्षे अवधि |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (१–५) मा विद्यालय बाहिर रहेका बालबालिकको सङ्ख्या (प्रतिशतमा) | ७ | ४ | ३ | १ | ० |
| २ | आधारभूत तह (१–५) मा तालिम प्राप्त शिक्षकको सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै |
| ३ | न्यूनतम सिकाई सबलीकरण मापदण्ड (Minimum Enabling Conditions) पुरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | ५ | ८ | १२ | १४ | सबै |

## ३.३ माध्यमिक शिक्षा

कक्षा ९ देखि १२ सम्म दिइने शिक्षा माध्यमिक शिक्षा हो। माध्यमिक शिक्षाले मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधिको क्षेत्रका आधारभूत मूल्य-मान्यताको ज्ञान, सिप र दृष्टिकोण तथा व्यवहार आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राख्दछ। यो तहको शिक्षा कामको संसारमा प्रवेश गर्नसक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो। नेपालको संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र समेटेको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको प्रतिस्पर्धी, सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ।

### ३.३.१ वर्तमान अवस्था:

रंगेली नगरपालिकाभित्र साधारण १३ ओटा सामुदायिक विद्यालय सञ्चालनमा छन् । कक्षा १० सम्म सञ्चालित ९ र १२ सम्म सञ्चालित ४ ओटा विद्यालय छन् ।

| | | सामुदायिक | सँस्थागत | धार्मिक | जम्मा |
|---|---|---|---|---|---|
| माध्यमिक तह | छात्रा | ९१२ | १९३ | ०० | ११०५ |
| | छात्र | ७८३ | २१५ | ०० | ९९८ |
| | जम्मा | १६९५ | ४०८ | ०० | २१०३ |

सामुदायिक विद्यालयको कक्षा ९-१० मा स्वीकृत दरबन्दी २८ र राहत १५ तथा कक्षा ११-१२ मा स्वीकृत दरबन्दी २ र अनुदान कोटा ६ मा शिक्षकहरू कार्यरत छन्। एउटा विद्यालयको कक्षा ९-१० मा शून्य दरबन्दी/राहत तथा कक्षा ११-१२ मा शिक्षक अपर्याप्त छन् । यसले गर्दा पनि माध्यमिक शिक्षामा गुणस्तर सुधार हुनसकेको छैन । बहुवञ्चितिमा परेका समुदायका बालबालिकाहरूको पहुँच कम देखिन्छ। कक्षा १०, ११ र १२ का परीक्षाहरूको नतिजाले ठूलो सङ्ख्यामा विद्यार्थीहरू न्यूनतम सिकाई उपलब्धि हासिल गर्ननसकेको कारणले उच्च शिक्षाबाट समेत बञ्चित छन् ।

प्राविधिक तथा व्यावसायिक शिक्षा धारतर्फ कुनै पनि विद्यालय सञ्चालनमा रहेको छैन । तर पब्लिक माध्यमिक विद्यालयमा CTEVT अन्तरगतको तीन वर्षे डिप्लोमा इन सिभिल इन्जिनियरिङको कार्यक्रम सञ्चालनमा रहेको छ ।

नगरपालिकामा शिक्षाका कर्मचारी व्यवस्था भएपनि प्रशासनिक कार्य कै बोझ भएकोले विद्यालयको अनुगमन तथा सुपरिवेक्षण र शिक्षक सहायता प्रणाली कमजोर देखिएको छ। वर्तमान संरचना शिक्षकको पेसागत पर्याप्त सहयोग गर्ने कार्यमा पर्याप्त छैन ।

## चुनौती तथा अवसरहरू *(Challenges and Opportunities)*

- संवैधानिक व्यवस्था भएबमोजिम सबै बालबालिकाहरूका लागि निःशुल्क माध्यमिक शिक्षा सुनिश्चित गर्नु,

- माध्यमिक तहमा गुणस्तरीय रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्नु, शिक्षक विद्यार्थी अनुपात तथा विषयगत रूपमा शिक्षक दरबन्दीको व्यवस्था गर्नु,
- विद्यालयमा न्यूनतम सक्षमताको अवस्था सुनिश्चित गर्नु, सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्नु,
- शिक्षकको दक्षतामा वृद्धि र सिकाईमा प्रभावकारी ढङ्गले प्रयोग गरी सिकाई सुधार तथा डिजिटल डिभाइडलाई कम गरी भौतिक रूपमा सञ्चालन गरिने शिक्षण सिकाईको विकल्प स्वरूप अनलाइन/भर्चुअल/खुला सिकाईको अवसर सिर्जना गर्नु,

● माध्यमिक शिक्षालाई व्यावहारिक, प्रयोगात्मक, रचनात्मक, सिर्जनशील, स्वावलम्बी र रोजगारमूलक बनाउनु तथा संविधानले स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षाको समग्र व्यवस्थापनको अधिकार प्रदान गरेको सन्दर्भमा स्थानीय तहलाई उक्त अधिकार वा जिम्मेवारीलाई प्रभावकारी रूपमा सम्पादन गर्न सक्षम बनाउनु आदि प्रमुख चुनौतीका रूपमा रहेको देखिन्छ ।

### ३.३.२ उद्देश्यहरू

- माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु यस योजनाको समग्र उद्देश्य रहेको छ। यसका लागि निम्नलिखित उद्देश्य राखेको छः
- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तर अभिवृद्धि गर्नु,
- माध्यमिक शिक्षाको कक्षा छाड्ने दर घटाई टिकाउ दर बढाउनु,
- विद्यालयहरूको भौतिक एवम् शैक्षिक वातावरण सिकाईमैत्री र सुरक्षित तुल्याउनु,
- माध्यमिक विद्यालयको शासकीय र व्यवस्थापकीय पक्षमा सुधार गर्नु,
- माध्यमिक शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सुनिश्चित गर्नु,
- माध्यमिक शिक्षाको माध्यमबाट विपत र सङ्कटपूर्ण परिस्थितिप्रति उत्थानशील तुल्याउनु ।

### ३.३.३ रणनीतिहरू

यस योजनाले निर्धारण गरेका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

- माध्यमिक शिक्षामा सबै बालबालिकाको सहज पहुँच सुनिश्चित गर्न अभिभावक शिक्षा सञ्चालन गरिनेछ।
- संघीय सरकार र प्रदेश सरकारसँगको समन्वयमा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- सान्दर्भिकता र गुणस्तर विकासका लागि माध्यमिक शिक्षकहरूलाई शिक्षक शिक्षा, तालिम र शिक्षक सहायता प्रणालीमार्फत शिक्षण सिकाई पद्धतिमा सुधार गरिनेछ ।
- माध्यमिक विद्यालयहरूको भौतिक पूर्वाधार विकास गरी प्राविधिक धारतर्फ थप विषय अध्यापन गर्न प्रोत्साहित गरिनेछ ।
- माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउन विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।
- शिक्षण सिकाईमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिई डिजिटल डिभाइड कम गरिनेछ।

- शिक्षकहरूलाई निरन्तर अद्यावधिक हुन प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।सबै माध्यमिक विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमताको अवस्था (PMEC) प'रा गरी भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरिनेछ ।
- विभिन्न निकाय, गैसस र संघीय सरकार तथा प्रदेश सरकारसँगको र महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- विद्यालय विकास तथा व्यवस्थापनप्रति प्रधानाध्यापकलाई उत्तरदायी बनाई शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गरिनेछ।

## ३.३.४ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप

**क) उपलब्धि (Outcomes)**

प्रारम्भिक उमेरका सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक सिकाई तथा बालविकास शिक्षाको अवसर सुनिश्चित हुने ।

### ख) प्रमुख नतिजा (Key results)

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।
- नि:शुल्क माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई खुद भर्नादर र टिकाउ दरमा वृद्धि हुने ।
- सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड प'रा गरेको हुने।
- उत्प्रेरित शिक्षकको व्यवस्था, प्रविधिको समुचित प्रयोग र उपयुक्त सिकाई वातावरणमार्फत माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकास भएको हुने।
- भर्ना, सहभागिता, सिकाई उपलब्धिमा लैङ्गिक, समाजिक र आर्थिक लगायतका समता सूचकमा सुधार हुने
- प्रकोप, सङ्कट र महामारीको परिस्थितप्रति शिक्षा प्रणाली उत्थानशील हुने।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार भई सिकाई सहज हुने
- कार्यरत जनशक्तिको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह भई शैक्षिक सुशासन कायम हुने।

### ग) मुख्य क्रियाकलापहरू तथा लक्ष्यहरु

| क्र. स. | सूचक | आधार वर्ष २०८०/०८१ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | दस वर्षे योजना |
|---|---|---|---|---|---|---|
| | माध्यमिक तह (१–१२) मा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | ६७५ | ५०० | ४०० | १५० | ० |
| | माध्यमिक तह (९–१२) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको सङ्ख्या | ९८% | ९९% | १००% | १००% | १००% |
| | न्यूनतम सिकाई सबलीकरण मापदण्ड | १ | ५ | १० | सबै | सबै |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (Minimum Enabling Conditions)<br>पुरा गरेका माध्यमिक<br>तहका विद्यालयको सङ्ख्या | | | | | |

## ३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाई

सिकाई निरन्तर प्रक्रिया हो। यो जीवन पद्धतिसँग गाँसिकएको हुन्छ। सिकाईका माध्यम औपचारिक र अनौपचारिक हुन्छन् । अनौपचारिक शिक्षा जीवन पर्यन्त चलिरहन्छ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिप विकास, आयआर्जन जस्ता कार्यक्रमहरू अनौपचारिक शिक्षासँग सम्बन्धित हुन्छन् । पठन संस्कृतिको विकास र ज्ञानमा आधारित समाजको निर्माणका लागि अनौपचारिक शिक्षाले महत्वपूर्ण टेवा पुर्याउँछ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाई संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्ने उद्देश्य निर्धारण गरेको छ । दिगो विकासका लक्ष्य नं. ४ मा सबैका लागि गुणस्तरीय शिक्षा र आजीवन सिकाई प्रवर्द्धन गर्ने लक्ष्य निर्धारण गरेको छ। साक्षर नेपाल वर्ष, २०७६ को अवधारणापत्रले सोही वर्ष नेपाललाई साक्षर मुलुक घोषणा गर्ने लक्ष्य निर्धारण गरेको थियो।

वि.सं. २०६५ देखि साक्षरता कार्यक्रमलाई मुलुकभर अभियानका रूपमा सञ्चालन गरियो। यस नगरपालिकामा समेत सो कार्यक्रम सञ्चालन भएको थियो। घरपरिवार सर्वेक्षण, २०७५ अनुसार ५ वर्षमाथिको साक्षरता प्रतिशत महिला-६३.०५, पुरुष-८३.४७ गरी कुल ७३.६१ प्रतिशत रहेको देखिन्छ । CMIS Household Survey. २०७५ अनुसार १५ वर्षमाथिका निरक्षर जनसंख्या १०,४१९ जना रहेको देखिन्छ, जसमध्ये ६० वर्ष र सोभन्दा माथिका ३,१९४ जना रहेका छन् । सबैभन्दा बढी निरक्षर सङ्ख्या वडा नं. २. र कम वडा नं. ६ मा रहेको छ। २५ प्रतिशतभन्दा बढी निरक्षर रहेको तथ्याङ्कले देखाउँछ । प्रायः सबै निरक्षरहरू एकभन्दा बढी पटक साक्षरता कक्षामा सहभागी भइसकेका भएपनि घरायसी काम, मेलापात र सिकाईमा निरन्तरताको अभावका कारण पुनःनिरक्षर नै रहनुपरेको स्थिति देखिन्छ। विशेषगरी दलित तथा विपन्न समुदायका प्रोढहरू निरक्षर पाइन्छन् । उनीहरूमा शिक्षाप्रतिको उदासिनता, शिक्षाको महत्वको ज्ञानको अभाव र जीवन निर्वाहका लागि निरन्तर काममा व्यस्त हुनुपर्ने कारणले निरक्षरताले जरो गाडेको बुझ्न अप्ठ्यारो छैन। विगतका वर्षहरूमा अनुमति लिएका सामुदायिक सिकाई केन्द्र (Community Learning Centre) हरू निष्कृय रहेका कारण साक्षरता र निरन्तर सिकाईका लागि स्थायी संयन्त्रको अभाव देखिन्छ । संगठित रूपमा सञ्चालनमा आउन नसकेका समुदायमा आधारित संघ/संस्थाहरू समेत साक्षरताका कार्यक्रमहरूको नेतृत्व लिन संस्थागत रूपमा सक्षम छैनन् । यस कारण पनि साक्षरता अभियानका कार्यक्रमहरू निष्प्रभावी बनिरहेका छन् ।

### ३.४.१ वर्तमान अवस्था

रंगेली नगरपालिकाले आ.व. २०७६/७७ देखि नै निरक्षरता घटाई साक्षर नगर घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिरहेको छ । कोरोना महामारीका कारण दुवै वर्षको साक्षरता कार्यक्रमले पूर्णता पाउन सकेन। आगामी वर्षहरूमा समेत निरक्षरता घटाई साक्षर नगर घोषणा गर्ने कार्यक्रमलाई प्राथमिकताका साथ अभियानका रूपमा सञ्चालन नगरी गुञ्जायस देखिँदैन । २०७६ को अन्त्य र २०७८ सालको शुरूमा साक्षरता कार्यक्रमलाई निरन्तर शिक्षा तह-१ को रूपमा सञ्चालन गरियो । तर, कोभिड-१९ महामारीका कारण उत्पन्न परिस्थितिले सफल हुनसकेन । यस योजनाले रंगेली नगरपालिकाबाट निरक्षरता न्यूनीकरण गरी साक्षर नगरपालिका बन्ने सपना अझै बुनिरहेको छ। यसका लागि

तल दिइएअनुसारका उद्देश्य, रणनीति, मुख्य उपलब्धि, नतिजाको आँकलन गरी तत् क्रियाकलापहरू सञ्चालन गर्ने नीति अख्तियार गरिएको छ।

### ३.४.२ उद्देश्य

१. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाईका अवसर सुनिश्चित गर्ने
२. सामुदायिक सिकाई केन्द्रमार्फत समुदायमा विभिन्न सिपविकास तथा आयमूलक कार्यक्रम अभियानका रूपमा साक्षरता अभियान सञ्चालन गरी सबै नागरिकका लागि समावेशी, समतामूलक साक्षरता र जीवन पर्यन्त सिकाईको अवसर सुनिश्चित गर्नु,
३.साक्षरता र निरन्तर सिकाईका कार्यक्रमहरू सञ्चालन गर्न स्थायी संयन्त्रको रूपमा सामुदायिक सिकाई केन्द्रहरू सञ्चालन गर्नु,
४.सामुदायिक सिकाई केन्द्रहरूको क्षमता विकास गरी संस्थागत सुदृढीकरण गर्नु,
५.संघीय र प्रदेश सरकारबाट विकसित मापदण्ड, निर्देशिका र कार्यविधिअनुरूप साक्षरता र जीवनपर्यन्त सिकाईका कार्यक्रमहरू सञ्चालन गर्नु,
६.विद्यालय शिक्षामार्फत निरक्षरता घटाउन सहयोग गर्ने गरी साक्षरतासँग आवद्ध आन्तरिक विद्यार्थी मूल्याङ्कन पद्धतिको विकास गर्नु,
७.अभियानका रूपमा साक्षरता कार्यक्रम सञ्चालन गरी नगर क्षेत्रबाट निरक्षरता निर्मूल पार्नु र साक्षर नगर घोषणाको लागि आधार तयार गर्नु।

### ३.४.३ रणनीति

१. सामुदायिक सिकाई केन्द्रलाई आधारभूत सुविधासम्पन्न पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ एम सञ्चालन र सेवाप्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाईको थलोका रूपमा विकास गर्ने

२. सामुदायिक सिकाई केन्द्र, विद्यालय, स्थानीय संघसंस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गर्ने

३. सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाई मोडुल र भाषिक विविधताअनुरूपका सामग्रीको प्रयोग गर्ने

४. सरोकारवालासँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयको सुदृढीकरण गर्ने

५. सामुदायिक सिकाई केन्द्र मार्फत विभिन्न सिप विकास र आयआर्जन तथा सिपमूलक कार्यक्रम सञ्चालन गर्ने

६. अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान तथा सिपहरूको परीक्षण र प्रमाणीकरण गरी राष्ट्रिय योग्यता प्रारूपले गरेको व्यवस्थाबमोजिम प्रमाणपत्रको व्यवस्था मिलाउने

## ३.५ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम

### ३.५.१ वर्तमान अवस्था

प्राविधिक तथा व्यावसायिक शिक्षा रोजगारीका अवसरहरूको सिर्जना रङ्गेली नगरपालिकाको विकास तथा देशको समृद्धिको आधार हो। यस क्षेत्रको विकास र विस्तारको क्रममा हाल प्राविधिक शिक्षा तथा तालिम परिषदबाट सञ्चालित कार्यक्रमहरू विद्यालय तहको कक्षा ९ देखि १२ सम्मको प्राविधिक धारमा आधारित माध्यमिक शिक्षा र विविध क्षेत्रमा व्यावसायिक तथा सिप विकासमा आधारित तालिमहरू सञ्चालनमा रहेका छन्। प्राविधिक तथा

व्यावसायिक शिक्षा तालिमको विकास र विस्तारको क्रममा संघीय व्यवस्था बमोजिम संघमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मातहतमा रहनेगरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको व्यवस्था गरिएको छ। यसैगरी अन्य श्रम तथा रोजगार उद्योग लगायतका मन्त्रालयहरू बाट समेत यस सम्बन्धी विभिन्न तालिम कार्यक्रमहरु सञ्चालनमा रहेका छन् ।

हाल देशभरि आङ्गिक साझेदारी परिषद् सँग सम्बन्धन लिएका सामुदायिक विद्यालय र निजी संस्थाहरूले डिप्लोमा प्रमाणपत्र तह र प्राविधिक एसएलसी तथा छोटो अवधिको सिपमूलक तालिम सञ्चालन गरिरहेका छन् । यस नगरपालिका भित्र एउटा परिषद् संग सम्बन्धन लिएर प्राविधिक डिप्लोमा सिभिल इन्जिनियरिङ सञ्चालन भइरहेको छ। यसबाट उत्पादन हुने जनशक्तिको लागि स्थानीय स्तरमा विभिन्न क्षेत्रमा रोजगारीको अवसर प्रदान गरेको छ ।

स्थानीय तहले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको क्षेत्रमा प्राविधिक डिप्लोमा इन सिभिल इन्जिनियरिङ पढ्नको लागि हाल नगरपालिकाले १८ वटा कोटा स्थानीयबासीहरूको लागि छात्रवृत्ति उपलब्ध गराएको छ। जसले गर्दा स्थानीयबासीहरू लाभान्वित भएका छन् । हाल यो नगरपालिकाभित्र प्राविधिक धारका सामुदायिक विद्यालय कक्षा ९ -१२ सञ्चालनमा छैन ।

**प्रमुख समस्या तथा चुनौतीहरू**

१) प्राविधिक शिक्षालय योजनाबद्ध रूपमा सञ्चालन गर्न नसक्नु
२) कार्यक्रमको लक्षित कोटा अनुसारका विद्यार्थी उपलब्ध नहुनु
३) उत्पादित जनशक्ति र श्रमबजरको माग बीचको तालमेल नहुनु ।
४) छोटा अवधिका तालिम प्रदायक संस्थाहरूको व्यवस्थापन र नियमनको कमी।
५) प्राविधिक शिक्षातर्फ दक्षप्रशिक्षक र जनशक्तिलाई टिकाई राख्न नसकिने।

### ३.५.२ उद्देश्यहरू

१) प्राविधिक धार अन्तर्गत सञ्चालन रहेको सामुदायिक विद्यालयको संस्थागत विकास गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु।

२) प्राविधिक धार अन्तर्गत कक्षा ९-१२ सञ्चालन गर्नु

३) सबै नागरिकका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसर सुनिश्चित गर्नु।

४) प्राविधिक तथा व्यावसायिक शिक्षा तालिमको क्षेत्रमा उत्पादन हुने जनशक्तिको लागि स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारी उपलब्ध अवसर गराउने

५) स्थानीय स्तरमा उपलब्ध दक्ष जनशक्तिलाई प्रमाणीकरण प्रक्रिया अपनाई प्रमाणपत्र दिने र त्यस्तो दक्ष जनशक्तिलाई प्राविधिक शिक्षाको प्रशिक्षकको रुपमा प्रयोग गर्ने ।

### ३.५.३ रणनीति

माथि उल्लेखित उद्देश्य हासिल गर्नको लागि स्थानीय तहले अपनाउनुपर्ने रणनीतिहरू यसप्रकार छन्।

**१) रोजगारी र उद्यमशीलता विकास गर्नका लागि प्राविधिक एवं व्यावसायिक शिक्षा र तालिमको विस्तार गर्ने**

क) हाल भएको प्राविधिक शिक्षालयको नक्साङ्कन गरी प्रोफाइल तयार गर्ने

ख) प्राविधिक शिक्षालयमा दिँदै आएको छात्रवृत्तिलाई निरन्तर रूपमा राख्ने र यो छात्रवृत्ति दलित अपाङ्ग तथा विपन्न वर्गको पहुँचसम्म सुनिश्चित गर्नको लागि पनि उपलब्ध गराउने।

ग) प्राविधिक शिक्षाको सञ्चालन संघीय र प्रदेश सरकारसँगको सहकार्यमा गर्ने ।

**२) प्राविधिक धार अन्तर्गत कक्षा ८-१२ सञ्चालन गर्न प्रबन्ध मिलाउने ।**

**३) माग मा आधारित छोटो र लामो अवधिका सिपमूलक एवं उद्यमशीलता तालिम सञ्चालन गर्ने ।**

क) ज्ञान तथा सिपमा आधारित भई छोटा अवधिका तालिम दिने प्रबन्ध मिलाइनेछ।

ख) नगरभित्र आवश्यक निम्न मध्यम स्तरको जनशक्ति निर्माणमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपसम्बन्धी छोटो र लामो अवधिका कार्यक्रम सञ्चालन गरिनेछ।

ग) नगरमा आवश्यक पर्ने सिपयुक्त जनशक्ति विकासको लागि नियमित तालिम तथा शैक्षिक कार्यक्रम सञ्चालनका लागि समन्वय गरिनेछ ।

४) उत्पादित जनशक्तिलाई स्थानीय तहमै रोजगारीको अवसर प्रदान गर्न श्रम बैंक स्थापना गर्ने र विदेशबाट सिप सिकेर फर्केका जनशक्तिलाई समेत उक्त बैंक मार्फत प्रयोग गर्ने व्यवस्था नगरमा स्थापना हुने इकाइले गरिनेछ।

५) स्थानीय स्तरमा उपलब्ध दक्ष जनशक्तिलाई प्रक्रिया पुर्‍याएर प्रमाणपत्र उपलब्ध गराई सो जनशक्तिलाई प्राविधिक शिक्षाको प्रशिक्षकको रूपमा प्रयोग गर्ने व्यवस्था मिलाइनेछ।

**उपलब्धि : प्रमुख उपलब्धिहरू यसप्रकार छन्:-**

१) सिप विकास

क) विभिन्न प्राविधिक र व्यावसायिक तालिम मार्फत व्यक्तिहरूलाई व्यावसायिक सिपप्रदान गरिनेछ।

ख) कृषि पर्यटन निर्माण मेकानिक्स स्वास्थ्य आदि क्षेत्रमा दक्ष जनशक्ति उत्पादन हुनेछ।

२) रोजगारीको अवसर

क) तालिम प्राप्त व्यक्तिहरू घरेलु तथा वैदेशिक रोजगारीमा सजिलै समावेश हुनसक्ने छन्।

ख) स्वरोजगारमा प्रेरित भएर धेरैले आआफ्नो व्यवसाय सुरु गर्नेछन् ।

३) औद्योगिक विकासमा सहयोग तालिम प्राप्त जनशक्तिको योगदानले नगरपालिकाको साना तथा मझौला उद्योगहरूमा दक्ष श्रमिकको आवश्यकता पूर्ति हुनेछ।

४) समावेशी विकास महिला दलित जनजाति विपन्न वर्ग तथा अन्य पछाडि परेका समुदायहरूलाई लक्षित तालिम हरू दिइनेछन् जसले समाजिक समावेशितालाई प्रोत्साहन गरिनेछन् ।

५) प्रवासमा प्रतिस्पर्धात्मक क्षमता वैदेशिक रोजगारीमा जाने नेपाली कामदारहरूको दक्षता बढाएर उनीहरूको आम्दानी र सुरक्षामा सकारात्मक उपलब्धि हुनेछ ।

परिच्छेद : चार

# अन्तरसम्बन्धित विषय तथा क्षेत्र

विभिन्न अन्तरसम्बन्धित विषय तथा क्षेत्र (Cross-cutting Subjects and Areas) ले विद्यालय शिक्षाको योजनामा अपेक्षित परिणाम हासिल गर्न सक्षम बनाउने कारकका रूपमा काम गरेका हुन्छन् । शिक्षा योजनामा पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामग्री तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन तथा पेसागत विकास, समता तथा समावेशीकरण स्वास्थ्य, पोषण तथा दिवाखाजा, आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा, शिक्षामा सूचना तथा सञ्चार प्रविधि, विद्यालय भौतिक विकास जस्ता अन्तरसम्बन्धित विषयहरू महत्वपूर्ण हुन्छन् । यी अन्तरसम्बन्धित विषयको समग्रमा विश्लेषण गरी योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग तिनीहरूको अन्तरसम्बन्धका बारेमा थप स्पष्ट पार्न आवश्यक छ ।

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामग्री तथा मूल्याङ्कन

**परिचय**

शैक्षिक क्षेत्रको मूल दस्तावेज भनेको पाठ्यक्रम हो । पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक, शिक्षक निर्देशिका लगायतका सिकाई सामग्रीहरू तयार गरिन्छन् । यो शिक्षण सिकाई क्रियाकलापलाई मार्ग प्रशस्त गर्ने महत्त्वपूर्ण दस्तावेजका रूपमा विद्यालय शिक्षा आधार स्तम्भ हो । पाठ्यक्रमले विषयवस्तुहरूलाई समावेश गर्दा राष्ट्रिय मूल्य, मान्यता र वैयक्तिक विविधतालाई सम्बोधन गर्ने गरी तयार गरिएको हुनुपर्छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेका पाठ्यक्रम विकासका आधारभूत सिद्धान्तहरूलाई ख्याल गर्दै पाठ्यक्रम सामूहिक र प्रभावकारी बनाइरहनका लागि आवश्यक नीतिहरू तर्जुमा गरिरहनु पर्ने हुन्छ । पाठ्यक्रमलाई कार्यान्वयन गर्न र एकआपसमा तालमेल गर्न आवश्यक सिप र दक्षताको विकास गर्नुपर्ने हुन्छ । साथै पाठ्यक्रमले पुर्ख्यौली ज्ञान, सिप र प्रविधिको उपयोग गरी वर्तमान विश्व परिप्रेक्ष्यमा विकसित सूचना तथा प्रविधिसँग प्रतिस्पर्धा गर्नसक्ने सिपको समेत खोजी गर्नुपर्छ । मूल्याङ्कन पद्धतिमा विविधता ल्याई बालकको सिकाई स्तर सुनिश्चित गर्नुपर्दछ । मानवीय आवश्यकता, बालबालिकाको रुचि, सामाजिक मूल्यमान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञानका क्षेत्रहरूलाई समेट्ने खालको गतिशील र लचिलो पाठ्यक्रम विकास गरिनुपर्छ ।

### ४.१.१ वर्तमान अवस्था

नेपालमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा सर्वप्रथम विद्यालय तहमा आवश्यक जगहरूसहित पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत प्रबन्धका रूपमा शिक्षा

मन्त्रालय अर्न्तगत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो । पाठ्यकम विकास केन्द्रको संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने कार्य केन्द्रद्वारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोही अनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरू गरियो । यसै क्रममा वि.सं.२०७६ सालमा नयाँ पाठ्यक्रम प्रारूप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरू गरिएको र वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १ देखि १२ सम्म यो पाठ्यक्रम कार्यान्वयन गरिएको छ ।
राष्ट्रिय पाठ्यकम प्रारूप, २०७६ ले आधारभूत तह (कक्षा १ देखि ८ सम्म) मा स्थानीय पाठ्यकमको व्यवस्था गरेको छ । सोही व्यवस्थालाई कार्यान्वयन गर्ने सन्दर्भमा २०७९ सालमा “हाम्रो रंगेली” नामक स्थानीय पाठ्यक्मको विकास गरिएको थियो ।

पाठ्यकमले शिक्षकलाई शिक्षण गर्न खाका प्रदान गर्छ । उक्त पाठ्यकम सबै विद्यार्थीहरूसँग पुगेको हुँदैन र शिक्षकलाई समेत शिक्षण कियाकलाप सञ्चालन गर्न पाठ्यपुस्तक नहुँदा कठिनाई हुन्छ । पाठ्यपुस्तक विद्यार्थी र शिक्षक दुवैका लागि महत्त्वपूर्ण र सजिलो सिकाई सामग्री हो । त्यसैले रंगेली नगरपालिकाले पनि स्थानीय पाठ्यकममा आधारित पाठ्यपुस्तक लेखन कार्य थालनी गरेको छ । पहिलो पटक कक्षा १ देखि ५को लागि “हाम्रो रंगेली” नामक स्थानीय विषयको पाठ्यपुस्तक लेखन कार्य २०८१ पौषमा सम्पन्न भएको छ । दोस्रो चरणको लागि कक्षा ६ देखि ८ सम्मका स्थानीय विषय अन्तरगतको हाम्रो रंगेली पाठ्यपुस्तकको लेखन कार्य पनि सम्पन्न भइसकेको छ ।

**अवसर**

- राष्ट्रिय पाठ्यकम प्रारूप, २०७६ अनुसार सबै कक्षाका पाठ्यकम र पाठ्यपुस्तक परिमार्जन कार्य सम्पन्न हुनु,
- सबै विद्यार्थीलाई निशुल्क पाठ्यपुस्तक समयमै उपलब्ध हुनु,
- कक्षा १ देखि कक्षा ८ सम्मकै स्थानीय पाठ्यकम निर्माण हुनु,
- पाठ्यपुस्तक लेखन कार्य सम्पन्न हुनु,

**चुनौती**

- सबै कक्षाका पाठ्यकमको प्रबोधीकरण कार्यकम सञ्चालन हुन नसक्नु,
- नयाँ नियुक्ति भएर आउने शिक्षकहरूलाई पाठ्यकम पाठ्यपुस्तकसम्बन्धी तालिम नहुनु,
- कक्षा - ८ को स्थानीय पाठ्यकममा आाधारित पाठ्यपुस्तक लेखन कार्य सम्पन्न भए पनि प्रकाशन भएर विद्यार्थीहरूको हातमा पुग्न नसक्नु,
- अन्य कक्षाहरूको स्थानीय पाठ्यकममा आाधारित पाठ्यपुस्तक लेखन कार्य हुन नसक्नु ।

### ४.१.२ लक्ष्य (Goal_

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा जीवनोपयोगी ज्ञान, सिप र अभिवृत्तिको विकास गराई सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार गर्ने ।

### ४.१.३ उद्देश्य (Objectives)

१. पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
२. पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण दिनु,
३. सिकाईलाई दैनिक जीवनसँग सम्बन्धित गराउनु,

४. पाठ्यक्रममा आधारित शिक्षण सिकाईद्वारा स्थानीय र आधुनिक विश्व परिवेशअनुसार सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु,
५. सिकारुका सिकाई समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,
६. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु ।

### ४.१.४ रणनीतिहरू (Stratigies)

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र तदानुसारका पाठ्यक्रमको कार्यान्वयन गरिने,
२. विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधीकरण गरिने,
३. पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गरिने,
४. विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गरिने,
५. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाई सामग्री, स्वाध्ययन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरिने,
६. शिक्षकको पेसागत सक्षमता विकास गरिने,
७. सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिने,
८. माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गरिने,
९. विद्यालयमा आधारित सहयोग पद्धति विकास गरिने,
१०. सहपाठी सिकाई समूह गठन गरी कमजोर सिकाई क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाइने,
११. शिक्षण सिकाईमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइने,
१२. स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गरिने,
१३. विद्यार्थीको सिकाई उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गरिने,
१४. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाईको अभिन्न अङ्गको रूपमा प्रयोग गरिने ।

### ४.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य (Outcomes, Key Results, Major Activities and Targets)

**क) उपलब्धिः**

१. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सिर्जनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाईप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार हुने छ ।
२. पाठ्यक्रममा आधारित शिक्षण सिकाईद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुने छ
३. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुने छ ।
४. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाई उपलब्धिमा सुधार आएको हुने छ ।

**ख) प्रमुख नतिजाः**

१. पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुने छ ।
२. पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध हुनगई सिकाई दैनिक जीवनसँग सम्बन्धित हुने छ
३. पाठ्यक्रममा आधारित शिक्षण सिकाईद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण भएको हुने छ ।
४. सिकारुका सिकाई समस्याको समाधान निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन गरिने छ ।
५. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गरिने छ ।
६. पाठ्यक्रम अभिमुखीकरणको व्यवस्था हुने छ ।

७. शिक्षक तालिम, क्षमताअभिवृद्धि कार्यक्रम सञ्चालन हुने छ ।
८. शिक्षक पेसागत विकासका लागि सहयोग प्रदान गरिने छ ।
९. कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कनलाई व्यवहारिक तथा प्रभावकारी बनाइने छ ।
१०. आवधिक विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित बनाइने छ ।
११. डिजिटल सामग्रीको प्रयोग गर्न सक्षम भइने छ ।
१२. सूचना तथा सञ्चार प्रविधिको प्रयोग हुने छ ।

१३. निःशुल्क पाठ्यपुस्तक वितरण कार्य सम्पन्न हुने छ ।
१४. स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गरिने छ ।
१५. आवश्यकताअनुसार माध्यम भाषाका रूपमा मातृभाषाको प्रयोग गर्न सकिने छ ।
१६. सुपरिवेक्षण तथा अनुगमनलाई तीव्रता दिइने छ ।
१७. परीक्षा, व्यवस्थापन, सञ्चालन तथा उत्तरपुस्तिका परीक्षण कार्य पाठ्यक्रम तथा यससँग सम्बन्धित अन्य नियमानुसार गरिने छ ।

### ग) नतिजा तथा परिमाणात्मक लक्ष्य

| क.सं. | सुचक | आधार वर्ष २०८१/८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु' गरेका विद्यालय संख्या | २७ | सबै | सबै | सबै | सबै | सबै |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय संख्या | २७ | सबै | सबै | सबै | सबै | सबै |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | ० | १ | २ | ३ | ४ | ५ |
| ४ | निरन्तर विद्यार्थी मूल्यांकन गर्ने विद्यालय | २७ | सबै | सबै | सबै | सबै | सबै |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्वन्धी सामग्री प्रयोग गर्ने विद्यालय संख्या | ० | ३ | ५ | ८ | १२ | सबै |

### घ) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क. सं. | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनका लागि शिक्षक तालिम सञ्चालन | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| २ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्यांकन | सबै कक्षा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | कक्षा १-८ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | निर्देशिका, कार्यविधि तथा मार्गदर्शन विकास तथा परिमार्जन तथा एकीकरण र अभिमुखीकरण | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | विद्यार्थी मूल्याङकन मापदण्ड विकास (आन्तरिक, प्रयोगात्मक,वाह्य) अन्तर्गत नमूना साधन विकास, कक्षाकोठामा आधारित परीक्षण तथा मूल्याङकनका आधार तथा नमूना विकास र प्रवोधीकरण (पृष्ठपोषण र अभिलेखीकरण_ | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ६ | नयाँ पाठयक्रममा आधारित शिक्षक तालिम तथा सहायता | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रणाली मार्फत शिक्षकको क्षमता विकास | | | | | | | | | |
| ७ | आधारभूत तथा माध्यमिक तहमा सार्वजानिक परीक्षा प्रणाली सुधारका लागि क्षमता विकास गन | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ८ | मातृभाषाका पाठयक्रम तथा पाठयसामग्री विकास, समायोजन तथा कार्यान्वयन | १ | १ | २ | ३ | ४ | ५ | | ५ | |
| ९ | स्थानीय तहबाट स्थानीय आवश्यकता अनुसार मातृभाषाका पाठयपुस्तक र सन्दर्भ सामग्री सम्पादन प्रकाशन र वितरण सम्बन्धी कार्य गरिने | १ | १ | २ | ३ | ४ | ५ | | ५ | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

**परिचय**

आज संसारभरका शैक्षिक संस्था, तिनीहरूमा आवद्ध जनशक्ति, बाहिर रहेको बौद्धिकवर्ग, नीतिनिर्माणका अगुवा, शिक्षाविद सबैको विचारमा शैक्षिक क्षेत्रमा असल र गुणस्तरीय शिक्षाको वाहक शिक्षक नै हो । शिक्षणलाई पेशाका रूपमा विकास गर्नका लागि नीतिनिर्माण कार्य महत्वपूर्ण पक्ष हो, तर आज हाम्रो देशको सन्दर्भमा एकद्वार प्रवेश प्रणाली नहुँदा विद्यालयमा थुप्रै प्रकृतिका शिक्षकहरू हुनुहुन्छ । आज हाम्रा शैक्षिक संस्थाहरूमा सम्बद्ध जनशक्तिमा ज्ञान, सिपको अभिवृद्धि गर्नुपर्ने वर्तमान आवश्यकता हो । आजका दिनमा विद्यालयमा विद्यार्थीहरूको अनुपातमा जनशक्ति व्यवस्थापन छैन । विषयगत शिक्षकको अभाव छ । वर्तमान अवस्थामा गाउँगाउँमा विद्यालयहरू छन तर विषयगत शिक्षकको अभाव, र सूचना प्रविधि सिपयुक्त जनशक्तिको अभाव हुनु, एकीकृत पाठयक्रम (१-३) को मर्म अनुसार रुब्रिक्स निर्माण गरी मूल्याङकन गर्न सक्ने जनशक्ति नहुनु, Paper-pencil Test मा मात्र सीमित रहेर Project base मा आधारित भई कार्य सम्पादन गर्न सक्ने जनशक्ति नहुनु जस्ता चुनौतीहरू हाम्रा सामुन्नेमा छन । रंगेली नगरपालिकामा एउटा निश्चित भौगोलिक दुरीभित्र विद्यालयहरू प्रशस्तै छन । त्यसैले हिजोआज खोजेर पढन जानेभन्दा पनि रोजेर शैक्षिक संस्थामा जाने अवसर प्राप्त भएका छन । संस्थागत विद्यालयहरू पनि प्रतिस्पर्धामा देखिन थालेका छन । शिक्षकको पेशागत विकासको लागि प्रशस्त वैकल्पिक उपायहरू सिर्जना भएका छन । शिक्षण पेशाबाट अवकाश प्राप्त र क्याम्पसमा अध्यापन गर्ने बौद्धिक जनशक्ति पनि समाजमा प्रशस्त छ । शिक्षक व्यवस्थापनका सन्दर्भमा हाम्रो पालिकामा यी र यस्ता अवसरहरू सिर्जना भएकाले यो १० वर्षे शिक्षा योजना निर्माण गर्न सहज भएको छ ।

### ४.२.१ वर्तमान अवस्था

रंगेली नगरपालिकामा रहेका २७ ओटा सामुदायिक विद्यालयहरूमा कूल २५५ शिक्षक कार्यरत हुनुहुन्छ । तहगत रूपमा हेर्दा पूर्व प्राथमिक तहमा ४२ प्राथमिक तह स्वीकृत दरबन्दीमा १२४, प्रावि राहत २३ निम्न माध्यमिक तह स्वीकृत दरबन्दीमा ५२, नि.मा.वि राहत ८, माध्यमिक तह स्वीकृत दरबन्दीमा २८, मा.वि. राहत १५, उच्च मा.वि. स्वीकृत दरबन्दी २, उ.मा.वि. अनुदान ६ जना शिक्षक जनशक्ति राज्यबाट सुविधा प्राप्त गर्ने गरी कार्यरत हुनुहुन्छ । त्यसैगरी मा.वि. नगर अनुदान १६, नि.मा. नगर अनुदान २, प्रा.वि. नगर अनुदान ३ गरी जम्मा २१ जना नगरपालिका स्रोतबाट तलब खाने गरी कार्यरत रहनु भएको छ । पाठयक्रमसँग सम्वन्धित विषयवस्तुमा शिक्षकलाई पुनर्ताजगी तालिम दिने गर्ने काम नगरपालिकाले गर्ने गरेको छ । केही प्राथमिक तथा माध्यमिक विद्यालयहरूमा कक्षा अनुसार शिक्षक पुगेको देखिदैन । नगरभित्रका १३ ओटा माध्यमिक विद्यालयहरूमध्ये ११ ओटा माध्यमिक विद्यालयमा विषयगत शिक्षक अपर्याप्त छन ।

**अवसर**

- शिक्षक सेवा आयोगले हरेक वर्ष शिक्षकको खुल्ला विज्ञापन गरेर स्थायी शिक्षकको आपूर्ति गर्नु,
- नगरमा दक्ष शिक्षक उपलब्ध हुनु,
- शिक्षकको पेशागत विकासका वैकल्पिक अवसरहरू सिर्जना हुनु,
- करार शिक्षक समयमा नै नगरबाट परीक्षा गराई नियुक्ति हुनु

**चुनौती**

- धेरैजसो विद्यालयमा विषयगत शिक्षकको अभाव हुनु
- तालिममा सिकेका कुरा र विधिलाई कक्षा कोठामा पुऱ्याउन कठिनाई हुनु
- शिक्षकलाई पुरस्कार र दण्डको प्रणाली विकास र कार्यान्वयन गर्नु
- शिक्षकलाई विद्यार्थीको सिकाई उपलब्धि प्रति जिम्मेवार बनाउनु
- शिक्षकको शिक्षण कार्यको प्रभावकारी सुपरिवेक्षण र पृष्ठपोषण दिने संयन्त्र निर्माण गर्नु

### ४.२.२ लक्ष्य (Goal)

गुणस्तरीय शिक्षाका लागि योग्य, व्यवसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाईप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित गर्ने ।

### ४.२.३ उद्देश्य (Objectives)

१. सक्षम शिक्षक आपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गर्नु,

२. शिक्षक नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु,
३. विषयवस्तुमा निपूर्ण शिक्षकको सुनिश्चितता गर्नु,
४. सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु,
५. सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
६. शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,
७. तहगत, कक्षागत, तथा विषयगत रूपमा शिक्षकको व्यवस्थापन गर्नु ।

### ४.२.४ रणनीतिहरू (Stratigies)

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गरिने,
२. रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिने ३. प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकास सम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइने,
४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाई समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा मेन्टरिङ पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने,
५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिने,
६. शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाई सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिने,
७. शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाईमा कुनै अवरोध नहुने पद्धति विकास गरिने ।
८. अस्थायी शिक्षक नियुक्ति प्रक्रियालाई पारदर्शी, छिटोछरितो र निष्पक्ष बनाउने,

९. शिक्षक बैङ्कको व्यवस्था गरी शिक्षक सुत्केरी बिदा र लामो अवधिको बिरामी बिदामा रहँदा विद्यालयको पठनपाठन सहज बनाउने,
१०. नगरमा सङ्गीत तथा नृत्य शिक्षक, खेल शिक्षक, योग शिक्षकको व्यवस्था गरी सबै विद्यालयहरूमा घुम्ती सेवा प्रदान गर्ने,
११. नगरमा आइसिटी प्राविधिकको व्यवस्था गरी विद्यालयहरूका कम्प्युटर प्रिन्टर आदिमा मर्मत तथ सहजीकरण सेवा उपलब्ध गराउने ।

## ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य (Outcomes, Key Results, Major Activities and Targets)

**क) उपलब्धिः**

१. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सिर्जनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाईप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार हुने छ ।
२. पाठ्यक्रममा आधारित शिक्षण सिकाईद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुने छ
३. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुने छ ।
४. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाई उपलब्धिमा सुधार आएको हुने छ ।

**ख) प्रमुख नतिजाः**

१. पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुने छ ।
२. पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध हुनगई सिकाई दैनिक जीवनसँग सम्बन्धित हुने छ
३. पाठ्यक्रममा आधारित शिक्षण सिकाईद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण भएको हुने छ ।
४. सिकारुका सिकाई समस्याको समाधान निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन गरिने छ ।
५. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गरिने छ ।
६. पाठ्यक्रम अभिमुखीकरणको व्यवस्था हुने छ ।
७. शिक्षक तालिम, क्षमताअभिवृद्धि कार्यक्रम सञ्चालन हुने छ ।
८. शिक्षक पेसागत विकासका लागि सहयोग प्रदान गरिने छ ।
९. कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कनलाई व्यवहारिक तथा प्रभावकारी बनाइने छ ।
१०. आवधिक विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित बनाइने छ ।
११. डिजिटल सामग्रीको प्रयोग गर्न सक्षम भइने छ ।
१२. सूचना तथा सञ्चार प्रविधिको प्रयोग हुने छ ।

**ग) प्रमुख क्रियाकलाप र लक्ष्यः**

१ शिक्षक नियुक्ति र सरूवा विधिमा आधारित
२ अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका तयारी,
३. अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धि,
४. नियमित शिक्षण सिकाई सुनिश्चित गर्न मापदण्डको विकास गर्ने,
५. कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने,
६. उपचारात्मक शिक्षण पद्धति लाग' गर्ने,
७. निरन्तर विद्यार्थी मूल्याङ्कन,
८. परीक्षाको नतिजा विश्लेषण,
९. शिक्षकले शिक्षण सिकाई क्रियाकलापमा बिताउने समय वृद्धि,
१०. विद्यालयमा आधारित सुपरिवेक्षण तथा सहयोगका लागि क्षमता विकास,

११. शिक्षकहरूलाई निरन्तर पेसागत विकासको अवसर,
१२. असल अभ्यासको अवलोकन भ्रमण,
१३. सिकाई आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालीकरण,
१४. विज्ञ समूहको गठन,
१५. सहपाठी कक्षा अवलोकन,
१६. छोटो अवधिको शिक्षक तालिम,
१७. कार्यसम्पादन मूल्याङ्कन,
१८. प्रधानाध्यापकको व्यवस्था,
१९. शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण भई विषयगत र कक्षागत शिक्षकको उपलब्धता

**घ) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क.सं. | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| शिक्षकको पेसागत आकर्षण र नियुक्ति | | | | | | | | | |
| १ | शिक्षकहरूका निम्ति कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधाका निम्ति वस्तुनिष्ठ मापदण्ड बनाई कार्यान्वयन गरिने | शिक्षक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| २ | नगरपालिकाका सबै शिक्षकको स्वास्थ्य बिमा अनिवार्य गरिने | सबै शिक्षक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| ३ | सरुवा र बढुवालाई पूर्वानुमानयोग्य र वस्तुनिष्ठ बनाउने गरी कार्यविधि निर्माण एवम् अद्यावधिक गरिने | कार्यविधि | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| ४ | अस्थायी तथा प्रदेश र स्थानीय तहबाट दरबन्दी सिर्जना गरी नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण गरी कार्यान्वयन गरिने | कार्यविधि | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पुर्ण कार्यन्वयन | संघ र प्रदेश सरकारसँग सहकार्य |
| ५ | स्थानीय तहबाट प्रअ भत्ता, यातायात, खाजा खर्च, सञ्चार खर्च आदिको व्यवस्था गरेर शिक्षकको सेवा सुविधालाई अझै आकषर्क बनाउने | शिक्षक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| ६ | बालविकासका शिक्षक र विद्यालयका कर्मचारीलाई कम्तिमा एउटा शैक्षिक मजदुरले पाउनुपर्ने सुविधामा नघटाई सङ्घले दिएको सुविधामा थप गरी तलबभत्ता | कार्यविधि | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक तथा कर्मचारी | संघ र प्रदेश सरकारसँग सहकार्य |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | उपलब्ध गराउने | | | | | | | | |
| शिक्षक तयारी | | | | | | | | | |
| ७ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने | पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | ५ पटक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| ८ | नयाँ नियुक्ति पाएका शिक्षकलाई एक महिने सेवा प्रवेश तालिम सञ्चालन गरिने | पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | ५ पटक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| ९ | शिक्षण पेसालाई रोजाइको पेसा बनाउन चाहनेहरूका निम्ति पेसामा प्रवेशका लागि पूर्व सेवाकालीन तालिम र मनोसामाजिक परामर्शको व्यवस्था गरिने । | पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | ५ पटक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| शिक्षण सिकाई क्रियाकलाप | | | | | | | | | |
| १० | नियमित शिक्षण सिकाई सुनिश्चित गर्न मापदण्डको विकास गरी कार्यान्वयन गर्ने | पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | ५ पटक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| ११ | प्रत्येक माध्यमिक विद्यालयमा एक पुस्तकालयको प्रबन्ध गर्ने र प्रत्येक आधारभूत कक्षामा पुस्तक कुना व्यवस्था गरिने | सबै मा.वि. | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै मा.वि. | संघ र प्रदेश सरकारसँग सहकार्य |
| १२ | प्राविधिक तथा व्यवसायिक शिक्षा धारको पढाइलाई व्यवहारिक र सिपमा आधारित बनाउन प्रयोगात्मक पक्षमा जोड दिने र यसका लागि सुविधायुक्त प्रयोगशालाको प्रबन्ध गरिने | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै प्राविधिक विद्यालय | संघ र प्रदेश सरकारसँग सहकार्य |
| १३ | प्रत्येक विद्यालयमा उच्च गतिको इन्टरनेट सेवाको उपलब्धतामार्फत शिक्षणसिकाईमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढाउने | कार्यविधि | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै विद्यालय | संघ र प्रदेश सरकारसँग सहकार्य |
| १४ | विद्यालय सिकाई सुनिश्चित गर्न शिक्षकले काममा बिताउने समय सुनिश्चित गर्न प्र.अ.लाई जिम्मेवार बनाउने | कार्यविधि | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक तथा कर्मचारी | संघ र प्रदेश सरकारसँग सहकार्य |
| १५ | शिक्षण सिकाईमा सुधारका लागि शिक्षकहरूलाई | कार्यविधि | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक तथा | संघ र प्रदेश सरकारसँग |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रधानाध्यापक प्रति जवाफदेही बनाउन<br>र शिक्षकलाई विद्यालयको सिकाई उपलब्धिको आधारमा प्रोत्साहनको व्यवस्था गरिने | | | | | | | कर्मचारी | सहकार्य |
| १६ | स्थानीय आवश्यकता अनुसार स्थानीय पाठ्यक्रम निर्माण गरी हरेक विद्यालयलाई केही न केही स्थानीय सिप र व्यवसायका लागि पहिचान योग्य हवको रूपमा विकास गरिने | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक तथा कर्मचारी | संघ र प्रदेश सरकारसँग सहकार्य |
| १७ | प्रत्येक शिक्षकले प्रत्येक शैक्षिक सत्रमा शिक्षण सिकाई क्रियाकलापहरूको सुधारका लागि कार्यमूलक अनुसन्धान गर्नुपर्ने र यस्ता उत्कृष्ट अनुसन्धानलाई नगरपालिकाले प्रकाशन गरी सम्प्रेषण गरिने | सबै शिक्षक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| १८ | शिक्षण सिकाई लगायत विद्यालयको समग्र पक्षको अनुसन्धान र अनुगमन गरी प्रतिवेदन दिन विज्ञहरू सम्मिलित भएको समिति बनाई खटाइने | पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | निरन्तर | संघ र प्रदेश सरकारसँग सहकार्य |
| १९ | स्थानीय तहमा शिक्षक पेसागत सहयोग मार्गदर्शन कार्यविधिको विकास गरिने | कार्यविधि | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| २० | मार्गदर्शन/कार्यविकि आधारमा सिकाईका लागि शिक्षकहरूको ई-सञ्जाल/समूह बनाइन | नगपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| २१ | शिक्षक मेन्टरिङ कार्यक्रम<br>सञ्चालनका लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरिने | नगपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| २२ | शिक्षकहरूको संस्था शिक्षक महासंघको स्थानीय इकाइलाई शिक्षकहरूको पेसागत सहयोगको निम्ति जिम्मेवार बनाइने | नगपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| २३ | प्रधानाध्यापकबाट नियमित रुपमा शिक्षकको कार्यसम्पादनको अनुगमन तथा मूल्याङ्कन गरिने | नगपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक | संघ र प्रदेश सरकारसँग सहकार्य |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २४ | शिक्षकलाई परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन गर्न तथा विज्ञ सेवा प्रदान गर्नका लागि स्थानीय तहमा सेवानिवृत्त दक्ष शिक्षकहरूको विज्ञ टोली गठन गरिने | नगपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| २५ | शिक्षकलाई परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन गर्न तथा विज्ञ सेवा प्रदान गर्नका लागि स्थानीय तहमा सेवानिवृत्त दक्ष शिक्षकहरूको विज्ञ टोली गठन गरिने | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| २६ | सहपाठी कक्षाअवलोकन गरिने | नगपालिका | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| २७ | शिक्षकलाई परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान अनुगमन गर्न तथा विज्ञसेवा प्रदान गर्नका लागि स्थानीय तहमा सेवानिवृत्त दक्ष शिक्षकहरूको विज्ञ टोली गठन गरिने | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| २८ | सहकर्मी शिक्षकको कक्षा अवलोकन गरिने | सबै शिक्षक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| २९ | स्थानीय तहमा विषयगत शिक्षक समूह निर्माण गरी पेसागत दक्षता अभिवृद्धि गर्ने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| ३० | स्थानीय पालिकास्तरमा सञ्चालन हुने प्र.अ. बैठकलाई नियमित र व्यवस्थित गराउनुका साथै हरेक बैठकमा हरेक प्र.अ.ले आफ्नो विद्यालयमा गरेका केही अनुकरणीय कार्य अर्थात् अभ्यासलाई प्रस्तुतिका साथ अनिवार्य गरिन | पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | निरन्तर | संघ र प्रदेश सरकारसँग सहकार्य |
| ३१ | विद्यालयहरूले गरेका असल अभ्यासहरूको अवलोकन एवम् सिकाईका लागि अवलोकन भ्रमणको व्यवस्था गरिने | पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | १ पटक | निरन्तर | संघ र प्रदेश सरकारसँग सहकार्य |
| ३२ | सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाईका लागि अनलाइन, अफलाइन शिक्षक तालिम सञ्चालन गरिने | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३३ | विद्यालय तहमा शिक्षकको निरन्तर पेसागत विकास गर्न प्र.अ.लाई जिम्मेवार बनाउनुको साथै शिक्षकहरूको निरन्तर पेसागत विकास कार्यलाई विद्यार्थीको सिकाई उपलब्धिसँग आबद्ध गरिने | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै विद्यालय | संघ र प्रदेश सरकारसँग सहकार्य |
| ३४ | विद्यालयलाई प्रविधिका हिसाबले स्रोत सम्पन्न बनाइने । | पद्धति | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| शिक्षक उत्तरदायित्व | | | | | | | | | |
| ३५ | शिक्षकलाई विद्यार्थीको सिकाई उपलब्धिप्रति जिम्मेवार बनाउने र सोको आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङकन गर्न प्रधानाध्यापकलाई जिम्मेवार बनाइने | कार्यविधि | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| ३६ | शिक्षकको बढुवा , सरुवा र प्रोत्साहनलाई पूर्वानुमानयोग्य र वस्तुनिष्ठ बनाइने | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| ३७ | शिक्षकले शिक्षणमा बिताउने समयकालागि प्र.अ.लाई जिम्मेवार बनाइने | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| ३८ | विद्यालयमा उपलब्ध शिक्षकहरूमध्ये हरेक हिसाबले उत्कृष्ट शिक्षकलाई प्र.अ. बनाइने | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| शिक्षक आपूर्ति र वितरण | | | | | | | | | |
| ३९ | राष्ट्रिय शिक्षा नीति २०७६ बमोजिम हरेक विद्यालयमा न्यूनतम शिक्षक दरबन्दी कायम गर्दा पनि नपुग शिक्षक दरबन्दीका लागि प्रदेश सरकारसँग सहकार्यका आधारमा शिक्षक दरबन्दीको सिर्जना गरिने | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| ४० | शिक्षकको पेसागत नैतिकता तथा आचरण सम्बन्धी मापदण्ड तयार गर्ने | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| ४१ | स्थायी शिक्षक नआउँदासम्म पारदर्शी र विधिपूर्वक चाँडो करार नियुक्ति गरी काममा लगाइने | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| ४२ | एक दिन पनि विद्यालयको | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक | संघ र प्रदेश |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षण सिकाईमा बाधा नपर्ने गरी शिक्षक अवकाश, सरुवा र नियुक्ति वा पदस्थापन भई काम गर्ने शिक्षकको व्यवस्थापन गरिने | | | | | | | | सरकारसँग सहकार्य |
| ४३ | लामो समय सुत्केरी बिदामा बस्ने शिक्षकको र अन्य कारण लामो समय बिदा मा बसेको शिक्षकको बिदा अवधिभर नियमित शिक्षण गर्न सट्टा शिक्षकको व्यवस्थापन गरिने | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| ४४ | सेवा निवृत्त हुन ५ वर्षदेखि २ वर्ष अगावै स्वेच्छिक अवकाश लिन चाहने शिक्षकलाई विशेष प्रोत्साहनको व्यवस्था गरिने । | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| ४५ | खेल शिक्षक ,योग शिक्षक सङ्गीत शिक्षक ,योग शिक्षकको व्यवस्था गरी सबै विद्यालयहरूमा घुम्ती सेवा उपलब्ध गराउने | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक | संघ र प्रदेश सरकारसँग सहकार्य |
| ४५ | खेल शिक्षक ,योग शिक्षक सङ्गीत शिक्षक ,योग शिक्षकको व्यवस्था गरी सबै विद्यालयहरूमा घुम्ती सेवा उपलब्ध गराउने | सबै विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै शिक्षक | संघ र प्रदेश सरकार सँग सहकार्य |

## ४.३ शैक्षिक समता र समावेशीकरण

**परिचय**

शिक्षाको समान अवसर विश्वव्यापी मान्यता हो । शिक्षाको मूलधारमा आउन नसकेका बालबालिकाहरूलाई समावेशी, बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिक मैत्री र विपदप्रतिरोधी सिकाई वातावरणको निर्माण गरी समतामूलक पहुँच र गुणस्तरमा वृद्धि गर्नु आजको आवश्यकता हो । विद्यार्थीहरूको व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई प्रोत्साहित गर्नु आवश्यक छ ।

सदियौंदेखि विभिन्न कारणले विभेदीकरणमा परेका समुदाय तथा वर्ग अझैसम्म पछि परेका छन् । उनीहरूको सामाजिक रूपमा सक्रिय सहभागिता, सशक्तिकरण तथा निर्णय प्रक्रियामा समावेशीकरण हुनसकेको छैन । कुनै पनि पूर्ण समाजको रूपमा समुदायका सबै व्यक्तिले आत्मसम्मान, स्वतन्त्रता तथा साधन र स्रोतमाथि समतामूलक पहुँचको सुनिश्चितता हुनुपर्छ । यी पक्षहरूको विकास गर्ने माध्यम शिक्षा नै हो । शिक्षाको अवसरबाट हुने वञ्चितीकरणबाट व्यक्तिको व्यक्तित्व विकास सम्भव छैन । यसबाट परिवार, समाज र राष्ट्रकै लागि अपुरणीय क्षति भइरहेको हुन्छ । त्यसकारण राज्यले सर्वप्रथम व्यक्तिको शिक्षा हासिल गर्ने नैसर्गिक अधिकारको सुनिश्चित गर्नुपर्ने हुन्छ । हरेक व्यक्तिका व्यक्तिगत रुचि, खुबी र दक्षता फरक फरक हुन्छन् । सबैको एउटै ढङ्गबाट विकास गर्न सकिँदैन । सबैका वैयक्तिक भिन्नतालाई सम्बोधन गरी शिक्षालाई समतामूलक, गुणस्तरीय र पहुँचयोग्य बनाउन आवश्यक छ ।

नेपाल एक बहुलवादी समाज हो । यहाँ विविध सामाजिक, सांस्कृतिक तथा भौगोलिक समुदायहरू रहेका छन् । सबैका आ-आफ्नै विशिष्टता र पहिचान छन् । यही विविधतालाई राज्यले दायित्वका रूपमा मात्र नभई सम्पतिको रूपमा लिनुपर्छ । सामाजिक विविधताको व्यवस्थापनका लागि सबैलाई समेटने खालका कार्यक्रमहरू तय गरी आत्मसम्मानको विकास गर्नुपर्दछ । समान अवसरले मात्र नभई समतायुक्त वातावरण प्रदान गरेर पछाडि परेका वर्ग समुदायलाई शिक्षाको मूल प्रवाहमा ल्याउनु आवश्यक छ ।

### ४.३.१ वर्तमान अवस्था

नेपालको संविधानले सबै नागरिकलाई शिक्षा पाउने हक सुनिश्चित गरेसँगै समावेशीको हकको पनि प्रत्याभूत गरेको छ । कानुन भएर मात्र न्याय प्राप्त हुँदैन त्यसका लागि व्यक्ति सक्रिय हुनुपर्छ भने झैं कानुनी व्यवस्था र प्रावधानहरू पर्याप्त मात्रामा भए पनि तिनीहरूको ठोस र प्रभावकारी कार्यान्वयन नहुँदा पिछडिएका समुदायका लागि गुणस्तरीय शिक्षाको पहुँच कठिन जस्तो बनेको छ ।

नेपाल सङ्घीय राज्य व्यवस्थामा प्रवेश गरिसकेपछि सङ्घीय कानुनका रूपमा राष्ट्रिय शिक्षा नीति २०७६ ले समता र समावेशी शिक्षालाई प्राथमिकतामा राखेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ ले पनि व्यक्तिले कुनै पनि कारणले शिक्षा प्राप्त हुने अवसरबाट वञ्चित हुनु नपर्ने व्यवस्था उल्लेख छ । त्यसैगरी दिगो विकास लक्ष्यको लक्ष्य नं ४ ले पनि समतामूलक र गुणस्तरीय शिक्षालाई दिगो विकासको प्रमुख अङ्गको रूपमा लिएको छ । यिनै सन्दर्भलाई आधार मानी रंगेली नगरपालिकाले पछाडि परेका वर्ग र समुदायको शिक्षा प्राप्त गर्ने अवसरका लागि शिक्षण सामग्री, झोला, विद्यालय पोसाक, गुणस्तरीय शौचालय, अपाङ्गमैत्री संरचनाहरू निर्माण, रोजगारीमा आरक्षण जस्ता कार्यक्रमहरू सञ्चालन गरेको छ । दिवा खाजा, पाठयपुस्तकसहित निःशुल्क शिक्षा र अपाङ्गता भएका बालबालिकाहरू, छात्रा तथा सीमान्तकृत बालबालिकाहरूलाई लक्षित गरी छात्रवृत्ति वितरणले समतामूलक र समावेशी पहुँचका लागि योगदान गरेका छन् ।

**चुनौती**

- महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, कठिन भौगोलिक अवस्थामा रहेका, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले पिछडिएका बालबालिकाहरूलाई शिक्षामा समतामूलक पहुँच पुर्‍याउन नसक्नु,
- अपाङ्गता भएका, भौगोलिक विकट अवस्थामा रहेका र सामाजिक रूपले पछि परेका बालबालिकाहरूलाई विद्यालय शिक्षामा टिकाई राख्न नसक्नु,
- लक्षित समूहको विद्यालयमा सहभागिता तथा उपलब्धि सुनिश्चित गर्नु, विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण पर्याप्त नहुनु,
- कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार नहुने सुनिश्चितता सहित बालमैत्री विद्यालय बनाउन शिक्षकलाई आवश्यकताअनुसार तालिमको व्यवस्था गर्न नसक्नु,
- आवश्यकता अनुसारको शैक्षिक सामग्रीको अभाव, अपाङगमैत्री भौतिक संरचनाको अभाव,
- अपाङ्गता भएका बालबालिकाहरुको प्रारम्भिक पहिचान समयमा हुन नसक्नु,
- प्रत्येक विद्यालयमा साङ्केतिक भाषा र ब्रेल लिपीको ज्ञान प्राप्त शिक्षकको व्यवस्था नहुनु ।

**अवसर**

- शिक्षामा समता, समावेशीता र समावेशी शिक्षा अभिवृद्धिका लागि विभिन्न ऐन, कानुन र नीतिहरू बनाइएको,
- पाठ्यकम पाठ्यपुस्तकमा समेत समता र समावेशीतालाई प्राथमिकताका साथ समावेश गरिएको,

- तीनै तहको सरकाले आफ्ना योजना र कार्यक्रममा शिक्षामा समता, समावेशीकरणलाई आत्मसात गरेको ।

### ४.३.२ लक्ष्य(Goal)

शिक्षामा आर्थिक, सामाजिक तथा शारीरिक रूपमा कमजोर बालबालिकाहरूको पहुँच अभिवृद्धि गरी उनीहरूलाई सशक्त, स्वतन्त्र र मर्यादित जीवनयापन गर्न सक्षम बनाउने ।

### ४.३.३ उद्देश्य (Objectives)

१. महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याउने,
२. लक्षित समूहका बालबालिकाहरूको सिकाईमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने,
३. विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुनिश्चित गर्ने,
४. शैक्षिक सुशासनका लागि विद्यमान संरचनालाई जवाफदेही बनाउने,
५. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाई क्रियाकलाप लगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउने,
६. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार र हेपाइ नहुने सुनिश्चितता गर्ने ।

### ४.३.४ रणनीतिहरू (Stratigies)

१. विद्यालयमा सिकाईका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्था पुरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउन बालमैत्री विद्यालय प्रारूप तथा निर्धारित सिकाईका लागि आवश्यक पूर्वाधार प'रा गर्ने,
२. अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गर्ने,
३. छात्रवृत्तिका लागि विपन्नलाई लक्षित गरी आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिका सहभागी हुने व्यवस्था गर्ने,
४. कार्यविधि तयार गरी आवश्यकतानुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने,
५. विद्यालयमा सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरी लक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने,
६. आधारभूत तहमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाईको अवसर प्रदान गर्न प्राथमिकता दिने,
७. पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण, इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत् यौनिकता शिक्षा तथा प्रजनन स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाईलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने,
८. सिकाई क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, बहिष्करण र हेपाइ नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गर्ने,
९. घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था तथा आवश्यकता पहिचान गरी सो अनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने,
१०. सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई शिक्षा उपलब्ध गराइने,
११. आवश्यकतानुसार पोशाक, स्टेशनरी तथा सिकाई सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने,
१२. सिकाई क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकतालाई सम्बोधन गरिने,
१३. विद्यालयमा अभिभावकको सहभागिता बढाइने,

१४. समुदाय, सामुदायिक सिकाई केन्द्र, गैर सरकारी संघसंस्था, निजी क्षेत्र र विद्यालयहरूको सहभागितामा बालबालिकाहरूको शिक्षा पाउने हक सुनिश्चित गर्ने ।

## ४.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य(Outcomes, Key Results, Major Activities and Targets)

**क) उपलब्धिः**

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।

१. महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चित भएका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाउने,
२. लक्षित समूहका बालबालिकाहरूको सिकाईमा सहभागिता वृद्धि भई गुणस्तर सुधार हुने,

३. विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुधार हुने,

४. शैक्षिक सुशासनका लागि विद्यमान संरचनाहरू जवाफदेही हुने,
५. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाई क्रियाकलाप लगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि हुने,
६. सबै विद्यालयहरू बालमैत्री हुने,
७. बालबालिकाहरूको अवस्था पहिचान गरिने,
८. वैयक्तिक आवश्यकता अनुसारका शैक्षिक कार्यक्रम सञ्चालन हुने,
९. विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय भित्र ल्याउन जनसहभागिता गराउने
१०. छात्रवृत्तिको व्यवस्थालाई थप प्रभावकारी बनाइने,
११. अपाङ्गता र लैङ्गिकमैत्री शैक्षिक पूर्वाधार निर्माणमा जोड दिइने,
१२. विद्यार्थी केन्द्रित सिकाई सामग्री व्यवस्था गरिने,
१३.स्थानीय पाठ्यक्रममा समता र समावेशीतालाई समेत समेटिने,

**ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | |
| १ | नगरपालिकामा व्यक्तिको अवस्था र सिकाई आवश्यकता पहिचान गर्ने गरी संयन्त्रको विकास गरिने | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | नगरपालिका |
| २ | कुनै पनि व्यक्ति शिक्षाको अवसरबाट वञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रमहरू | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | संघ र प्रदेश सरकारसँग सहकार्य |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन गरिने | | | | | | | | |
| ३ | विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भित्र ल्याउन तथा अध्ययनमा निरन्तरताको सुनिश्चित गर्न जनसहभागिता सहितको कार्यक्रम सञ्चालन गरिने | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | संघ र प्रदेश सरकारसँग सहकार्य |
| ४ | lवशेष लक्षित समूहका विद्यार्थीहरूको आवश्यकता र सामाजिक सुरक्षाका कार्यक्रम तथा अवसर लागतसँग तादात्म्य गरी छात्रवृत्ति दिने व्यवस्था मिलाइने | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | संघ र प्रदेश सरकारसँग सहकार्य |
| ५ | सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार अपाङ्गता एवम् लौङ्गिक मैत्री बनाइन | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | संघ र प्रदेश सरकारसँग सहकार्य |
| ६ | बालबालिकालाई अध्ययनको निरन्तरताका लागि दिवाखाजा व्यवस्थालाई निरन्तरता दिँदै विभिन्न प्रोत्साहनको व्यवस्था गरी बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीबिच सुमधुर सम्बन्ध विकास, सिकाईमुखी शिक्षण पद्धति, उपयुक्त कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन गरिने | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | संघ र प्रदेश सरकारसँग सहकार्य |
| ७ | विशेष आवश्यकता हुने बालबालिकाहरूकालागि मौजुदा पाठ्यक्रममा पुनरावलोकन गरी कार्यान्वयन गरिने | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | संघ र प्रदेश सरकारसँग सहकार्य |
| ८ | बालबालिकाहरूको सिकाई आवश्यकता अनुरुपका सिकाई सामग्री तथा अन्य आवश्यक सामग्री विकासका लागि पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरूलाई समावेश | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | संघ र प्रदेश सरकारसँग सहकार्य |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | गरिने | | | | | | | | |
| ९ | विद्यालय शिक्षा तथा आजीवन सिकाईको आवश्यकता अनुसारको सिकाई सामग्रीको विकास गरिने | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | संघ र प्रदेश सरकारसँग सहकार्य |
| १० | सिकाई सहजीकरणमा सञ्चार तथा सूचना प्रविधिको उपयोगका लागि आवश्यक पूर्वाधार तथा क्षमता विकास गरिने | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | संघ र प्रदेश सरकारसँग सहकार्य |
| ११ | राष्ट्रिय पाठ्यक्रम प्रारुप अनुरुप पाठ्यक्रमको स्थानीयकरण गरी स्थानीय पाठ्यक्रम स्थानीय पाठ्यसामग्री तयार गरी जनप्रतिनिधि, राजनीतिक पार्टी प्रतिनिधि,<br>शिक्षा अधिकृत, प्रधानाध्यापक, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई अभिमुखीकरण गरिने | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | संघ र प्रदेश सरकारसँग सहकार्य |
| १२ | पाठ्यक्रम तथा सिकाई सामग्रीलाई अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी बनाउँदै सबै बालबालिकाको सिकाई सुनिश्चित गरिने | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | संघ र प्रदेश सरकारसँग सहकार्य |
| १३ | शिक्षण पेसामा विशेष लक्षित समूहका व्यक्तिहरूको सहभागिता बढाएर समावेशी तुल्याई उल्लिखित समूहलाइ<br>शिक्षक सेवा तयारीका लागि तालिम, अध्ययन अवसर तथा छात्रवृत्तिको अवसर दिइने | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | संघ र प्रदेश सरकारसँग सहकार्य |
| १४ | आजीवन सिकाई तथा निरन्तर शिक्षाका सहभागीहरूको आवश्यकता अनुसारको सिकाई सहजीकरण सामग्रीको व्यवस्था गर्ने तथा कार्यान्वयनका लागि स्थानीय तहका शैक्षिक व्यवस्थापक तथा सहजकर्ताहरूको क्षमता विकास गरिने | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | संघ र प्रदेश सरकारसँग सहकार्य |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १५ | पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गर्ने र सिकाईलाई जीवनोपयोगी सिपसँग आवद्ध गरिने | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | संघ र प्रदेश सरकारसँग सहकार्य |
| १६ | आधारभूत तहसम्मको शिक्षा मातृभाषामा पाउने व्यवस्था गर्ने तथा मातृभाषाका पाठ्यपुस्तक विकास तथा निर्माण गरिने | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | संघ र प्रदेश सरकारसँग सहकार्य |
| १७ | गरेको व्यवस्थाअनुसार लैङ्गिक समानता र समावेशीकरणलाई एकीकृत मुद्दाको रुपमा सम्बोधन गरिने | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | संघ र प्रदेश सरकारसँग सहकार्य |
| १८ | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चित गर्न यस सम्बन्धी शिक्षा तथा संयन्त्र स्थापना गरिने | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | संघ र प्रदेश सरकारसँग सहकार्य |
| १९ | पाठ्यक्रम, पाठ्यसामग्री, विद्यालय वातावरण तथा सिकाई प्रक्रियालाई समता र समावेशीताका दृष्टिले परीक्षण तथा सुधार गरिन | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | संघ र प्रदेश सरकारसँग सहकार्य |
| २० | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत<br>सरकारी तथा गैरसरकारी संघ संस्थाहरूबीच जवाफदेहिता सहितको कार्यगत समन्वय गरिने | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | संघ र प्रदेश सरकारसँग सहकार्य |

## ४.४. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

स्वास्थ्य नै जीवनको मूल आधार हो । बालबालिकाको वृद्धि र विकास ठिक ढङ्गबाट हुन स्वास्थ्य राम्रो हुनुपर्दछ । राम्रो स्वास्थ्य बन्नका लागि पोषणयुक्त खानाको जरूरत पर्दछ । प्रभावकारी सिकाईका लागि बालबालिका स्वस्थ हुनु उत्तिकै आवश्यक छ । यस अर्थमा सिकाईसँग बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ भन्न सकिन्छ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकाको विद्यालयमा उपस्थित हुने दरमा वृद्धि गरी सिकाई सहभागिता बढाउँछ । सिकाई सहभागिताको दरमा वृद्धि गर्न सकियो भने सिकाई उपलब्धि सुधार गर्न मदत पुग्दछ ।

विद्यालय वातावरणको सरसफाइ तथा स्वच्छतासम्बन्धी अभ्यासका अतिरिक्त महिनावारी सम्बन्धी सरसफाइ तथा स्वच्छता (Menstrual Hygiene) सम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक छ । विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सम्बन्धी यस्ता कार्यक्रमहरूले विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन र अनुपस्थित हुने तथा

बिचैमा विद्यालय छाडने दर घटाउन योगदान गरी सिकाई उपलब्धि सुधार गर्न सहयोग गर्दछ। नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाका प्राथमिक विद्यालयमा विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा आर्थिक वर्ष २०७७/२०७८ देखि सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीलाई दिवा खाजाको प्रबन्ध गरिएको छ । बाल स्वास्थ्य सुधारका लागि बालबालिका लक्षित विभिन्न खोप र अन्य प्रतिरोधात्मक र प्रवर्धनात्मक स्वास्थ्य कार्यक्रमले समेत सिकाई उपलब्धि सुधार गर्न मदत पुग्दछ ।

### ४.४.१ वर्तमान अवस्था

**क) दिवा खाजा**

रंगेली नगरपालिकामा जम्मा ३१ ओटा विद्यालय रहेकामा सामुदायिक विद्यालयहरू २७ ओटा र धार्मिक विद्यालय ४ रहेका छन् । जसमध्ये १३ ओटा माध्यमिक विद्यालय र १४ ओटा आधारभूत तहका रहेका छन् । यस नगरभित्र ४२ बाल विकास केन्द्र सञ्चालनमा रहेका छन् । शैक्षिक सत्र २०८० र २०८१ मा सामुदायिक विद्यालयमा बाल विकास केन्द्रमा (नर्सरी र केजी ) मा १००८ र कक्षा १ देखि ५ सम्म ३७२६ विद्यार्थी अध्ययनरत छन् ।

नेपाल सरकारको दिवा खाजा सम्बन्धमा कार्यक्रम कार्यान्वयन पुस्तिकामा निम्नानुसारका ३ ओटा विधि उल्लेख गरिएको छ :

१) विद्यालयबाट दिवा खाजा व्यवस्थापन गर्ने,
२) विद्यालयको चमेनागृहबाट दिवा खाजा व्यवस्थापन गर्ने,
३) अभिभावकबाट दिवा खाजा व्यवस्थापन गर्ने ।

सामुदायिक विद्यालयमा चमेनागृह अभाव भएको देखिन्छ । विद्यालयहरुले कुनै कक्षा कोठालाई चमेना गृहको रुपमा प्रयोग गरी दिवा खाजाको प्रबन्ध गरेको देखिन्छ । विद्यालयले विभिन्न किसिमका खाजा
बजारबाट खरिद गरी वितरण गरेको देखिन आउछ । विद्यार्थीको हाजिरी रेकर्डको आधारमा प्रतिदिन रु १५ का दरले नगरपालिकाले विद्यालयलाई रकम निकासा गर्ने गरेको छ ।

**ख) विद्यालयमा सञ्चालित स्वास्थ्य र पोषण कार्यक्रम**

नगरपालिकाको सबै माध्यमिक र केही आधारभूत विद्यालयहरूमा छात्र र छात्राका लागि अलग अलग शौचालय निर्माण गरिएका छन । प्राथमिक विद्यालयको हकमा नगन्य रूपमा छात्रा शुलभ शौचालय रहेको अवस्था छ । कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्राका लागि महिनावारी स्वच्छता व्यवस्थापनका लागि निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमसमेत प्रभावकारी बनाउँदै लगिएको छ । तर विद्यालयका लागि प्राथमिक उपचार सामग्रीको बाकस को व्यवस्था भएको पाइदैन । नगरभरिका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूका सम्पूर्ण किशोरीहरूका लागि निशुल्क आइरन चक्की उपलब्ध गराइएको छ । यस नगरपालिकाको वडा नं ६ मा रहेको पब्लिक माध्यमिक विद्यालय रंगेलीमा कोशी प्रदेश सरकारको विद्यालय नर्स कार्यक्रम सञ्चालन गरिएको छ यद्यपि अन्य विद्यालयहरुमा पनि विद्यालय नर्सको आवश्यकता देखिएको छ ।

नेपाल सरकारले बालबालिकाहरूलाई उपलब्ध गराउँदै आएको खोप कार्यक्रमले पनि बालबालिकाहरूको स्वास्थ्य अवस्थाको सुदृढीकरणमा ठूलो भूमिका निर्वाह गरेको छ । नियमित खोप कार्यक्रमका अतिरिक्त भिटामिन ए, जुकाको औषधी, हात्तीपाइले रोग विरुद्धको औषधी विद्यार्थीले उपयोग गर्दै आएका छन् । हालै कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गर्ने छात्राहरूका लागि दिइएको एचपिभी खोप पनि विद्यार्थीहरूको स्वास्थ्यको लागि महत्त्वपूर्ण छ ।

**ग) विद्यालयमा स्वच्छता, सरसफाइ र खानेपानीको अवस्था**

रंगेली नगरपालिकाको सम्पूर्ण सामुदायिक र संस्थागत विद्यालयहरूमा स्वच्छता र सरसफाइको अवस्था सामान्य किसिमको रहेको छ । सामुदायिक विद्यालयहरूमा विद्यालय हाताको सरसफाइमा विद्यार्थीहरूको सक्रियता र सहभागितामा हुने गरेको छ । संस्थागत विद्यालयमा भने विद्यालय सहयोगी कर्मचारीले सरसफाइ गर्ने गरेका छन् । केही विद्यालय सरसफाइमा अगाडि छन् भने केही विद्यालयमा सरसफाइमा उचित ध्यान दिनुपर्ने देखिन्छ । खासगरी नकुहिने फोहर प्लास्टिकहरू विसर्जन गर्न विद्यालयहरूलाई समस्या परेको छ । कुहिनेसँगै नकुहिने फोहरलाई समेत जलाउँदा शिक्षक विद्यार्थीको स्वास्थ्य र वातावरणमा समेत समस्या हुने गरेको छ ।

पानी जीवनकै लागि नभई नहुने वस्तु हो । विद्यालयमा विद्यार्थीहरूका लागि स्वच्छ पिउने पानीको आपूर्ति हुनु जरुरी छ । रंगेलीका संस्थागत विद्यालयहरूमा विद्यालयको आफ्नै स्रोत साधनको उपयोग गरी पिउने पानीको प्रबन्ध गरिएको छ । सामुदायिक विद्यालयहरू तर्फ केही विद्यालयमा विभिन्न दातृ संस्था र प्रदेश सरकारबाट खानेपानी आयोजना निर्माण गरी स्वच्छ पिउने पानीको प्रबन्ध गरिएको छ । ज्यादा जसो विद्यालयमा शिक्षक र विद्यार्थीहरुले बिना फिल्टर ट्युवेल, कलको पानी पिउने गरेका छन् ।

### घ) दुर्व्यसनी तथा कुलत

रंगेली नगरपालिकाको एउटा जल्दोबल्दो समस्या दुर्व्यसनी र कुलत पनि हो । विद्यालय बाहिर रहेका ठुलो सङ्ख्याका युवाहरू यस प्रकारको खराब अवस्थाबाट ग्रसित छन् । जाँडरक्सी, र गाँजा सेवनका साथै अन्य कडा खाले लागुपदार्थको सेवन गर्ने युवायुवती पनि छन् । विद्यालय बाहिरका ती युवायुवतीको प्रभावका कारण विद्यालयमा अध्ययन गर्ने १४ वर्षदेखि १८ वर्ष सम्मका विद्यार्थी जोखिम समूहमा परेका छन् । रंगेली नगरपालिकाका सबै संस्थागत र सामुदायिक माध्यमिक विद्यालयका साथै क्याम्पसमा समेत लागुपदार्थ र कुलतको जोखिमबाट बच्ने सचेतना कार्यक्रम नियमित रूपमा सञ्चालन गर्न आवश्यक छ । युवा वर्गलाई गलत सङ्गतबाट बचाउनका लागि खेलकुद, मनोरञ्जनको व्यवस्थाालाई थप प्रभावकारी बनाउन आवश्यक छ । साथै आवश्यकताअनुसार मनोपरामर्शको व्यवस्था र कुलतमा परिसकेकाहरूलाई पुनर्स्थापनाकेन्द्रको माध्यमबाट पुनः समाजमै फर्काउने व्यवस्था गर्न सकिन्छ ।

## चुनौती र अवसरहरू (Challenges and Opportunities)

**अवसर**

- सबै सामुदायिक विद्यालयका कक्षा ५ सम्मका विद्यार्थीहरूलाई दिवा खाजाको लागि रकम व्यवस्था गर्नु साथै अभिभावकको सहभागितामा संस्थागत विद्यालयका विद्यार्थीहरूलाई दिवा खाजाको व्यवस्था गरिनु,
- .केही विद्यालयमा संघीय सरकारको सशर्त अनुदानअन्तर्गत छात्रा शौचालयको निर्माण हुनु,
- .स्यानिटरी प्याड उपलब्ध गराउनु,
- .नियमित खोप र विशेष खोप अभियान सञ्चालन गरिनु ।

**चुनौती**

- दिवा खाजाका लागि नेपाल सरकारले उपलब्ध गराएको रकम एकदमै न्यून हुनु,
- सबै विद्यालयले चमेनागृहको व्यवस्था गर्न नसक्नु,
- .बालबालिकाले घरबाट खाजा लिएर नआउनु,
- बालबालिकाले घरबाट लिएर आएको खाजा पनि पोषणयुक्त नहुनु,
- अभिभावकहरूमा समेत पोषणयुक्त खाजाको बारेमा ज्ञान नहुनु,
- विद्यालयले घरबाट ल्याएको खाजा खानका लागि छुट्टै कोठाको प्रबन्ध गर्न नसक्नु,
- विद्यार्थीहरूले पत्रु खाजा किनेर खाने गर्नु,

- सबै विद्यालयमा फिल्टरयुक्त स्वच्छ पिउने पानीको व्यवस्था नहुनु,
- प्लास्टिकजन्य नकुहिने फोहर विर्सजनमा समस्या हुनु ।

### ४.४.२ लक्ष्य (Goal)

विद्यालय उमेर समूहका सवै बालबालिकाहरूलाई स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गरी विद्यालयमा टिकाउनका साथै विद्यालयमा स्वच्छ वातावरणमा विद्यार्थीहरूको पूर्ण सहभागिताको सुनिश्चित गर्ने ।

### ४.४.३ उद्देश्य (Objectives)

१.विद्यालय खाजासँग सम्बन्धित सेवाहरूमा सुधार गरी प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पोषणयुक्त खाजा प्राप्तिको सुनिश्चितता गर्नु ,

२. विद्यालयमा बालबालिकाको स्वास्थ्य सुविधामा वृद्धि गर्नु,

३.विद्यालयीय वातावरणको सरसफाई तथा स्वच्छतामा सुधार गर्नु ।

४. विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूका स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धी सकारात्मक व्यवहारलाई प्रोत्साहन गर्नु र सिकाई उपलब्धिमा सुधार गर्नु ।

### ४.४.४ रणनीतिहरू (Strategies)

१.बालबालिकाको लागि विद्यालयमा नै पोसिलो र ताजा खाजा तयार गर्नका साथै खाजा भान्सा तथा भण्डार, भान्सामा प्रयोग हुने आवश्यक भाँडावर्तन र अन्य सामग्रीहरू तथा समूहमा हात धुने लगायतका सुविधा विस्तार गरिने छ ।

२. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गरिने छ । .विद्यार्थीले दिवा खाजा पाउने कुरालाई अधिकारका रूपमा स्थापित गराइने कानुनी प्रबन्ध गरिने छ ।

३.विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाई सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गरिने छ ।

४ सबै.विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा सूक्ष्म पोषक तत्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन फोलिक एसिड आदि) को वितरण र किशोरीहरूको महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउनुका साथै विद्यालयमा स्यानिटरी प्याड डिस्पोजेवल इन्सिनेटरको व्यवस्था गरिने छ ।

५. विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय र सहयोगमा संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गरिने छ

६.दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङकन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाइने छ ।

७. सम्पूर्ण सामुदायिक विद्यालयहरूमा विद्यालय नर्स कार्यक्रम लागु गरिनेछ ।

८. विद्यार्थी र विद्यालयको अगुवाइमा स्मार्ट विद्यालय कार्यक्रम लागु गरिनेछ ।

९. विद्यार्थीलाई समयअनुसार दिवा खाजाका लागि पर्याप्त हुनेगरी रकम रंगेली नगरपालिकाबाट व्यवस्थापन गरिने छ ।

### ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes, Key Results, Major Activities and Targets)

**क) उपलब्धि** (Outcomes)

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाईमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाई वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने ।

ख) प्रमुख नतिजाहरू (Key results)

१. विद्यालय खाजालाई विद्यार्थीको अधिकारका रूपमा स्थापित गर्ने कानुनी प्रबन्ध हुने,

२. दिवा खाजालगायत स्वास्थ्य तथा पोषण तीनै तह र अन्य क्षेत्र समेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी कानुनी मान्यता सहितको नियामक ढाँचा र कार्यान्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार हुने,

३. प्रारम्भिक बालविकास शिक्षादेखि आधारभूत तह कक्षा ५ सम्मका सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दीवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त गर्ने र जङ्क फुड(पत्रु खाना) लाई पूर्णरूपमा निरुत्साहित गरिने,

४. सामुदायिक माध्यमिक विद्यालय र संस्थागत विद्यालयका सबै कक्षाका विद्यार्थीहरूले अभिभावकको सहभागितामा दिवा खाजा वा खाना प्राप्त हुने,

५.विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाई सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था हुने,

६.विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधी तथा सूक्ष्म पोषक तत्व प्रदायक ट्याबलेटहरू किशोरीहरूको मासिक महिनावारीमा स्यानिटरी प्याड वितरण र डिस्पोजेबल इन्सिनेटरको व्यवस्था भएको हुने,

७) विद्यालयमा विद्यार्थीलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाई तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषण सम्बन्धी आधारभूत शिक्षा प्राप्त हुने,

८.विद्यार्थी र विद्यालयको अगुवाईमा स्मार्ट विद्यालय कार्यक्रम लागु गरी पूर्ण सरसफाइका सूचकहरू प'रा भएको हुने,

९. विद्यालयमा सुन्दर फूलबारी निर्माण गरी स्वच्छ तथा सुन्दर वातावरण तयार पारिने ।

**ख) प्रमुख क्रियाकलाप तथा लक्ष्य (Major Activities and Target)**

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | |
| १ | आधारभूत तहसम्म स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध ( मेनु तयारी सहित) | विद्यालय | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | सबै | सबै | सबै | नगरपालिका |
| २ | स्वास्थ्य तथा पोषण सम्बन्धी तालिम, प्रचार प्रसार अन्य क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १० पटक | नगरपालिका |
| ३ | माध्यमिक विद्यालयमा नर्स व्यवस्था आधारभूत विद्यालयमा घुम्ती नर्स सेवा | विद्यालय | १ | २ | ३ | ४ | ५ | सबै | नगरपालिका |
| ४ | विद्यालयमा विद्यार्थीको आवधिक स्वास्थ्य जाँच | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | न्पाको समन्वय |
| ५ | आँखा जाँच | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | न्पाको समन्वय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | जुकाको औषधी र आइरन चक्कीको व्यवस्थापन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | न्पाको समन्वय |
| ७ | विद्यालयहरूलाई प्राथमिक उपचारको किट प्रदान तथा तालिम | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | न्पाको समन्वय |
| ८ | विद्यालयमा स्वास्थ्य, पोषण र किशोरीहरूका लागि महिनावारी स्वच्छतासम्बन्धी शिक्षा | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | नपाको समन्वय |
| ९ | किशोरीहरूलाई महिनावारी स्वच्छताको लागि निशुल्क स्यानिटरी प्याडको व्यवस्था र वितरण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | नपाको समन्वय |
| १० | विद्यालयम स्यानिटरी प्याड डिस्पोजलका लागि इन्सिनेटरको व्यवस्था | विद्यालय | २ | ५ | ८ | १० | १३ | सबै | नपाको समन्वय |
| ११ | प्रत्येक कक्षाकोठामा हाइजिन किटको व्यवस्था | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | नपाको समन्वय |
| १२ | साप्ताहिक रूपमा नगरबाट विद्यालयको फोहर सङ्कलन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | नपाको समन्वय |
| १३ | विद्यार्थी र विद्यालयको अगुवाईमा स्मार्ट विद्यालय कार्यक्रम | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | नपाको समन्वय |

## ४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता

कृत्रिम वा प्राकृतिक कारणले विभिन्न विपद्को अवस्था आइपर्दछ । जस्तै युद्ध, द्वन्द्व जस्ता मानव सिर्जित र विभिन्न महामारी, आगलागी, बाढी पहिरो, भूकम्प, आँधी आदि प्राकृतिक प्रकोप पर्दछन् । संम्भावित विपद्बाट विद्यालयलाई सुरक्षित राख्न विपद पूर्वको तयारी र विपद् पछिको व्यवस्थापन कार्यमा विशेष जोड दिनुपर्दछ । यस्तो विपद्को अवस्थामा समेत बालबालिकाको सिक्न पाउँने अधिकारको सुनिश्चितता गर्दै सिकाईको वैकल्पिक उपाय अवलम्बन गर्नु आवश्यक छ ।

विपद् र सङ्कटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरिएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो । अन्य देशहरूमा जस्तै नेपालमा पनि प्रकोप व्यवस्थापन तथा सङ्कटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकारलाई सुरक्षित राख्न नीतिगत तथा कानुनी व्यवस्थाका साथै राष्ट्रिय योजना र शिक्षासम्बन्धी योजना, नीति कार्यक्रम तथा बजेटमा समावेश गरिँदै आएको छ ।

### ४.५.१ वर्तमान अवस्था

**क) बालमैत्री र विपद् उत्थानशील वातावरण तथा कक्षाकोठा**

रंगेली नगरभित्र सञ्चालित सबै सामुदायिक र संस्थागत विद्यालयहरू बालमैत्री अवधारणामा आधारित भएपनि पूर्ण रूपमा बालमैत्री हुन सकिरहेका देखिदैनन् । बालमैत्री विद्यालय बन्नका लागि बालमैत्री पूर्ण वातावरणका साथै सोअनुकूलको भौतिक सुविधा, पर्याप्त सिकाई सामग्री र खेल सामगी, खानेपानी, शौंचालयको सुव्यवस्था पर्याप्त छैन । रंगेली नगरभित्रका सामुदायिक तथा संस्थागत विद्यालयको भौतिक संरचनामा प्रशस्त सुधार हुँदै गएको देखिन्छ । रंगेली नगरभित्र केही विद्यालयका आधुनिक भवनहरू भए पनि केही विद्यालयका पुराना जीर्ण भवनहरू आँधीहुरी र भूकम्पलाई थेग्न सक्ने खालका छैनन् । पर्याप्त प्रकाश, हावा, आवतजावत गर्ने झ्याल भएका, झ्याल ढोकाका पल्ला नभएका, पर्याप्त खुल्ला ठाउँ भएका गुणस्तरीय कोठाको अवस्था न्यून छन् ।

**ख) भूकम्प र कोभिड १९बाट प्रभावित विद्यालय र बालबालिका**

वि.सं. २०७२ साल वैशाख १२ गते गएको विनासकारी भूकम्पका कारण मुलुकमा धैरै धनजनको क्षति भयो । धैरै विद्यालय भवनहरू भत्किए । रंगेली नगरभित्रका विद्यालयहरूलाई यो भूकम्पले खास ठूलो असर नगरेको भए पनि केही विद्यालयका भवनहरू चर्केको र केही पुराना भवनहरू थप कमजोर भई जोखिमयुक्त बन्न पुगे ।

कोभिड १९, को महामारीका कारण विद्यालयहरू शैक्षिक सत्र २०७७ मा ८ महिना र शैक्षिक सत्र २०७८ मा केही समय पठनपाठन समेत हुन सकेन । यस अवस्थामा वैकल्पिक सिकाईको माध्यम अवलम्बन गर्न नसक्दा विद्यार्थीहरू सिकाईबाट बञ्चित भए । नेपाल सरकारले २०७१ असार १ गते वैकल्पिक माध्यमबाट कक्षा सञ्चालनको आह्वान गरे पनि सबै विद्यालयहरूमा यसका लागि स्रोत, साधन, जनशक्ति र प्रविधिको उपलब्धता नहुँदा खास प्रभावकारी हुन सकेन । रंगेलीमा पनि केही विद्यालयले सामान्य प्रयास गरे पनि यसको पहुँचमा सबै विद्यार्थीहरू पुग्न सकेनन् । रंगेली नगरमा अध्ययन गर्ने सबै उमेरका बालबालिका कोभिड १९ को समयमा सिकाई कमजोर रहन पुग्यो । नगरपालिकाले पनि विद्यालय र सम्बद्ध पक्षलाई वैकल्पिक शिक्षा व्यवस्थापनका लागि प्रष्ट दिशा निर्देश गर्न सकेन ।

आगामि दिनमा यस प्रकारका सङ्कट आइपरेको अवस्थामा सिकाई निरन्तरताका लागि आवश्यक पर्ने व्यवस्थापकीय कार्य र पेसागत क्षमता विकासका लागि प्रतिकार्य र पुनर्स्थापनाका लागि भरपर्दो प्रणालीको विकास गर्नुपर्ने देखिएको छ ।

**ग) स्थानीय तहमा आइपरेका आगलागी, बाढी पहिरो तथा अन्य विपत्तिबाट प्रभावित विद्यालय र बालबालिका**

रंगेली नगरमा आइपर्ने संभावित विपत्तिमा आगलागीका घटनाहरू ज्यादा हुने गरेका छन् । आगलागी वर्षभरि नै हुन सक्ने घटना भए पनि विशेष गरी सुख्खा र गर्मी मौसममा ज्यादा हुने गरेको छ । आगलागी विद्यालयमा भएको खण्डमा विद्यालयको भौतिक सम्पत्तिको विनास भई विद्यार्थीका लागि बनाइका भवन फर्निचर शिक्षण सामग्रीको अभाव हुन गई विद्यार्थीको सिकाईमा प्रत्यक्ष प्रभाव पर्दछ । विद्यार्थीका घरमा आगलागी हुँदा पनि सो परिवारका बालबालिकाका लागि पाठ्यपुस्तक, पोसाक, शिक्षण सामग्रीको अभाव हुन जान्छ ।

रंगेली नगर चिसाङ र बकाहा जस्ता दुई विनासकारी खोलाको बिचमा परेको हुँदा यसले हरेक वर्ष समस्या पार्ने गरेको छ । बर्खामा पानीको बहाब उच्च भई र तटबन्धन फुटाएर गाउँ पस्दा विद्यालय तथा विद्यार्थीका परिवार ठूलो सङ्ख्यामा प्रभावित हुने गरेका छन् । रंगेलीका विद्यालयहरूले एसआइपीमा विपद् व्यवस्थापनलाई उल्लेख गरेका छन् तथापि विपत्तिका लागि प्रतिकार्यको पूर्व तयारीका लागि खास ध्यान दिएको पाइदैन ।

## चुनौती

- प्राकृतिक प्रकोप, महामारी वा अन्य सामाजिक सांस्कृतिक कारणले उत्पन्न हुने आपतकालीन अवस्थाको स्थान, परिवेश र अवस्थाको पूर्वानुमान गर्न कठिन हुनु,
- विपद् जोखिम न्यूनीकरण गर्ने भवन र भौतिक संरचना निर्माण तथा समयसमयमा मर्मत गर्ने आर्थिक सक्षमता विद्यालयसँग नहुनु,
- आपतकालीन अवस्थाको वैकल्पिक शिक्षा योजनामा समावेश गरी कार्यान्वयन गर्ने क्षमता सबै विद्यालयसँग नहुनु,

- विद्यालय सुरक्षाका लागि नीतिगत रूपमा भएका व्यवस्थाहरूलाई कार्यान्वयन गर्न कठिन हुनु,
- जोखिम तथा समस्यामा रहेका बालबालिकाहरूलाई मनोविमर्श प्रदान गर्न दक्ष जनशक्ति र व्यवस्थापन गर्न कठिनाइ हुनु ।

**अवसर**

- तराई क्षेत्रमा रहेको नगरपालिका भएकोले प्राय सबै विद्यालयसम्म पुग्न बाटोघाटोको राम्रो व्यवस्था हुनु,
- हरेक विद्यालयले आफ्नो विद्यालय सुधार योजनामा विपद् व्यवस्थापनलाई समावेश गर्नु,
- विभिन्न क्षेत्रमा बनेका ऐन कानून र नीति नियमहरूले विभेद, हिंसा, असुरक्षा र दुर्व्यवहारलाई अन्त्य गर्ने सवाललाई प्राथमिकता दिएको अवस्था छ ।
- विभेद, दुर्व्यवहार, हिंसा अन्त्यका लागि मुलुकले विभिन्न अन्तर्राष्ट्रिय सन्धि र सम्झौताहरूका हस्ताक्षर गरेको छ ।
- मुलुकभित्र सुरक्षित विद्यालय व्यवस्थापनका लागि सरकारका अतिरिक्त गैरसरकारी क्षेत्रका संघसंस्थाहरू पनि सरकारसँग सहकार्य र लगानी गर्ने सवालमा अघि बढेको अवस्था छ ।
- सरोकारवाला र नागरिक समाजमा समेत व्यक्तिगत हिसावले पनि हिंसामुक्त र विभेदमुक्त समाजका लागि उन्मुख भएको अवस्था छ ।
- महामारी र प्रकोपको अवधिमा मनकारी मानिसहरू र उनीहरूमार्फत सञ्चालन भएका संघसंस्थाहरूले समेत उल्लेख्य योगदान गरेको अवस्था छ ।
- विद्यार्थीको निम्ति प्रदान गरिने मनोसामाजिक परामर्शको क्षेत्र तीनओटै तहको सरकारको प्राथमिकतामा पर्नु,
- मनोसामाजिक परामर्शको क्षेत्रमा गैरसरकारी क्षेत्रबाट सीमित भए पनि पाठयक्रममा समेत मनोसामाजिक परामर्शको क्षेत्रलाई समेटिनु ।

### ४.५.२ उद्देश्य

१. सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु,
२.विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड सहितको गुरुयोजनाको विकास र कार्यान्वयन गर्नु,
३. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु,
४. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु,
५.आपद्कालीन अवस्थामा वैकल्पिक सिकाईका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।

### ४.५.३ रणनीति :

१.शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने,
२.विपद व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने,
३. शिक्षा क्षेत्रलाई प्रभाव पार्न सक्ने विपद् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने,
४. विद्यालयको तह, विद्यार्थी सङख्या र लागतका आधारमा विद्यालयमा आवश्यक पर्ने पूर्वाधार विकासको मापदण्ड र गुरुयोजना निर्माण गरिने,
५.सङ्कटका समयमा शिक्षण सिकाईलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गर्ने,

६ सबै माध्यमिक विद्यालय पुस्तकालय, विज्ञान प्रयोगशाला र सूचना प्रविधि प्रयोगशाला तथा एक आधारभूत विद्यालयका हरेक कक्षाकोठामा पढाई कुनाबुक (कर्नर) निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइने,
७. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ र प्रदेश सरकार तथा विकास साझेदार तथा विभिन्न सङ्घसंस्था एवम् निकायहरूसँग लागत साझेदारी गरिने,
८..स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति बनाई उक्त समितिले विपद व्यवस्थापन, तथा विपद् जोखिम न्यूनीकरण तथा उत्थानशील शिक्षा सम्बन्धी कार्यमा अनुगमन निरीक्षण गर्ने,
९. हरेक विद्यालयमा सुरक्षित विद्यालय र मनोसामाजिक विमर्श कार्यलाई सफल बनाउन फोकल शिक्षक तोक्ने व्यवस्था मिलाउने ।

### ४.५.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू (Output, Key Result, Major Activities and Target)

**क) उपलब्धि** (Outcomes)

सम्भावित जोखिमको पूर्वानुमान गरी उक्त जोखिमबाट सुरक्षित हुनका लागि आवश्यक पूर्वतयारी गर्ने र सङ्कटको अवस्थामा पनि बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने तथा अधिकारलाई सुनिश्चितता गर्ने ।

**ख) प्रमुख नतिजा** (Key Results)

१. रंगेली नगरपालिकाभित्र आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने,
२. रंगेली नगरपालिकाभित्रका विद्यालयहरूमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुनरुत्थानको योजना तथा क्षमता विकास हुने,
३ .महामारी र सङ्कटको समयमा स्वास्थ्य उपचारसहित शिक्षाको व्यवस्थापन र सेवा प्रवाह गरी सिकाईको निरन्तरता हुने,
४. युद्ध, सामाजिक द्वन्द्व, हिंसा र बसाइसराइको अवस्थामा पनि आधारभूत आवश्यकताको पूर्ति सहित सिकाईको निरन्तरता हुने,
५. विद्यालयमा सुरक्षित र भयरहित वातावरणमा सिक्ने र सिकाउने वातावरणको सिर्जना हुने,
६.समस्यामा परेका बालबालिकालाई मनोसमाजिक परामर्श उपलब्ध गराई सिकाई सहभागिता सुनिश्चित गर्ने ।

**ग) प्रमुख क्रियाकलाप र लक्ष्य** (Major Activities and Target)

| क. सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | |
| १ | सुरक्षित विद्यालय तथा मनोसामाजिक विमर्श सेवा समावेश गरी रंगेली नगरपालिकाको शिक्षा नीति तथा सबै विद्यालयको विद्यालय सुधार योजना अद्यावधिक गर्न | नपा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | नपा |
| २ | सम्पूर्ण विद्यालयहरूमा सुरक्षित विद्यालय र मनोसामजिक विमर्श सेवा सम्बन्धी योजना र | नपा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | नपा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | रणनीति को निर्माणमा सहजीकरण | | | | | | | | |
| ३ | नगरपालिकाको सुरक्षित विद्यालयको न्यूनतम मापदण्डको निर्माण | नपा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | नपा |
| ४ | सुरक्षित विद्यालय र मनोसामाजिक<br>विमर्श विषयमा विद्यालयका प्र.अ., र फोकल शिक्षकलाई तालिम | नपा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | नपा |
| ५ | विपद्मा पनि सिकाईलाई निरन्तरता दिनका लागि सबै विद्यालय र नगरपालिकाको आपतकालिन शिक्षा योजना निर्माण र कार्यान्वयन गर्ने | नपा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | नपा |
| ६ | विद्यालयले वैकल्पिक सिकाई कार्यक्रम सञ्चालन | विद्यालय | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |
| ७ | नगरपालिका र विद्यालय तहमा विपदको अवस्थामा शिक्षालाइ निरन्तरता दिनका यन्त्र , उपकरण औषधी खद्यान्न,खानेपानी, शौचालय, खेलमैदान, सरसफाइ किट, प्राथमिक उपचार बाकस तथा राहत सामग्रीको प्रबन्ध गन | नपा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | नपा |
| ८ | मनोसामाजिक परामर्शका लागि आवश्यक संरचना र जनशक्तिको स्थापना | नपा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | १००% | नपा |
| ९ | हरित विद्यालय निर्माण | | | | | | | | |

## ४.६ विद्यालयमा भौतिक पूर्वाधार विकास

गुणस्तरीय विद्यालयका लागि सुरक्षित विद्यालय भवन, कक्षाकोठा, खेलमैदान, शौचालय, खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक

पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने नीतिगत व्यवस्था गरिएको छ ।

### ४.६.१ वर्तमान अवस्था

**क) विद्यालय भवन**

राष्ट्रिय शिक्षा नीतिले अवलम्बन गरेको सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाई अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजनामा प्रस्ताव गरिएको छ । नगरपालिकामा हाल २७ वटा सामुदायिक विद्यालय र १४ओटा संस्थागत विद्यालयहरू रहेका छन । सामुदायिक विद्यालयहरूमा करिब १२० को हाराहारीमा विद्यालय भवन रहेका छन् । तीमध्ये ३५ भवन मात्र पक्की छन । ती भवनमा करिब १४० कक्षाकोठा सञ्चालनमा रहेका छन् । कक्षाकोठा पक्की १४० र कच्ची २१० ओटा रहेका छन् । हाल १०० ओटा कक्षाकोठा नपुग रहेको अनुमान छ ।

**ख) विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला र पुस्तकालय**

सामुदायिक विद्यालयतर्फ सबै माध्यमिक विद्यालयमा अलग्गै कम्प्युटर प्रयोगशाला, विज्ञान प्रयोगशाला छन् । धेरैजसो माध्यमिक विद्यालयमा अलग्गै पुस्तकालय भए पनि केही माध्यमिक विद्यालयमा अन्य कोठामै पुस्तकालय राखिएको छ । संस्थागत विद्यालयतर्फ सबै माध्यमिक विद्यालयमा अलग्गै कम्प्युटर प्रयोगशाला छन् । धेरैजसो माध्यमिक विद्यालयमा अलग्गै पुस्तकालय र विज्ञान प्रयोगशाला भए पनि केही माध्यमिक विद्यालयमा अन्य कोठामै पुस्तकालय र विज्ञान प्रयोगशाला राखिएको छ ।

**ग) शौंचालय**

सबै सामुदायिक र संस्थागत विद्यालयमा गरी जम्मा शौचालयको सुविधा छ । तैपनि केही विद्यालयमा वास सहितको शौंचालयको अभाव छ । शौचालय भएका धेरैजसोमा पानीको राम्रो आपूर्ति भएको देखिदैन । सरसफाइको पनि पर्याप्त व्यवस्था हुन सकेको छैन । कक्षाकोठा, छात्राका लागि बेग्लै शौचालयसमेत हालसम्म पूर्ण हुन सकेको छैन भने शैक्षिक सत्रको सुरुवातसंगै बालबालिकाको हातमा पाठयपुस्तक उपलब्ध गराउन सकिएको छैन ।
राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरूलाई प्राप्त ४ कोठे भवन नगरपालिकाले टेन्डरमा गराएर अधुरो छोडेको अवस्था छ । प्रदेश सरकारबाट प्राप्त भौतिक पूर्वाधार सम्बन्धी कार्यक्रमहरू मागमा आधारित नहुँदा झनै समस्या भएको छ । विद्यालयमा भवन निर्माण गर्ने सिलसिलामा भवन आचार संहिताको पूर्ण रूपमा पालना नभएका कारण धेरैजसो विद्यालयहरू अपाङगतामैत्री र विपद्प्रतिरोधी बन्न सकेका छैनन । केन्द्रीय, प्रदेश र स्थानीय तहबाट विद्यालयलाई भौतिक सुविधाका लागि दिइने कार्यक्रम आवश्यकताभन्दा ज्यादा पहुँच र राजनीतिक प्रभावमा वितरण हुने गरेको देखिन्छ । समग्रमा विद्यालयको पूर्वाधार विकासमा तीन तहका सरकार र विकास साझेदार निकायहरूबीचको समन्वय र सहकार्य अपेक्षित रूपमा प्रभावकारी र नतिजामूलक बन्न सकिरहेको छैन ।

**चुनौती :**

हालको अवस्थामा विद्यालय पूर्वाधार विकासमा निम्नलिखित चुनौतीहरू देखिन्छन् :

- आवश्यकताअनुसार गुणस्तरीय र सुरक्षित कक्षाकोठा पर्याप्त नहुनु,
- पूर्वाधारका लागि स्रोत व्यवस्थापन गर्न नसक्नु,
- पूर्वाधारलाई अपाङ्गमैत्री र बालमैत्री बनाउन नसक्नु,
- पूर्वाधार विकासका विधि र प्रक्रियालाई पारदर्शी, गुणस्तरीय र जवाफदेही बनाउन नसक्नु,
- भौतिक संरचनालाई समय समयमा मर्मत गर्न ध्यान नदिनु,
- केही विद्यालयमा अझै पुस्तकालय, शौंचालय र विज्ञान प्रयोगशालाका लागि व्यवस्थितरूपमा अलग्गै कोठाको व्यवस्था गर्न नसक्नु,

- भौतिक पूर्वाधार निर्माणको कार्यक्रमका लागि विद्यालय छनोट गर्दा मापदण्ड र प्राथमिकतालाई ध्यान दिन नसक्नु ।

**अवसर**

- विद्यालयहरूलाई सङ्घीय र प्रदेश सरकारबाट समेत भौतिक पूर्वाधारमा सहयोग गर्नु
- स्थानीय सरकारबाट समेत सहयोग गर्नु,
- भौतिक पूर्वाधार निर्माणको गुणस्तरीयतामा प्रत्यक्ष रेखदेख गर्ने प्राविधिक जनशक्ति स्थानीय तहमा उपलब्ध हुनु,
- विद्यालयहरूले पनि भौतिक पूर्वाधार सुधारलाई उच्च प्राथमिकता दिनु ,
- सबै माध्यमिक विद्यालयमा कम्प्युटर, पुस्तकालय र विज्ञान प्रयोगशालाको लागि कोटा उपलब्ध गराउनु ।

### ४.६.२ लक्ष्य (Goal)

सुरक्षित र सुविधायुक्त विद्यालय निर्माण गरी बालबालिकालाई सिकाई अनुकूलको वातावरण सुनिश्चित गर्नु ।

### ४.६.३ उद्देश्य (Objectives)

१. सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु,
२.विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड सहितको गुरुयोजनाको विकास र कार्यान्वयन गर्नु,
३.विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड निर्धारण गरी सोअनुसारको सुरक्षित विद्यालय पूर्वाधार निर्माण गर्नु,
४. गुणस्तरीय पूर्वाधार विकास एवम विस्तारका लागि पारदर्शी एवम् जवाफदेही प्रणालीको विकास गर्नु,
५. जलवायु परिवर्तनका असरबाट सुरक्षित हुन विपद्मैत्री संरचना निर्माणका लागि उचित परामर्श गर्नु ।

### ४.६.४ रणनीतिहरू (Strategies)

१. विद्यालयको तह र विद्यार्थी सङ्ख्या आधारमा विद्यालयमा आवश्यक पर्ने पूर्वाधार विकासको मापदण्ड र गुरुयोजना निर्माण गरिने छ ।
२. विद्यालयको समग्र पक्षमा सुधार ल्याउनका लागि रंगेली शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।
३. नगरपालिकामा सञ्चालन भएका विद्यालयहरूमा पूर्वाधार विकासका लागि सङ्घ र प्रदेश सरकार, विकास साझेदार एवम् नगरपालिकाको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरिने छ ।
४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकताअनुसार सबलीकरण तथा पुनर्निर्माण एवम् मर्मत सम्भार गर्ने,
५. हरेक माध्यमिक विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला र सूचना प्रविधि प्रयोगशाला तथा एक हरेक आधारभूत विद्यालयमा पढाई कुना निर्माण गरिने कार्यलाई प्राथमिकता दिइने,
६. विद्यालय पूर्वाधार विकासका लागि संघ र प्रदेश सरकार तथा विकास साझेदार तथा विभिन्न संघसंस्था एवं निकायहरूसँग लागत साझेदारी गरिने,
सुरक्षित र सुविधायुक्त विद्यालय निर्माण गरी बालबालिकालाई सिकाई अनुकूलको वातावरण सुनिश्चित गर्नु ।
७. विद्यालयहरूमा कक्षाकोठका अतिरिक्त शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, खानेपानी, शौचालय, चमेनागृह समेतलाई योजनामा समावेश गरिने छ,
९. पुराना जस्ता पाता भएका विद्यालयका सबै छानोमा नयाँ रङ्गीन जस्तापाताको व्यवस्था गरिने,
१० सबै विद्यालय भवनहरूमा नगरको आफ्नो पहिचान झल्किने गरी एउटै ढाँचामा रङरोगन गर्ने काम गरिने छ ।

### ४.६.५ प्रमुख उपलब्धि, तथा नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू (Output, Key Result, Major Activities and Target)

**क) उपलब्धि** (Output)

१.सबै विद्यालयमा पर्याप्त भौतिक संरचना निर्माण हुने, २.सबै विद्यालयका भौतिक संरचना बालमैत्री अपाङ्गमैत्री र सुरक्षित हुने ,

३.सबै विद्यालयका विद्यालय भवनमा नगरको पहिचानसहितको रङरोगन गरिने,

४. सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने

**ख) नतिजा** (Key Results)

१. विद्यालय शिक्षा अन्तर्गत विकास एवम् विस्तार गर्नुपर्ने भौतिक मापदण्ड तथा गुरुयोजना निर्माण भएको हुने,

२.नगरपालिकामा रंगेली शैक्षिक सुधार कार्यक्रम सञ्चालन भएको हुने,

३. रंगेली नमुना विद्यालय कार्यक्रम सञ्चालन भएको हुने,

४. नगरपालिकाका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार भएको हुने, ५. विद्यालयहरूमा अपाङगता एवम छात्रामैत्री संरचना व्यवस्था भएको हुने, ६. सबै माध्यमिक विद्यालयहरूमा पुस्तकालय र प्रयोशालाहरू तथा आधारभूत विद्यालयहरूमा पढाइ कुना भएको हुने,

७. विद्यालयहरूमा बनेका संरचनाको सम्वर्धन तथा मर्मत सम्भारका लागि नियमित पद्धति विकास भएको हुने,

८. विद्यार्थीहरूका लागि सुविधायुक्त डेक्सबेञ्च निर्माण भएको हुने ।

**ग) प्रमुख कियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | |
| १ | विद्यालयका लागि भौतिक पूर्वाधार मापदण्ड तयार गरी लागु गर्न | पटक | १ पटक | | | | | २ पटक | नपा |
| २ | नगर स्तरीय विद्यालय पूर्वाधार गुरुयोजना निर्माण | पटक | | १ पटक | | | | २ पटक | नपा |
| ३ | विद्यालय भौतिक विकास र सुधार कार्यक्रम | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नपा |
| ४ | रंगेली शैक्षिक सुधार कार्यक्रम सञ्चालन | संख्या | ३ | ४ | ५ | ६ | ७ | २० | नपा |
| ५ | रंगेली नमुना विद्यालय कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | १० | नपा |
| ६ | जस्तापाता फेर्ने | संख्या | २ | ३ | ४ | ५ | ६ | २४ | नपा |
| ७ | माध्यमिक विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर प्रयोगशाला | संख्या | ३ | ३ | सबै | सबै | सबै | सबै | नपा |
| ८ | आधारभूत तहमा पुस्तक कुना निर्माण | संख्या | ३ | ३ | ३ | ३ | ३ | सबै | नपा |
| ९ | विद्यालय रङरोगन | संख्या | ३ | ४ | ४ | ४ | ४ | सबै | नपा |
| १० | कक्षाकोठा मर्मत | संख्या | ४ | ४ | ५ | ५ | ५ | सबै | नपा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम | | | | | | | | |
| **११** | डेक्सबेञ्च निर्माण | **जेडा** | १०० | १०० | १०० | १०० | १०० | ७०० | नपा |

## ४.७ विद्यालयमा सूचना तथा प्रविधि

**परिचय**

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याउने काम गर्दछ । सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाईको साधनका रूपमा प्रयोग गरी सिकाईमा सुधार गर्न सहयोग गर्दछ । सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग अपरिहार्य जस्तै छ । नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुऱ्याउने विषयमा नीति निर्धारण गरेको छ ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षणसंस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने, तालिम, शिक्षणसिकाई तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरु योजना (२०१३-२०१७) ले १० हजार विद्यालयमा शिक्षण सिकाईका लागि इन्टरनेट कनेक्टिभिटी सहित सूचना प्रविधिका संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने लक्ष्य राखेको थियो । नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको सिकाई केन्द्र स्थापना गर्ने, एकीकृत लेखा सफ्टवेयर (SAS) कार्यान्वयन गर्ने र शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) विकास गर्ने जस्ता कार्यक्रमहरू समेत विद्यालय क्षेत्र विकास योजनामा समावेश गरिएको छ । अबको विश्व परिवेशमा सुहाउँदो जनशक्ति उत्पादनका लागि पालिकाले सूचना तथा सञ्चार प्रविधि सम्बन्धी विशेष योजना बनाउनु आवश्यक छ ।

### ४.७.१ वर्तमान अवस्था

हाल रंगेली नगरपालिकामा रहेका २७ वटै सामुदायिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको न्यूनतम प्रयोग भई रहेको छ, । करिब सबै विद्यालयहरूमा कम्प्युटर तथा इन्टरनेटको आधारभूत सुविधा रहेको छ । इन्टरनेटको व्यवस्था गर्न सबै सामुदायिक विद्यालयलाई वर्षेनि १२००० रकम उपलब्ध गराउने गरिएको छ । विद्यालय क्षेत्र विकास योजनाको समयावधिमा प्रत्येक माध्यमिक विद्यालयमा एउटा सूचना प्रविधि ल्याब स्थापना गर्ने नीति अनुरूप हालसम्म यस नगरपालिकाका सबै सामुदायिक माध्यमिक विद्यालयमा ल्याब स्थापना भइसकेको अवस्था छ । संस्थागत विद्यालयहरूले पनि आफ्नै स्रोत साधनबाट कम्प्युटर ल्याब स्थापना गरी विद्यार्थीहरूका लागि प्रयोग गराउँदै आएको अवस्था छ । कक्षा ४ देखि १० सम्म विज्ञान तथा प्रविधि विषयमा सूचना प्रविधि र कम्प्युटरसँग सम्बन्धित पाठ राखिएको छ भने केही विद्यालमा ऐच्छिक. विषयका रूपमा छुट्टै कम्प्युटर विषय पठनपाठन गराउने गरेका छन् ।

सबै विद्यालयहरूमा वैकल्पिक माध्यमबाट विद्यार्थीको सिकाई सहजीकरण गर्न इन्टरनेट जडानका लागि सबै सामुदायिक विद्यालयहरूलाई अनुदान समेत उपलब्ध गराइएको अवस्था छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्माण र विकास गरेका डिजिटल सामग्रीको प्रयोगमा विद्यालय, शिक्षक र विद्यार्थीले आफ्नो पहुँच र प्रभावकरिता वृद्धि गर्दै लगेको पाइन्छ । विद्यालयको सम्पूर्ण तथ्याङ्कलाई शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS) मा प्रविष्ट गर्ने कार्यलाई समेत प्रभावकारी बनाइएको छ । जुमबाट तालिम र गोष्ठी सञ्चालन हुने गरेका छन् । कोभिड १९ को

समयमा विद्यालय लामो समय बन्द रहँदा अनलाइन कक्षाको महत्त्व बढेर गएको हो । सूचना र सञ्चार प्रविधिको प्रयोगले सङ्कटको समयमा मात्र नभई नियमित सिकाई गतिविधिमा समेत यसको महत्त्व र प्रभावकारिता बढ्दै गएको छ ।

रंगेली नगरका केही विद्यालयहरूका कक्षा कोठामा इन्टरएक्टिभ प्यानल बोर्ड समेतले प्रवेश पाएको अवस्था छ । विद्यार्थीहरू विद्यालयहरूका आइसिटी ल्याबमा बसेर सूचना र प्रविधि ज्ञान सिक्ने स्थापना भएका छन् । सिसी क्यामेराको प्रयोग बढनु, लेखा क्षेत्रमा सफटवेयर निर्माण र प्रयोग हुनु सकारात्मक कुरा हुन् । रंगेली नगरभित्रका विद्यालयका कक्षा कोठामा शिक्षण सिकाई सहजीकरणका लागि प्रोजेक्टर, ल्यापटप, मोबाइल, अडियो जस्ता सामग्रीको प्रयोग बढ्दै गएको छ । हालको अवस्थाले बिहानीको सङ्केत त अवश्य दिन्छ यसमा समयानुकूल थप विस्तार विकास गर्न प्राथमिकता दिनुपर्दछ । कक्षा कोठालाई रुचिकर साथै सूचना तथा प्रविधिमा आधारित बनाई सिकाईमा प्रभावकरिता ल्याउन विशेष योजना बनाउनु आवश्यक छ ।

**चुनौती**

रंगेली नगरभित्रका विद्यालयहरूमा सूचना प्रविधि प्रयोगका सन्दर्भमा हाल देखिएका चुनौतीहरू यस प्रकार छन् :

- विद्यालयहरूमा अझै पनि सबै शिक्षक सूचना र प्रविधिमा दक्ष नहुनु,
- कक्षा कोठामा शिक्षण सिकाईका लागि पर्याप्त सूचना प्रविधिका सामग्री नहुनु, भएका सामग्रीहरूमा हुने ससाना समस्या समाधान गर्ने प्राविधिक ज्ञान नहुनु,
- .सामग्रीहरू महंगो हुनु, विद्यालयसँग खरिद गर्ने आर्थिक क्षमता नहुनु ,
- वैकल्पिक उर्जाको व्यवस्था नभएकाले बत्ति अभावका कारण विद्यालयका प्रशासनिक लगायत शिक्षणका कार्यहरू लामो समयसम्म अवरुद्ध हुनु,
- बिग्रिएको अवस्थामा मर्मत गर्ने स्रोत साधन नहुनु, मर्मत गर्न सहयोग प्राप्त नहुनु,
- . सूचना प्रविधि र हाम्रो पाठयक्रमका बिचमा खाडल रहनु,

**अवसर**

रंगेली नगरभित्रका विद्यालयहरूमा सूचना प्रविधि प्रयोगका अवसरहरू यस प्रकार छन् :

- विभिन्न व्यावसायिक कम्पनीबाट नगरभरी इन्टरनेटको सुविधा उपलब्ध हुनु,
- नगरभरिका सबै विद्यालयमा विद्युत उपलब्ध हुनु,
- बेलाबखतमा EMIS सम्बन्धी सिप अद्यावधिक गर्ने पुनर्ताजगी तालिम सञ्चालन हुनु,
- सबै विद्यालयहरूमा कम्प्युटर र प्रिन्टर उपलब्ध हुनु,
- सबै माध्यमिक र केही आधारभूत विद्यालयमा आइसिटी ल्याब स्थापना हुनु,
- अन्तरक्रियात्मक डिजिटल सामग्रीको पर्याप्त विकास गर्नु,
- नगरपालिकाले शिक्षकलाई आइसिटी तालिमको व्यवस्था गर्नु
- शिक्षा तथा मानव स्रोत विकास केन्द्रले उत्पादन विकास गरेका डिजिटल सामग्रीको प्रयोग शिक्षक र विद्यार्थीले गर्ने क्रम बढ्नु,
- प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापनप्रति चासो बढ्नु ।

## ४.७.२ लक्ष्य (Goal)

सूचना तथा सञ्चार प्रविधको प्रयोगले विद्यार्थीको सिकाई तथा शिक्षा व्यवस्थापनमा सुधार आई गुणस्तरीय शिक्षाको प्रवर्धन हुने ।

### ४.७.३ उद्देश्य (Objectives)

१. सिकाईलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्ने,
२. सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने,
३. शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी र पारदर्शी बनाउनु ।
४. विपद्को समयमा समेत विद्यालयका शैक्षिक गतिविधिहरूलाई निरन्तरता दिनका लागि प्रविधिसँग सम्बन्धित संरचना र स्रोत व्यवस्थापन गर्नु ।

### ४.७.४ रणनीतिहरू (Stratigies)

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिने,
२. शिक्षकहरूको सूचना तथा सञ्चार प्रविधिको क्षमता विकास गरिने,
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाइने,
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
५. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच बिस्तार गरिने,
६ शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरिने,
७. विपद तथा सङकटको समयमा समेत विद्यार्थीको सिकाईलाई निरन्तरता दिन सक्ने गरी सिकाईका वैकल्पिक विधिको रूपमा प्रविधिलाई प्रयोग गर्न सक्ने गरी कार्यक्रम सञ्चालन गरिने,
८. सबै माध्यमिक विद्यालयहरूमा वेभसाइट, विद्युतीय हाजिरी र सि.सि. क्यामेराको व्यवस्था गरिने,
९. विद्यालयमा शिक्षक तथा कर्मचारीहरूलाई प्रविधिको बढीभन्दा बढी प्रयोग गर्न प्रोत्साहित गरिने,
१०. सामुदायिक अध्ययन केन्द्रहरूमा Digital Learning Center स्थापनामा प्रोसाहन गरिने ।

### ४.७.५ प्रमुख कियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | |
| १ | नगरपालिका र शिक्षालयहरू बिचको कारोबारलाई क्रमश: योजना अवधिसम्म पूर्ण रूपले कागजविहिन (Paperless) गरिने | संख्या | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | |
| २ | सूचना र प्रविधिको प्रयोगलाई उपयुक्त र सामाजिक बनाउनका लागि आचारसहिंताको निर्माण गरिने | पटक | १ पटक | | | | | १ पटक | |
| ३ | शिक्षणमा सूचना प्रविधिको प्रयोगमा वृद्धि | संख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ हुने | संख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | शिक्षण सिकाईमा सूचना | संख्या | १३ | १५ | २० | २५ | सबै | सबै | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रविधिको प्रयोग हुने विद्यालय | | | | | | | | |
| ६ | सामूदायिक सिकाई केन्द्रहरूलाई डिजिटल लर्निङ सेन्टरको रूपमा विकास गरिने | संख्या | | | १ | २ | सबै | सबै | |
| ७ | बालविकास कक्षामा स्मार्ट टेलिभिजनको व्यवस्थापन | संख्या | ५ | ५ | ५ | ५ | सबै | सबै | |
| ८ | सबै माध्यमिक विद्यालयहरूरूमा वेभसाइट, विद्युतीय हाजिरी र सि.सि. क्यामेरा जडान गरिने | संख्या | १३ | २० | सबै | सबै | सबै | सबै | |
| ९ | शिक्षकहरूमा सञ्चार प्रविधिसम्बन्धी क्षमताको विकास गर्ने | संख्या | १३ | २० | सबै | सबै | सबै | सबै | |
| १० | शिक्षक र शैक्षिक व्यवस्थापनको ICT सम्बन्धीको क्षमता अभिवृद्धि गर्ने | संख्या | १३ | २० | सबै | सबै | सबै | सबै | |
| ११ | एक शिक्षक एक ल्यापटप कार्यक्रमको विस्तार गर्ने | जोडा | ५० | ५० | ५० | ५० | सबै | सबै | |
| १२ | भर्चुअल कक्षा सञ्चालन गरिने । | संख्या | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |
| १३ | आइसिटी मर्मत केन्द्र सञ्चालन गरिने | संख्या | १ | १ | १ | १ | १ | १ | |
| १४ | मावि तहमा इ लाइब्रेरी सञ्चालन | संख्या | २ | ३ | ५ | ८ | सबै | सबै | |

परिच्छेद : पाँच

# शिक्षाका उपक्षेत्रहरू

**परिचय**

शिक्षाका विभिन्न उपक्षेत्रहरू प्राविधिक तथा व्यावसायिक शिक्षा, अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा, विशेष शिक्षा, उच्च शिक्षा, प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, शिक्षक व्यवस्थापन, पाठ्यक्रम तथा पाठ्यसामग्री र विभिन्न अन्तरसम्बन्धित सवालहरुका वर्तमान अवस्थाको समीक्षा गरी चुनौती र अवसरसमेत पहिचान गरिएको छ। यसमा प्रत्येक क्षेत्रको अलग अलग रुपमा निर्धारण गरिएका उद्देश्य प्राप्तिका लागि आवश्यक क्षेत्रगत रणनीतिहरू र प्रमुख क्रियाकलापहरू तथा अपेक्षित लक्ष्यहरू निर्धारण गरिएको छ। रंगेली नगरपालिकाले विकास र कार्यान्वयन गरेको स्थानीय पाठ्यक्रमलाई पनि यस योजनाको एउटा महत्वपूर्ण आधार मानिएको छ।

## ५.१ प्राविधिक तथा व्यावसायिक शिक्षा

### ५.१.१ वर्तमान अवस्था

प्राविधिक तथा व्यावसायिक शिक्षा रोजगारीका अवसरको सिर्जनाको लागि मुख्य आधार हो। यस क्षेत्रको विकास तथा विस्तारमा हाल प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सञ्चालित कार्यक्रमहरू तथा विद्यालय तहमा कक्षा ९ देखि १२ सम्मको प्राविधिक धारमा विद्यालय शिक्षा साथै व्यावसायिक तथा सिप विकास तालिम हरु सञ्चालनमा रहेका छन्। सङ्घीय व्यवस्थाअनुसार सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मातहतमा रहने गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको व्यवस्था गरिएको छ। यसै गरी श्रम तथा रोजगार,उद्योग लगायतका मन्त्रालयहरुबाट समेत यससम्बन्धी सिप विकास तालिम कार्यक्रम सञ्चालनमा रहेका छन्। हाल देशभरि आङ्गिक, सम्बन्धन प्राप्त, परिषद्सँग सम्बन्धन लिएर सामुदायिक र निजी संस्थाहरूले डिप्लोमा, प्रमाणपत्र तह र प्राविधिक एसइई र छोटो अवधिको सीपमूलक तालिम सञ्चालनमा रहेका छन्।

रंगेलीमा अहिलेसम्म प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएको कुनै पनि विद्यालय छैन। रंगेली बजार स्थित पब्लिक माध्यमिक विद्यालयमो डिप्लोमा इन सिभिल इन्जिनियरिङ कार्यक्रम सञ्चालन भएको छ। तर विद्यालय तहको प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम सञ्चालन भएको छैन।

**चुनौती**

- संघीय संरचनामा विद्यालयको शिक्षासँग सँगै प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमका लागि स्थानीय तहमा नीति, कार्यक्रम, समन्वय, सहयोग तथा व्यवस्थापन गर्ने संरचना र जिम्मेवारीको संयन्त्र विकास प्रभावकारी हुन नसक्नु,
- सार्वजनिक निजी साझेदारीको माध्यमबाट प्राविधिक तथा व्यावसायिक शिक्षाको, बजारको माग र तालिम प्राप्त जनशक्तिको मेल हुने प्रणाली स्थापित गर्नु
- सबै माध्यमिक विद्यालयसम्म प्राविधिक शिक्षा विस्तार गर्न नसक्नु,
- प्रशिक्षकहरूको विकास र उत्प्रेरणा, प्रयोगशाला, पाठ्यसामग्री, कक्षा ९ देखि नै प्राविधिक तथा व्यावसायिक शिक्षा दिने विद्यालयहरू सञ्चालन हुनु।

**अवसर**

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद ऐन र नियमका साथै माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षाको संरचना, कार्यक्रम र कार्यान्वयन हुनु,

- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीहरूको पहुँच विस्तार, छात्रवृत्ति लगायतका सहायता प्रणालीको व्यवस्थापन,
- प्राविधिक शिक्षामा निजी क्षेत्रको संलग्नतामा बढ्नु,
- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले प्राविधिक तथा व्यावसायिक शिक्षालाई समेटिनु,
- नगरपालिकामा कृषि, पशुजस्ता पूर्वाधार विकास शाखाहरूको सक्रियता हुनु ।

### ५.१.२ लक्ष्य

गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासलाई पहुँच पुऱ्याई सिपयुक्त एवम् उत्पादनशील जनशक्ति विकास गरी उत्पादन बढाउने ।

### ५.१.३ उद्देश्य

१.विद्यालय शिक्षाको माध्यमबाट योग्य मध्यम स्तरका जनशक्ति उत्पादनका लागि प्राविधिक शिक्षामा जोड दिने,
२.माग र जनसङ्ख्याको आधारमा थप प्राविधिक विद्यालयहरू स्थापना गर्ने,
३.प्राविधिक धारअन्तर्गत सञ्चालनमा रहेको सामुदायिक विद्यालयको संस्थागत विकास गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने,
४.माग र आवश्यकताका आधारमा छोटो अवधिका तालिम सञ्चालन गर्ने,
५.नगरपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको नियमन, व्यवस्थापन र दिगो स्रोत व्यवस्थापनका लागि संयन्त्र विकास गर्ने,
६.लक्षित समूह तथा युवाहरूलाई समतामूलक, समावेशी र रोजगारमा अधारित प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिममा पहुँच पुऱ्याउने,
७. बजारमुखी प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको प्रत्यक्ष अवसर प्रदान गर्ने,
८. विद्यालयलाई प्राविधिक तथा व्यासायिक तालिम सञ्चालन गर्न प्रोत्साहित गर्ने ।

### ५.१.४ रणनीतिहरू

१.विद्यालयको विद्यमान अवस्थाको मूल्याङकन गरी शैक्षिक गुणस्तर वृद्धि गरिनेछ ।
२.स्थानीय तहबाट बिभिन्न सहयोगको माध्यमबाट विद्यालयको विकासमा सहयोग पुरयाइनेछ ।
३.नगरपालिका स्तरमा लक्षित समूह तथा युवालाई छात्रवृत्ति लगायतका सहायता प्रणालीबाट प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा आकर्षित गरिने छ ।
४.विद्यालयमा अध्यापनरत जनशक्तिलाई अनिवार्य प्रविधिमैत्री बन्न र बनाउनका लागि कार्ययोजना तयार गरी कार्यन्वयनमा ल्याउनेछ ।
५.प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई समतामूलक, समावेशी र समन्यायिकरूपमा विस्तारका लागि नगरपालिकाको कुनै एउटा सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम लाग' गरिने छ ।
६.जनसङ्ख्या, माग र आवश्यकताको आधारमा उपर्युक्त स्थानको पहिचान गरी (नदोहोरिने गरी) थप प्राविधिक विद्यालय/विद्यालयहरूको स्थापना गर्न पहल गरिने छ ।
७. नगरपालिका अन्तर्गत एउटा बहुप्राविधिक शिक्षालय स्थापना र विकास गरिने छ ।
८.समय सान्दर्भिक र व्यावहारिक हुने गरी स्थानीय परिवेशसँग मेलखाने प्राविधिक विषयको पाठयक्रम निर्माण गरी स्थानीय कला संस्कृतिको संरक्षण एवम् जगेर्ना गरिने छ ।
९.माग तथा आवश्यकतामा आधारित सिप विकासका तालिम कार्यक्रमहरू नियमित रूपमा सञ्चालन र विस्तार गरिने छ ।
१०. सूचना प्रविधिको माध्यमबाट व्यावहारिक शिक्षा प्रदान गर्नका लागि सबै सरोकारवालाहरूलाई

प्रविधिमैत्री बनाइनेछ ।
११. कम्प्युटर इन्जिनियरिङका साथै नर्सिङ्ग, स्वास्थ्यसहायक (H. A.) जस्ता कार्यक्रमहरू सञ्चालन गर्नका लागि प्राविधिक शिक्षा शिक्षण संस्थाहरूलाई प्रोत्साहित गरिने छ ।
१२. तालिम प्राप्त शिक्षकहरूलाई आकर्षण गर्नका लागि विभिन्न सेवा सुविधामा बढोत्तरी तथा पेसामा स्थायित्वको नियमनकारी व्यवस्थापन गरिने छ ।
१३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासलाई गुणस्तरीय र प्रभावकारी विकास र विस्तारका लागि नगरपालिका स्तरमा नीति र योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।

## ५.१.५ प्रमुख उपलब्धि, नतिजा र प्रमुख कियाकलाप र लक्ष्य

**क) उपलब्धि :**
उत्पादनशील जनशक्तिले आवश्यकता अनुसारका प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपका क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार गरेको हुने ।

**ख) प्रमुख नतिजा :**
१. स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकता अनुसारका प्राविधिक तथा व्यावसायिक सिपका क्षेत्रहरूमा पर्याप्त अवसर प्राप्त गरेको हुने
२. स्थानीय तहमा बहुप्राविधक शिक्षालय/प्राविधिक धारका माध्यमिक विद्यालयहरूको स्थापना भइ सञ्चालन हुने,
३. स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा सञ्चालित संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने,
४. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूलाई उत्पादन र आर्थिक उपार्जनसँग जोडिने,
५.स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणिकरण तथा प्रवर्धन हुने,
६.वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणिकरण तथा उपयोग हुने, वातावरण सिर्जना हुने खोज, नवप्रवर्तन तथा उद्यमशीलतामा अभिवृद्धि भएको हुने,
७.उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका अवसरमा वृद्धि हुने,
८.प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिपका क्षेत्रमा सार्वजनिक, निजी तथा सामुदायिक सहभागितामा लगानी अभिवृद्धि हुने ।

**ग) प्रमुख क्रियाकलाप र लक्ष्यः**
१ प्राविधिक धारका माध्यमिक विद्यालयहरू व्यवस्थापन र सञ्चालन गर्ने,
२. प्राविधिक धार सञ्चालन भएका विद्यालयहरूको भौतिक पूर्वाधार विकास गर्ने,
३. थप प्राविधिक विषयको पठनपाठन गर्ने विद्यालय व्यवस्थापन, सञ्चालन तथा नियमन गर्ने,
४.छोटो अवधिका सिपमूलक तालिम सञ्चालन, शिक्षक व्यवस्थापन, छात्रवृत्ति कार्यक्रम वितरण गर्ने,
५ स्थानीय स्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तर्जुमा गर्ने,
६. खोज तथा नवप्रवर्तनात्मक कार्यलाई प्रोत्साहन गर्ने,
७. स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणीकरण तथा प्रवर्धन कार्य गर्ने,
८. वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणिकरण तथा उपयोगसम्बन्धी कार्यक्रम व्यवस्थापन गर्ने,
९ उत्पादित जनशक्तिलाई श्रम क्षेत्रमा उद्यमशीलताका लागि सहयोग गर्ने ।

**घ) प्रमुख कियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क. सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | |
| १ | सामुदायिक विद्यालयमा | संख्या | | | १ | | १ | २ | विद्यालयसँ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्राविधिक धार थप | | | | | | | | ग समन्वय |
| २ | नगरपलिकामा प्राविधिक एकाई स्थापना | | | १ | | | | १ | नगर |
| ३ | प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी नगर स्तरीय नीतिको तर्जुमा | | १ | | | | १ | २ | नगर |
| ४ | युवाहरूलाई खोज र नवप्रवर्तनका लागि प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन | | ५ | १० | १५ | २० | ३० | | नगर र प्रदेश सरकार |
| ५ | प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरूलाई उद्यमशीलता विकासको लागि सहयोग कार्यक्रम | | ५ | १० | १५ | २० | ३० | १५० | नगर र प्रदेश सरकार |
| ६ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन तथा नियम | | १ | २ | २ | २ | २ | १० | नगर |

## ५.२ अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाई

**परिचय**

सिकाई जीवनभरि चलिरहने प्रक्रिया हो । शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र धारणाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात आजीवन सिकाई प्रणाली नै अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाई अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सिप र आम्दानी जोडदै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ । सबैका लागि गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाई अवसर दिगो विकासको मूल मर्म रहेकोले विगतको साक्षरताका कार्यक्रमवाट साक्षर बनेका नव साक्षरहरूका लागि मागमा आधारित निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाईका अवसर उपलव्ध गराउनु

पर्ने छ । विशेष गरी विभिन्न कारणहरुबाट शिक्षाको औपचारिक संरचना भन्दा बाहिर ठुलो सङ्ख्यामा रहेका बालबालिका, युवा, महिला र प्रौढहरूका लागि कार्यमूलक साक्षरता, डिजिटल साक्षरता, आय आर्जन, समूह साझेदारी लगायतका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ । सामुदायिक सिकाई केन्द्रको स्तरोन्नति तथा सामुदायिक तथा संस्थागत विद्यालयहरुकै अगुवाईमा यस्ता कार्यक्रमहरू सञ्चालन हुनुपर्दछ । औपचारिक र अनौपचारिक शिक्षाको विचमा सम्बन्ध स्थापित गरी व्यक्तिको आवश्यकता र अनुकूलतामा आधारित कार्यक्रम बनाउदै लैजानुपर्ने आवश्यकता रहेको छ । औपचारिक शिक्षा प्राप्त गर्ने अवसर नहुनेलाई वैकल्पिक अनौपचारिक शिक्षाको माध्यमबाट साक्षर तुल्याई माध्यमिक तहसम्म शिक्षा प्राप्त गर्ने अवस्थासम्म पुयाउने उद्देश्य बनाउन आवश्यक हुन्छ । लामो अवधिको शैक्षिक योजना निर्माण गर्दा अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाईलाई समेटनु आवश्यक छ ।

### ५.२.१ वर्तमान अवस्था

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, निरन्तर शिक्षा, सामुदायिक सिकाई केन्द्र सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन् मूल्याङ्कन र

नियमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । यसै सन्दर्भमा रंगेली नगरपालिकाले समेत अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी वहन गर्दै आएको छ । रंगेली नगरपालिकामा बसोबास गर्ने नागरिकहरुलाई कार्यमूलक साक्षर बनाउनु, साक्षरतालाई उत्पादन र उत्पादकत्वसँग जोड्नु, पूर्णसाक्षर रंगेली नगर निर्माण गर्नु, अनौपचारिक माध्यमबाट साक्षरता सिप प्राप्त गरेका व्यक्तिलाई औपचारिक शिक्षामा निरन्तरता दिनु, अनौपचारिक शिक्षालाई सञ्चार प्रविधिसँग जोड्नु, समाजमा पठन संस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउनु र औपचारिक शिक्षाबाट वञ्चितहरूका लागि भरपर्दो र सुलभ औपचारिक, खुला तथा वैकल्पिक शिक्षामा पहुँच र निरन्तरता दिनु आवश्यक छ । स्थानीय जनताको विविध आर्थिक, सामाजिक, सांस्कृतिक पक्षको एकीकृत संयोजन र रूपान्तरणमा अनौपचारिक सिकाई, निरन्तर सिकाई, जीवनपर्यन्त सिकाई सञ्चालन गर्ने उद्देश्यले रंगेली नगरपालिकामा हाल निम्न सामुदायिक विकास केन्द्र सञ्चालनमा रहेको पाइन्छ :

**सामुदायिक सिकाई केन्द्रको विवरण**

| क.सं. | नाम | स्थापना | ठेगाना |
|---|---|---|---|
| १ | भलुवा राजा सामुदायिक सिकाई केन्द |  | रंगेली २ |
| २ | दोहमना सामुदायिक सिकाई केन्द्र |  | रंगेली ९ |

**चुनौती**

- अनौपचारिक शिक्षा प्रति अभिरुचिको कमी, सहभागीहरूको अनियमितता,
- साक्षरोत्तर शिक्षाको कमी, अनौपचारिक शिक्षा प्रदान गर्ने निकायहरू बिच समन्वयको अभाव,
- सबै वडाहरूमा सामुदायिक सिकाई केन्द्रहरू व्यवस्थापन गर्न नसक्नु,
- पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता र व्यावहारिकता र स्रोत परिचालनमा कमी,
- अनौपचारिक तथा आजीवन शिक्षासम्बन्धी सहज पहुँच विस्तार, औपचारिक र अनौपचारिक शिक्षाको एकीकृत ढाँचा निर्माण, साक्षरताको व्यवहारिक मापन, गुणस्तर लेखाजोखा तथा उपयोग,
- परम्परागत र आजीवन शिक्षाको तालमेलमा समस्या ।

**अवसर**

- देशभरि साक्षरता अभियान सञ्चालन,
- राष्ट्रिय शिक्षा नीतिमा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षाको व्यवस्थापन,
- सामुदायिक सिकाई केन्द्रको स्थापना र सञ्चालन,
- शिक्षा केन्द्रबाट मात्रै सञ्चालन हुँदै रहेको स्थितिको अन्त्य गरी माध्यमिक शिक्षासम्मको व्यवस्थापनको अधिकार स्थानीय तहमा दिनु,
- शिक्षामा तीनै तहका सरकारको साझा अधिकार रहनु, अनौपचारिक तथा खुला शिक्षा विकासका लागि सुअवसर हुनु ।

### ५.२.२ लक्ष्य

सामाजिक-आर्थिक सक्षमतासहितको समतामूलक समाज निर्माणका लागि पूर्ण साक्षर नागरिक बनाई जीवनस्तरमा सुधार हुने ।

### ५.२.३ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाईसम्बन्धी निम्न उद्देश्यहरू राखेको छ :
१. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाईका सुअवसर सुनिश्चित गर्नु,
२. शिक्षाको अवसरबाट बञ्चित भएका वा विचैमा पढाई छाडेका नव साक्षर र निरक्षर व्यक्तिहरूको पहिचान गरी साक्षरता अभियान, जीवनपर्यन्त शिक्षा, खुलाशिक्षा र वैकल्पिक शिक्षामार्फत औपचारिक शिक्षासरहको शिक्षा प्रदान गर्नु,
३.अनौपचारिक तथा खुला शिक्षाका लागि पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाई सामग्री निर्माण र वितरण तथा अनुगमन, निरीक्षण र कार्यान्वयन प्रक्रियालाई तीन तहका सरकारबिचको साझेदारी र समन्वयमा सञ्चालन गर्नु,
४.अनौपचारिक, खुला र वैकल्पिक माध्यमबाट प्राप्त ज्ञान सीपलाई दैनिक जीवन र आयआर्जनका पेसा व्यवसायसँग आबद्ध गरी जीवन पर्यन्त सिकाई सुनिश्चित गर्नु,
५. पठन संस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउन सार्वजनिक पुस्तकालय, थप सामुदायिक सिकाई केन्द्र र वाचनालयहरूको स्थापना, विकास र विस्तार गर्नु,
६.सामुदायिक सिकाई केन्द्रलाई समाजको आर्थिक, शैक्षिक, सांस्कृतिक क्रियाकलापसँग एकीकृत गरी सामाजिक रूपान्तरणमा अझ प्रभावकारी बनाउनु ।

## ५.२.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :
१) मौलिक एवम् परम्परागत ज्ञान तथा सिपको पहिचान, संरक्षण, प्रवर्धन, आधुनिकीकरण एवम् हस्तान्तरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिने छ ।
२) नगरपालिकाको संयोजनमा सामुदायिक सिकाई केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक, अन्य साझेदारहरू परिचालन गरी आवश्यक पर्ने स्थानमा साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरिने छ ।
सङ्घीय र प्रदेश सरकारको समन्वयमा सिकारुका आवश्यकताअनुसार पाठ्यक्रम र सिकाई मोडुलका डिजिटल सिकाई सामग्री विकास गरी निरन्तर शिक्षाका कक्षाहरू सञ्चालन गरिने छ ।
राष्ट्रिय योग्यता प्रारूप अनुसार अनौपचारिक तथा औपचारिक शिक्षाबिच समकक्षताको लागि नीति, ऐन, नियमावली, निर्देशिका र मापदण्डको विकास र कार्यान्वयनमा सहजीकरण गरिने छ ।
५) विज्ञ समूह निर्माण गरी अनौपचारिक तथा आजीवन सिकाई र सिकाई संस्कृतिको वातावरण तयार गरिने छ ।
६. सरोकारवालाहरूको क्षमता र अपनत्व विकासका लागि सङ्घीय र प्रदेश सरकार र अन्य सरोकारवालाहरू बिच समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको मापदण्ड निर्धारण तथा संस्थागत सुदृढीकरण गरिने छ ।
७) जीवनपर्यन्त सिकाईलाई प्रभावपूर्ण बनाउन नगरपालिकामा योजना, अनुगमन र कार्यान्वयन संयन्त्र बनाइने छ ।
८. प्रत्येक वडामा एउटा सामुदायिक सिकाई केन्द्र पर्ने गरी निरक्षर व्यक्तिको सङ्ख्याका आधारमा सहयोगी कार्यकर्ता तयार गरी कक्षा सञ्चालन गरिने छ ।
९) स्थानीयस्तरमा परम्परागत रुपमा प्रचलित कला कौशल र विभिन्न क्षेत्रका ज्ञान सिप जान्ने मानिसहरूको सहयोगमा त्यस विषयका सामग्रीहरू तयार गर्न लगाउने र प्रयोग गरिने छ ।
१०) खुला विद्यालय तथा वैकल्पिक विद्यालय स्थापना गरी निरन्तर शिक्षालाई जोड दिइने छ ।
११) सामुदायिक सिकाई केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी संघ संसथाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरिने छ ।
१२) सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गरिने छ ।

१३) सामुदायिक सिकाई केन्द्रलाई समाजको आर्थिक, शैक्षिक, सांस्कृतिक क्रियाकलापसँग एकीकृत गरी सामाजिक रूपान्तरणमा अझ प्रभावकारी बनाइने छ।

१४) सामुदायिक सिकाई केन्द्रका सहयोगी कार्यकर्ताको कामलाई अझ व्यापक, प्रभावकारी बनाउनुका साथै उनीहरूको सेवासुविधा न्यायोचित बनाइने छ।

### ५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि :**

सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाईका अवसर प्राप्त हुने।

**ख) प्रमुख नतिजा :**

१. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाईका अवसरहरू प्राप्त हुने,
२. अनौपचारिक शिक्षा तथा आजीवन सिकाईको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन हुने,
३. सिकारूको आवश्यकताअनुसार जीवनपर्यन्त सिकाईका सामग्रीहरू कार्यान्वयन हुने,
४. सामुदायिक सिकाई केन्द्र आजीवन सिकाईको केन्द्रका रूपमा विकास हुने,
५. अनौपचारिक शिक्षा तथा आजीवन सिकाईबाट आर्जित ज्ञान तथा सिपको पहिचान एवम् प्रमाणीकरण गरी समकक्षता प्रदान हुने,
६. अनौपचारिक तथा आजीवन सिकाई सम्बन्धी तथ्याङ्क अध्यावधिक हुने,
७. स्थानीय तह पूर्ण साक्षर घोषणा हुने।

**ग) प्रमुख क्रियाकलाप र लक्ष्य :**

१. निरक्षरहरूको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटावेस तयारी
२. साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन
३. सामुदायिक सिकाई केन्द्र सञ्चालन
४. सामुदायिक सिकाई केन्द्रलाई सामुदायिक पुस्तकालयका रूपमा सञ्चालन
५. सामुदायिक सिकाई केन्द्रको सुदृढीकरण
६. सरकारी तथा गैर सरकारी निकायसँग साझेदारी र सहकार्य
७ .मौलिक तथा परम्परागत ज्ञानमा आधारित सामग्री विकास
८. सूचना तथा सञ्चार प्रविधिको प्रयोग
९. सिकाई सामग्री र सिकाईको प्रमाणीकरण
१०. संस्थागत प्रबन्ध
११. अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय, र धार्मिक प्रकृतिका विद्यालयहरूलाई अनुदान
१२. पूर्ण साक्षर पालिका घोषणा।

**ग) प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | |
| १ | अनौपचारिक तथा आजीवन स्वसिकाई र यसको आगामी मार्ग सम्बन्धी अवधारणापत्रको तर्जुमा तथा अभिमुखीकरण | पटक | १ पटक | | | | | २ पटक | विद्यालय सँग समन्वय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | साक्षरता र निरन्तर शिक्षाका लागि लागत सहभागिताको प्रारूपको तर्जुमा | पटक | | १ पटक | | | | २ पटक | नगर |
| ३ | निरक्षरहरूको तथ्याङ्क अद्यावधिक | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगर |
| ४ | प्रत्येक वडामा कम्तीमा एउटा सामुदायिक सिकाई केन्द्र स्थापना | संख्या | १ | १ | १ | १ | ५ | निरन्तर | नगर र प्रदेश सरकार |
| ५ | युवाहरुका लागि व्यावसायिक सिपमुलक तालिम सञ्चालन | संख्या | १ | १ | १ | १ | ५ | निरन्तर | नगर र प्रदेश सरकार |
| ६ | स्थानीय भाषा, कला र संस्कृति तथा परम्परागत सिपको संरक्षण, प्रवर्द्धन र विकास गर्ने कार्यक्रमहरू सञ्चाल | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगर |
| ७ | खुला र परम्परागत विद्यालयको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगर |
| ८ | पूर्ण साक्षर नगरपालिका घोषणा | पटक | | | | | | १ पटक | नगर |
| ९ | मावि तहका विद्यार्थीहरुबाट आफ्नो परिवारका निरक्षर सदस्यहरुलाई साक्षर बनाउनका लागि परियोजना कार्य सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नगर |

## ५.३ विशेष शिक्षा

**परिचय**

शिक्षा पाउनु सबै बालबालिकाको अधिकार हो । नेपालको संविधानले सामाजिक न्याय स्थापित गर्न समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ । साथै प्रत्येक नागरिकलाई अनिवार्य र निःशुल्क आधारभूत शिक्षा पाउने हकको व्यवस्था गरेको छ । नेपालले बाल अधिकार महासन्धि सन् १९८९ तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि सन् २००६ अनुमोदन गरेको छ । यसै गरी सबैका लागि शिक्षाको अन्तर्राष्ट्रिय अभियानमा आफ्नो प्रतिबद्धता जनाउँदै अपाङ्गता भएका बालबालिकालाई शैक्षिक मूल प्रवाहमा समावेश गरी शिक्षाको अधिकार सुनिश्चित गर्न अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति जारी गरिएको छ । समावेशी शिक्षा सबै बालबालिकाका लागि विभेदरहित वातावरणमा सांस्कृतिक, वर्गीय, जातीय एवम् भौगोलिक विविधतालाई सम्मान गर्दै आफ्नै समुदायमा जीवनोपयोगी शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने शैक्षिक पद्धतिको विकास प्रक्रिया भएकाले यसले समुदायको स्वामित्वलाई महत्त्व दिँदै विद्यालयमा बालबालिकाको आवश्यकता अनुकूल उपयुक्त वातावरण र सहयोग पाएमा सबैले सिक्न सक्दछन् भन्ने मान्यतामा विश्वास गर्दछ ।

### ५.३.१ वर्तमान अवस्था

समावेशी शिक्षा पद्धतिले कुनै पनि परिस्थितिजन्य कारणले शैक्षिक अवसरबाट बञ्चित एवम् विद्यालयमा रहेर पनि अनुकूल र पहुँचयुक्त वातावरण तथा सहयोगको अभावमा विद्यालय छाड्ने जोखिममा रहेका बालबालिकाको सिकाईको अवसर निर्माणमा सहयोग गर्दछ । यी आधारमा समावेशी शिक्षाले अपाङ्गता भएका बालबालिकाको पहिचान गरी सामाजिक, सांस्कृतिक र शैक्षिक आवश्यकता पुरा गर्न बाल केन्द्रित शिक्षण सिकाई प्रक्रिया अवलम्बन गर्न प्रोत्साहन गर्दछ । रंगेली नगर भित्र बसोवास गर्ने अन्धोपन, शारीरिक असक्षमता, बौद्धिक अपाङ्गता भएका विद्यालय उमेर समूहका बालबालिकालाई नगरपालिकाले पहिचान गरी समयमा नै अपाङ्गताको प्रकृतिअनुसार आफ्नै पालिका वा नजिकैको पालिकामा व्यवस्थापन गर्नुपर्ने देखिन्छ । रंगेली नगरपालिकामा विशेष शिक्षाअन्तर्गत् सुस्त श्रवण (वहिरा) बालबालिकाहरूका लागि रत्न मावि रञ्जनीमा २०८१ मा स्थापना भएता पनि हाल चालु अवस्थामा छैन ।

**चुनौती**

- सबै किसिमका अपाङ्गता भएका बालबालिकाहरूका लागि शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न कठिनाई,
- अपाङ्गताका कारण बालबालिकाहरूलाई विद्यालय शिक्षामा टिकाई राख्न समस्या,
- लक्षित समूहको विद्यालयमा सहभागिता तथा उपलब्धि सुनिश्चित गाह्रो,
- विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्न कठिनाई,
- कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार नहुने सुनिश्चितताासहित बालमैत्री विद्यालय बनाउन समस्या,
- सबै विद्यालयमा रहेका शिक्षक तथा कर्मचारीलाई यस किसिमको तालिमको अभाव हुनु,
- आवश्यकता अनुसारको शैक्षिक सामग्रीको अभाव रहनु,
- सरोकारवाला निकायमा समावेशी शिक्षाको बुझाइ नुहुनु,
- कार्यगत सिमितता र अपाङ्गता भएका बालबालिकाहरुको प्रारम्भिक अपाङ्गता पहिचान हुन नसक्नु,
- विद्यालयमा साङ्केतिक भाषाको ज्ञान प्राप्त शिक्षकको व्यवथा नहुनु ।

**अवसर**

- नेपालको संविधानको प्रस्तावनाले नेपाललाई समावेशी बनाउने अठोट राख्दै आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रूपमा लिदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क व्यवस्था गरी अपाङ्गता भएका एवम् आर्थिक रूपले विपन्न नागरिकले कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक सुनिश्चित गरेको,
- राष्ट्रिय शिक्षा नीति, २०७६ ले शिक्षामा समता, समावेशिता र सामावेशी शिक्षा अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको,
- अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ तथा दिगो विकास लक्ष्य ४ ले समावेशीता र समतालाई विशेष जोड दिएको,
- नगरभित्र विशेष शिक्षा सञ्चालन गर्ने विद्यालय रहेको ।

### ५.३.२ रणनीतिहरू

१) पालिका भित्रका घरधुरी सर्वेक्षण गरी आपाङ्गता भएका बालबालिकाको अवस्था र आवश्यकता पहिचान गरी सोअनुसार शिक्षा र गुणस्तरीय जीवनयापनमा पहुँच र सहभागिताको प्रबन्ध मिलाइने छ ।

२) पालिकाका सबै विद्यालयहरूमा अपाङ्गमैत्री भौतिक संरचना तथा शैक्षिक वातावरणको
विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई विद्यालय शिक्षा उपलब्ध गराइने छ ।

३) अपाङ्गता भएका सबै बालबालिकालाई समेटनका लागि आवश्यकतामा आधारित बैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमुनाहरूसमेत विकास गरी पहुँच सुनिश्चित गरिने छ ।

४) सबै सामुदायिक आधारभूत विद्यालयहरूमा दिवा खाजासहित स्वास्थ्य, पोषण, सरसफाई तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गरिने छ ।
५) अपाङ्गता भएका बालबालिकाको सिकाईलाई जीवनोपयोगी सिपसँग आबद्ध गरिने छ ।
६) अपाङ्गता भएका बालबालिहरुका लागि आवश्यकतानुसार पोसाक, स्टेसनरी तथा सिकाई सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने छ ।
७) विद्यालयमा अभिभावकको सहभागिता बढाउनुका साथै विद्यालयका गतिविधिमा समावेशी सहभागिताको व्यवस्था गरिने छ ।
८) समावेशी शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि अन्य शिक्षकहरुलाई पनि आवश्यकताअनुसार विभिन्न तालिम प्रदान गरिने छ ।
९) स्थानीय स्रोत साधनको प्रयोग गरी सवैका लागि मैत्रीपूर्ण शैक्षिक सामग्री निर्माण गर्न शिक्षक र अभिभावकको क्षमता विकास गरिने छ ।
१०) विद्यालय सुधार योजनामा समावेशी शिक्षा लागु गर्नको लागि आवश्यक क्रियाकलाप समावेश गरी कार्यान्वयन गरिने छ ।
११) पालिका भित्र रहेका विभिन्न अपाङ्गता भएका बालबालिकाको प्रारम्भिक पहिचान गरी उनीहरूको उचित व्यवस्थापन गरिने छ ।
१२) पालिका भित्र सञ्चालित सुस्तश्रवण (बहिरा) कक्षामा पालिका र अन्य पालिकाका बालबालिकाको उचित व्यवस्थापनका लागि सहजीकरण गरिने छ ।

### ५.३.३ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

विद्यालय तहको शिक्षामा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।

**ख) नतिजा**

१) अपाङ्गता भएका बालबालिकाहरूले समावेशी शिक्षा प्राप्त गर्ने अवसर हुने,
२) फरक अपाङ्गता भएका बालबालिकाहरूको सिकाईमा सहभागिता वृद्धि गरी गुणस्तर सुधार हुने,
३) विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाह गर्ने,
४) अपाङ्गता भएका बालबालिकालाई सहयोग तथा शिक्षण गर्ने जनशक्तिको पेसागत दक्षता र सक्षमता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्न विद्यमान संरचना जवाफदेही बन्ने,
५) विद्यालयमा कुनै पनि प्रकारको विभेद, हिंसा, दुर्व्यवहार र हेपारइरहित बालमैत्री वातावरण सिर्जना हुने,
६) विद्यालयहरूमा अपाङ्गमैत्री र मैत्री वातावरण सिर्जना हुने,
७) सुस्तश्रवण (बहिरा) बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक साथै व्यावहारिक शैक्षिक सिप विकासमा पालिका तथा विद्यालय अझ सक्रिय हुने,
८) पालिका भित्र रहेका विभिन्न अपाङ्गता भएका बालबालिकाको प्रारम्भिक पहिचान गरी उनीहरूको उचित व्यवस्थापन हुने ।

**ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

- अपाङ्गता भएका बालबालिकालाई विशेष तथा समाहित शिक्षा प्राप्त सहजीकरण, विद्यालयमा विशेष, समाहित, न्यायिक र समावेशी शिक्षाका मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाह,
- अपाङ्गता भएका बालबालिकालाई सहयोग तथा शिक्षण गर्ने जनशक्तिको पेसागत दक्षता र सक्षमता सुनिश्चित,
- विद्यालयमा विभेदरहित बालमैत्री वातावरण सिर्जना,
- विद्यालयहरूमा अपाङ्गमैत्री वातावरण सिर्जना,
- सुस्तश्रवण (बहिरा) बालबालिकाको सर्वाङ्गीण विकास,

- पालिका भित्रका अपाङ्गता भएका बालबालिकाको पहिचान गरी उचित व्यवस्थापन ।

**घ) प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | |
| १ | अपाङ्गता भएका बालबालिकालाई सामाजिकीकरणमा सहयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नपा |
| २ | फरक अपाङ्गता भएका बालबालिकाहरूको सिकाईमा सहभागिता वृद्धि गरी गुणस्तर सुधार | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नपा |
| ३ | विद्यालयमा विशेष, समाहित, न्यायिक र समावेशी शिक्षाका मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नपा |
| ४ | अपाङ्गता भएका बालबालिकालाई सहयोग तथा शिक्षण गर्ने जनशक्तिको पेसागत दक्षता र सक्षमता सुनिश्चित | संख्या | सबै | सबै | सबै | सबै | सबै | सबै | नपा |
| ५ | विद्यालयमा विभेदरहित बालमैत्री वातावरण सिर्जना | संख्या | सबै | सबै | सबै | सबै | सबै | सबै | विद्यालय को सहकार्य |
| ६ | विद्यालयहरूमा अपाङ्गमैत्री वातावरण सिर्जना | संख्या | सबै | सबै | सबै | सबै | सबै | सबै | विद्यालय को सहकार्य |
| ७ | सुस्तश्रवण (बहिरा) बालबालिकाको सर्वाङ्गीण विकास | संख्या | सबै | सबै | सबै | सबै | सबै | सबै | नपा |
| ८ | पालिका भित्रका अपाङ्गता भएका बालबालिकाको पहिचान गरी उचित व्यवस्थापन | संख्या | सबै | सबै | सबै | सबै | सबै | सबै | नपा |

## ५.४ उच्च शिक्षा

**परिचय**

नेपालको संविधान, २०७२ अनुसार उच्च शिक्षाको व्यवस्थापकीय अधिकार सङ्घ र प्रदेश सरकारले गर्दछ । सङ्घ र प्रदेश सरकारले उच्च शिक्षा संस्थाहरूको स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने पनि गर्दछ । स्थानीय शिक्षाप्रेमीहरू आवश्यकतालाई पहिचान गरी उच्च शिक्षाको पहुँच वृद्धिको लागि सहायक भूमिका निर्वाह मात्र गर्दछन् । त्यस्तै स्थानीय तहले आवश्यक परेमा नियमनकारी भूमिका निर्वाह गर्नुका साथै भौतिक पूर्वाधार व्यवस्थापन गर्न आर्थिक सहयोग पनि प्रदान गन सक्दछ । स्थानीय सरोकारवालाले भौतिक पूर्वाधारको विकास, अध्यापन गराउने जनशक्ति

व्यवस्था भौतिक निर्माण स्थलका रूपमा जग्गाको व्यवस्था, आर्थिक सहयोग जुटाई व्यवस्थापन गर्दछन् । उच्च शिक्षालाई चलन चल्तीको भाषामा कलेज वा क्याम्पसको नामले चिनिन्छ ।

### ५.४.१ वर्तमान अवस्था

रंगेली नगरपालिका भित्र हाल स्थानीय सरोकार वाला व्यक्तिहरूको सहयोगमा सामुदायिक क्याम्पसको रुपमा जनता बहुमुखी क्याम्पस सञ्चालनमा रहेका छन् । यस क्याम्पसमा हाल स्नातक तहसम्म पठन पाठन भइरहेको छ । यसै क्याम्पसमा तत्कालिन उच्च माध्यमिक शिक्षा परिषदबााट सम्बन्धन लिई कक्षा ११ र १२ को पठनपाठन पनि भइरहेको छ । यस क्याम्पसमा शिक्षा शास्त्र र व्यवस्थापन संकायका विभिन्न विषयहरुको पठन पाठन गरिदै आइरहेको छ । यस क्याम्पसले रंगेलीका ग्रामीण भेगका युवा जमातको उच्च शिक्षाको आवश्यकता पूर्ती गर्दैआइरहेको छ । तर विषयगत प्रध्यापकहरुको अभावको कारण गुणस्तरीय शिक्षाको अभाव भने खड्किरहेको छ । आधुनिक शिक्षाका आकर्षक विषयहरु पठनपाठन गर्न नसक्नु यस क्याम्पसको मुख्य समस्या हो । परम्परागत विषयहरुप्रति युवा वर्गहरुको आकर्षण कमी देखिन्छ ।

**शैक्षिक वर्ष २०८१/२०८२ मा उच्च शिक्षा प्रदायक संस्थामा अध्ययनरत विद्यार्थी विवरण**

| क.सं. | सँस्थाको नाम | व्यवस्थापन संकाय | | | | शिक्षा संकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पहिलो | दोस्रो | तेस्रो | चौथो |
| १ | जनता क्याम्पस | २६ | २४ | १३ | ६ | २७ | १९ | ११ | १२ |

**चुनौती**

- प्राविधिक उच्च शिक्षामा जेहेनदार तथा आर्थिक रुपले विपन्न विद्यार्थीहरुको पहुँचमा बृद्धि गर्ने समस्या,
- कमजोर भौतिक पूर्वाधार र आर्थिक लगानीको सुनिश्चितता गर्न नसक्नु,
- दक्ष र योग्य जनशक्तिको अभावका बाबजुद युग अनुकूलको गुणस्तरीय तथा प्राविधिक उच्च शिक्षा प्रदान गर्ने संस्थाको विकास गर्न नसक्नु,
- उच्च शिक्षा प्राप्त गरेका जनशक्तिहरूलाई स्थानीय तहमा नै रोजगार सिर्जना गर्न नसक्नु
- आर्थिक स्रोतका कारण भवन, फर्निचर लगायत भौतिक व्यवस्थापनमा समस्या,
- गुणस्तरीय र प्रतिस्पर्धात्मक शिक्षाको अभाव,
- कक्षा १२ मा न्यून विद्यार्थी उत्तीर्णदर,
- विद्यार्थीहरू सुविधासम्पन्न स्थानमा जाने प्रवृत्तिले स्थानीय क्याम्पसमा विद्यार्थी न्यून हुनु,
- पुस्तकालय व्यवस्थापनमा समस्या,
- शिक्षकलाई मासिक तलव उपलब्ध गराउन स्रोत साधनको अभाव ।

**अवसर**

- त्रिभुवन विश्वविद्यालयको सम्बन्धन प्राप्त १ ओटा सामुदायिक क्याम्पसहरू यस नगरपालिका क्षेत्रभित्र सञ्चालित हुनु,
- उच्च शिक्षा अध्यापन गराउन सक्ने जनशक्ति नगरभित्र उपलब्ध हुनु,
- नगरपालिकाका सबै सरोकारवाला तथा जनप्रतिनिधिहरूमा यस पालिकाको उच्च शिक्षाको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनमा एकमत रहनु,
- स्थानीय जनशक्तिको प्रयोग हुनु,

- न्यून पारिश्रमिक लिएर अध्यापनरत अध्यापकले शैक्षिक शिक्षण सेवा प्रदान गर्नु ।

### ५.४.२ लक्ष्य

प्राज्ञिक उत्कृष्टता तथा उन्नयनका लागि अध्ययन तथा अनुसन्धान गर्ने उच्च शिक्षा प्रदायक संस्था मार्फत उच्च स्तरीय, प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी जनशक्ति उत्पादन गर्ने ।

### ५.४.३. उद्देश्य

- स्थानीय समुदायका विद्यार्थीको पहुँच विस्तार गर्नु,
- विपिन्न र पिछडिएको समुदायका नागरिकको सहभागितामा वृद्धि गर्नु,
- नगरपालिकामा उच्च शिक्षाको निर्णायक संयन्त्र विकास र सुदृढ गर्नु,
- उच्च शिक्षाका अवसरलाई सान्दर्भिक, अपयोगी, गुणस्तरीय बनाउनु,
- नगर क्षेत्रभित्रै स्नातक तह अध्ययन, अध्यापन गर्ने वातावरण तयार गर्नु ।

### ५.४.४. रणनीतिहरू

निर्धारित उद्देश्यहरू पुरा गर्न निम्नानुसार रणनीतिहरू अवलम्बन गरिने छ :

१) सङ्घीय सरकार र प्रदेश सरकारसँगको सहयोग र नगरपालिकाको साझेदारीमा उच्च शिक्षातर्फ थप पूर्वाधार विकास गरिने छ ।

२) स्थानीय तह अन्तर्गत विद्यालय शिक्षाको कक्षा १२ वा सो सरह तह पुरा गरेका विद्यार्थीको विवरण तयार गरी उनीहरूको समता र योग्यताअनुसार उच्च शिक्षा प्रदान गर्न संस्थाहरूको स्थापना गरिने छ ।

३) खुल्ला तथा दूर, शिक्षा लगायतका व्यवस्था मार्फत् समेत उच्च शिक्षामा पहुँच वृद्धिका लागि पहल गरिने छ ।

४) पिछडिएका क्षेत्र, महिला, आदिवासी, जनजाती, दलित, अपाङ्गता लगायत नागरिक एवम् विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमको व्यवस्था गरिने छ ।

५) उच्च शिक्षालाई राष्ट्रिय विकासका प्राथमिकता क्षेत्रहरू कृषि ऊर्जा, पर्यटन, जलस्रोत स्थानीय प्राविधिक समस्या र संस्कृति, खेलकुद, जलवायु परिवर्तन लगायत क्षेत्रहरूमा केंद्रित गर्न पहल गरिने छ ।

६) विद्यार्थीहरुलाई उच्च शिक्षा अवसर उपलब्ध गराउनको लागि उच्च शिक्षा सञ्चालन गर्ने संस्थाहरूको समन्वय तथा सहकार्य गरिने छ ।

७) स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूलाई सहयोग उपलब्ध गराइने छ ।

८) उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना, सञ्चालन, नियमन, व्यवस्थापनका लागि समन्वय सहकार्य र सहजीकरण गरिने छ ।

९) उच्च शिक्षा विकासका लागि सार्वजनिक, सामुदायिक तथा निजी स्तरमा सामेवेश गरी कार्यलाई प्रोत्साहन गरिने छ ।

१०) स्थानीय तहको मानव संसाधन योजनाका आधारमा आवश्यक मानव स्रोत विकासका लागि कार्यक्रम बनाई कार्यान्वयन गरिने छ ।

११) छोरी, बुहारी शिक्षालाई प्राथमिकता दिइने छ ।

### ५.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

उच्च शिक्षामा पँहुच अभिवृद्धि भई सान्दर्भिक र गुणस्तरमा सुधार ।

**ख) प्रमुख नतिजा**

१.स्थानीय तह अन्तर्गत विद्यालय शिक्षाको कक्षा-१२ वा सोसरहको तह पुरा गरेका विद्यार्थीको क्षमता र योग्यता अनुसार उच्च शिक्षामा पहुँच हुने,

२. स्थानीय तहमा उच्च शिक्षा प्रदायक संस्थाहरूको स्थापना हुने,

३.स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने,
४. उच्च शिक्षालाई उत्पादन र आर्थिक उपार्जनसँग जोड्ने,
५. उच्च शिक्षामा सार्वजनिक, निजी तथा सामुदायिक सहभागिता अभिवृद्धि हुने ।

**ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

१) उच्च शिक्षातर्फ थप पूर्वाधार विकास गरिने,
२) स्थानीय स्तरमा कक्षा १२ उत्तीर्ण गरेका विद्यार्थीलाई यसै क्षेत्रका कलेजमा टिकाउने वातावरण बनाइने,
३) विद्यार्थीहरूको आवश्यकता र माग अनुसारका विषय थप गरिने,
४) समाजमा पछि परेका क्षेत्र जाति, महिला, दलित, विपन्न समुदाय, अपाङ्गता भएका व्यक्तिलाई उच्च शिक्षाको व्यवस्थापनमा सहयोग गर्ने,
५) उच्च शिक्षा सञ्चालन गर्ने संस्थाहरूका बिच समन्वय तथा सहकार्य वातावरण तयार पारिने,
६) उच्च शिक्षा प्रदायक संस्थाहरूको सङ्ख्यात्मक र गुणात्मक विकासमा पहल गरिने,
७) उच्च शिक्षा लागि सार्वजनिक, सामुदायिक तथा निजी क्षेत्रलाई प्रोत्साहन गरिने,
८) उच्च शिक्षाको मानव संसाधनको क्षमता विकास गरी समय सापेक्ष बनाइने ।

**घ) प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य**

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | |
| १ | क्याम्पसहरुको न्यूनतम पूर्वाधार विकास तथा भौतिक सुधारमा सहयोग गन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नपा र क्याम्पस |
| २ | उच्च शिक्षा प्रदायक संस्थाहरुलाई प्रविधिमैत्री | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नपा र क्याम्पस |
| ३ | इ पुस्तकालयको स्थापना | संख्या | | १ | | | | १ | नपा र क्याम्पस |
| ४ | प्राविधिक उच्च शिक्षामा छात्रवृत्ति | संख्या | १ | १ | १ | १ | १ | ५ | नपा र क्याम्पस |
| ५ | समाजमा पछि परेका क्षेत्र जाति, महिला, दलित, विपन्न समुदाय, अपाङ्गता भएका व्यक्तिलाई उच्च शिक्षाको व्यवस्थापनमा सहयोग गर्ने | संख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नपा र क्याम्पस |
| ६ | उच्च शिक्षा सञ्चालन गर्ने संस्थाहरूका बिच समन्वय तथा सहकार्य वातावरण तयार पारिने | संख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नपा र क्याम्पस |
| ७ | स्थानीय स्तरमा कक्षा १२ उत्तीर्ण गरेका विद्यार्थीलाई यसै क्षेत्रका कलेजमा टिकाउन वातावरण बनाइने | संख्या | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नपा र क्याम्पस |

## ५.५ सार्वजनिक पुस्तकालय

**परिचय**

मानव विकासको सर्वोत्तम आधार शिक्षा हो । गुणस्तरीय शिक्षाको प्रथम आधारस्तम्भ पुस्तकालय हुन् । पुस्तकालय प्रकृति र स्वरूप अनुरूप चार प्रकारका हुन्छन् । जसमध्ये सार्वजनिक पुस्तकालय पनि एक हो । सार्वजनिक पुस्तकालयले समाजमा सबै उमेर समूह, वर्ग, जात धर्म तथा लिङ्ग वर्ण आदिका आधारमा कुनै भेदभाव नगरी समान पहुँचको अवसर प्रदान गर्दै समाजमा शिक्षा, सूचना तथा ज्ञान सेवा दिई सबल समाज निर्माणको आधार तय गर्छन् । त्यसैले सार्वजनिक पुस्तकालयलाई जनताको खुला विश्वविद्यालय पनि भनिन्छ । सार्वजनिक पुस्तकालय प्रजातान्त्रिक तथा लोकतान्त्रिक अभ्यासका मूल्य, मान्यता तथा संस्कारको विकासका लागि उत्तम प्रयोगशाला हुन् ।

नेपालमा १८६९ साल भदौ १५ का दिन तत्कालिन राजा गीर्वाणयुद्ध विक्रम शाहले '**पुस्तक चिताइ तहविल'** नामक ऐतिहासिक दस्तावेजमा लालमोहर जारी गरी पुस्तकालयको सञ्चालन तथा व्यवस्थापनलाई वैधानिकता प्रदान गरिएको थियो । सार्वजनिक पुस्तकालयले जनतालाई समान अवसर एवं पहुँच दिई जीवनोपयोगी शिक्षा र जीवन्त सिकाई सुनिश्चत गर्दै नागरिक चेतना विस्तार र संविधानले प्रदान गरेको सूचनाको हकको प्रत्याभूति गराउन उल्लेख्य भूमिका खेल्छन् ।

सार्वजनिक पुस्तकालयमार्फत् मानवीय विकासको साथै समाजिक चेतना अभिवृद्धि विकासमा नागरिक सहभागिता एवं सूचनाको हकमा पहुँच वृद्धि र विस्तार गर्न पनि सहयोग पुग्छ । सार्वजनिक पुस्तकालयमा नै व्यक्तित्व विकास गरी जीवन जिउने कला सिकाउन सकिन्छ । यसरी सार्वजनिक पुस्तकालयले समाजको सर्वाङ्गीण विकास गर्नुका साथै व्यक्ति र समुदायमा सकारात्मक परिवर्तन ल्याउने कार्यमा सहयोग गर्छन् । रंगेली जस्तो स्थानीय तहमा क्षेत्रगत आवश्यकताका आधारमा सार्वजनिक पुस्तकालयको दिगो रूपमा विकास र विस्तार गर्न सरोकारवाला सबैको ध्यान जानुपर्ने देखिन्छ ।

पुस्तकालय विभिन्न पुस्तक, पत्रपत्रिका, विभिन्न विद्वान र अनुसन्धानकर्ताहरुको लेख रचनाहरू सङ्गृहीत गरी राखेको भण्डार हो, त्यसैले यसलाई ज्ञानको भण्डार पनि भनिन्छ । यसले औपचारिक र अनौचारिक दुवै प्रकारबाट शिक्षा आर्जन गर्न चाहने मानिसहरू , बालबालिकाहरू, विद्यार्थीहरुलाई अध्ययन सामग्री प्रदान गरी व्यक्तिको व्यक्तित्व विकास, पेसागत दक्षता र सिपका साथै पठन संस्कृतिका विकास गर्नका लागि महत्त्वपूर्ण भूमिका खेल्दछ । त्यसैले पुस्तकालय औपचारिक, अनौपचारिक, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका लागि एक अभिन्न अङ्गको रूपमा रहेको छ । विद्यालय, विश्वविद्यालयमा अध्ययन गर्ने सबै खालका विद्यार्थीहरूका साथै अन्य क्षेत्रमा काम गर्नेहरूका लागि सिकाई गर्ने अवसर प्राप्त हुन्छ । पुस्तकालयले देशका आम नागरिकहरुलाई सूचनाको हक प्रत्याभूति गर्नुका साथै समुदायका विभिन्न उमेर समूह, लिङ्ग, धर्म, भाषा, शारीरिक क्षमता, राष्ट्रियता, जातजाति, आर्थिक तथा रोजगारी लगायतका क्षेत्रका व्यक्ति तथा सङ्घ संस्थाले निशुल्क रूपमा सूचना प्राप्त गर्ने गर्दछन् । पुस्तकालयको अन्तिम लक्ष्य भनेको जीवनपर्यन्त पढ्ने, सिक्ने, नेतृत्व विकास गर्ने, कला संस्कृतिको विकास, संरक्षण, सम्वद्धन तथा प्रबद्धन गर्ने रहेको छ ।

### ५.५.१ वर्तमान अवस्था

आजको आधुनिक डिजिटल प्रविधिको युगमा सूचना र सञ्चार प्रविधिको विकासले विश्व एउटा सानो गाउँको रूपमा परिणत भएको छ । आजको आधुनिक समाजमा पुस्तकालयहरु प्रविधिसँग जोडी विश्वको कुनाकाप्चामा रहेका सबै खालका मानिसहरू, विद्यार्थीहरू, अन्य पाठकहरूलाई ज्ञान आर्जन गर्न सिकाईको अवसर प्रदान गरी समाजको विकास र परिवर्तनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । पुस्तकालय समाजमा रहेका सामाजिक मूल्य र मान्यताहरूलाई नयाँ पिँढीमा हस्तान्तरण र सुसूचित गरी जागरूक गर्ने एक सशक्त माध्यम बनेको छ ।

नेपालको संविधान, धारा ५१ (ज) (४) मा नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने भनि उख्लेख गरिएको छ । । त्यस्तै नेपालको राष्ट्रिय नीति, २०७६ मा देशभरि

सञ्चालित सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरू र वाचानालयहरूलाई राष्ट्रिय प्रणालीमा आवद्ध गर्ने र आधुनिक प्रविधियुक्त बनाउने जस्ता नीतिगत प्रावधान रहेको छ । यसको आवश्यकता महसुस गरी नेपाल सरकारले पुस्तकालयको स्थापना, सञ्चालन र व्यवस्थापन गर्नका लागि सार्वजनिक /सामुदायिक पुस्तकालय अनुदान कार्यविधि, २०७४ र पुस्तकालय तथा सूचना व्यवस्थापन निर्देशिका, २०६९ पनि जारी गरेको छ । राज्यले प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा पुस्तकालय स्थापना र सञ्चालन गर्ने र सबै वडाहरुमा स्तरयुक्त पुस्तकालय र घुम्ती पुस्तकालय सेवा गर्ने नीति पनि रहेको छ ।

रंगेली नगरपालिकामा हाल सार्वजनिक पुस्तकालय छैनन् । तर नगरपालिको स्वमित्वमा रहने गरी हाल रंगेली बजारको काली मन्दिर चौकमा एक सामुदायिक पुस्तकालय निर्माणाधिन अवस्थामा रहेको छ। त्यसैगरी हाल २ ओटा सामुदायिक सिकाई केन्द्रमा सीमित रूपका पुस्तकालय सञ्चालित छन् । नगर भित्र संचालित माध्यमिक विद्यालयहरुमा पनि सानो आकारको पुस्तकालयहरु संचालनमा रहेका छन् । सार्वजननिक पुस्तकालय भने अस्तित्वमा छैनन् ।

**चुनौतीहरू**

- ● पुस्तकालयको स्थापना, सञ्चालन, संरचना र दिगो व्यवस्थापनको लागि कानुनी समन्वयका रूपमा पुस्तकालयको ऐन जारी नहुनु,
- पुस्तकालयको मापदण्ड अनुसार प्रयाप्त पूर्वाधारको अभाव हुनु,
- पाठकको रोजाइअनुसार प्रर्याप्त पुस्तकको व्यवस्था गर्न नसक्नु,
- पुस्तकालय स्थापना गर्नु भन्दा नियमित सञ्चालन गर्न गाह्रो हुनु,
- पुस्तकालयमा बसेर अध्ययन गर्ने पाठकहरूको कमी हुनु,
- पाठकहरुको लागि व्यवस्थित तथा सुविधाजनक कक्ष नहुनु,
- पुस्तकालय सञ्चालन गर्ने कर्मचारी, प्रशासनिक तथा प्राविधिक कर्मचारीको व्यवस्था गर्न नसक्नु,
- पुस्तकालयलाई प्रविधसँग जोडी ई लाइब्रेरीको रूपमा विकास गर्न नसक्नु,
- गैरसरकारी निकायमा मात्र निर्भर रहने बाध्यता हुनु,
- स्थानीय लेखक तथा सर्जकलाई पाठ्यपुस्तक लेखन कार्यमा हौसला दिन नसक्नु ।

**अवसर**

- पुस्तकालय स्थापना र सञ्चालन गर्न सके सहयोग गर्ने निकाय सङ्घ,संस्थाहरू हुनु,
- पुस्तकालयको महत्व बोध सबैमा हुनु,
- प्राज्ञिक बहसका लागि आधार तयार हुनु,
- पठन संस्कृतिको विकास हुनु,
- स्थानीय लेखक सर्जकमा लेखनकार्यप्रति चासो बढ्नु,
- सूचनाको विस्तार बढ्नु

### ५.५.२ लक्ष्य

पालिकाका विभिन्न स्थानमा व्यवस्थित र सुविधा सम्पन्न सार्वजनिक/सामुदायिक पुस्तकालय सञ्चालन गरी सबै नागरिकलाई जीवनपर्यन्त ज्ञान, सिप, दक्षताको विकास गर्दै जीवन सरल र सहज बनाउने ।

### ५.५.३ उद्देश्य

१. रंगेली नगरका विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावकहरुमा पठन संस्कृतिको विकास गर्ने,

२.विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक तथा सम्पूर्ण नगरबासीलाई अध्ययन गर्ने अनुकूल वातावरण प्रदान गर्ने,
३. आजको प्रविधियुक्त युगमा पुस्तकको ज्ञानलाई विस्तार गर्ने अवसर प्रदान गर्ने,
४.विगतका सङ्कलित ज्ञानलाई पुस्तान्तरण गरी व्यक्तित्व विकास गर्न अवसर प्रदान गर्ने,
५.रंगेली नगरपालिकाभित्र एक व्यवस्थित, सुविधासम्पन्न सावर्जनिक /सामुदायिक पुस्तकालय सञ्चालन गर्ने,
६.निरन्तर सिकाई, जीवनपऱ्यन्त शिक्षा र राष्ट्रिय साक्षरता अभियानलाई सार्थक तुल्याउने,
७. वडास्तरमा स्टारलाइट घुम्ती पुस्तकालय सञ्चालन गर्ने,
८.पाठकको रुचि अनुसार सबै क्षेत्र समेट्ने गरी ज्ञानवर्धक, ऐतिहासिक, धार्मिक, साहित्यिक, खोज र अनुसन्धानमूलक साथै विविध ज्ञानमूलक र जानकारीमूलक पुस्तकहरू भण्डारण गर्ने,
९. नेपाली र अङ्ग्रेजी भाषाका दैनिक ,साप्ताहिक, मासिक, पत्रपत्रिका पाठकको रुचिअनुसार
उपलब्ध गर्ने,
१०.पाठकहरुको रुचि जगाउने वातावरण र सुविधायुक्त पठनकक्षको व्यवस्था गर्ने,
११. भौतिक सुविधा ( पुस्तकालय भवन , फर्निचर, घेराबेरा, चर्पी आदि ) व्यवस्था गर्ने,
१२.विद्यालय, क्याम्पस, विश्वविद्यालयका विद्यार्थीहरुले खरिद गर्न नसकिने पुस्तकहरू खरिद गरी सहजीकरण गर्ने,
१३. स्थानीय लेखक, सर्जकलाई लेखन तथा प्रकाशन कार्यमा आवश्यक सहायता गर्ने ।

## ५.५.४ रणनीतिहरू

१.रंगेली नगरपालिकाभित्र सबै नगरबासीहरुलाई उपयुक्त पायक पर्ने सुलभ तथा पहुचयोग्य स्थान छनोट गरिने छ ।
२. छनोट गरिएको स्थानमा संरचना मर्मत वा नयाँ संरचना निर्माण कार्यको थालिने छ ।
३.पुस्तकालय सञ्चालनका लागि आवश्यक फर्निचर, बत्ती, इन्टरनेट जडान, शौचालय, खानेपानी आदि आवश्यक साधनहरूको व्यवस्थापन गरिने छ ।
४. पाठकहरूको इच्छा, आकांक्षा र आवश्यकतालाई ध्यान गरी अध्ययन सामग्रीको वर्गीकरणको आधारमा पुस्तकको खरिद तथा संकलन गरिने छ ।
५.दातृ निकाय, संघसंस्था वा व्यक्तिसँग समन्वय गरी पुस्तक सङ्कलन गरिने छ ।
६.ऐन नियम अनुसार पुस्तकालय कर्मचारीहरूको नियुक्ति गरिने छ ।
७. आवश्यकता अनुसार स्वयंसेवकको व्यवस्था गरिने छ ।
८.पाठकहरुको सङ्ख्या वृद्धि गर्न पोस्टर, सामाजिक सञ्जाल, विद्यालयमार्फत प्रचारप्रसार गरिने छ ।
९. संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी आवश्यक रकमको व्यवस्था गरिने छ ।
१० अन्य स्रोतका लागि गैरसरकारी संस्था, सहयोगी दाताहरूको खोजी गरिने छ ।
११.आवधिक रूपमा समीक्षात्मक बैठक गरिने छ ।
१२.पाठकहरूको सुझाव , सल्लाह र गुनासोको लागि सुझावपेटिकाको व्यवस्था गरी सुझाव सल्लाह सङ्कलन गरी कार्यान्वयन गरिने छ ।
१३. सार्वजनिक पुस्तकालय सञ्चालन तथा व्यवस्थापन गर्न ऐन नियम बनाउने छ ।
१४.वित्तीय स्रोतको व्यवस्थापनका लागि संघीय सरकार, प्रदेश सरकारसँग समन्वय गरी घर, जग्गा, आवश्यक पुस्तक, फर्निचर, कर्मचारीको व्यवस्था गरिने छ ।
१४. स्थानीय लेखक, सर्जकका स्तरीय लेखन तथा प्राज्ञिक कार्यलाई हौसला तथा सहायता प्रदान गरिने छ ।

## ५.५.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

पुस्तकालयबाट स्थानीय जनताको जीवनपर्यन्त ज्ञान, सिप, दक्षताको विकास भई जीवन सरल र सहज बन्ने ।

**ख) प्रमुख नतिजा**

१. रंगेली नगरका विद्यार्थी , शिक्षक, कर्मचारी, अभिभावकहरुमा पठन संस्कृतिको विकास हुने,
२. विद्यार्थी, शिक्षक, कर्मचारी, अभिभावक तथा सम्पूर्ण नगरबासीलाई अध्ययन गर्ने अनुकूल वातावरण प्राप्त हुने,
३. आजको प्रविधियुक्त युगमा पुस्तकको ज्ञानलाई विस्तार गर्ने अवसर प्राप्त हुने,

४. विगतका सङ्कलित ज्ञानलाई पुस्तान्तरण गरी व्यक्तित्व विकास हुने,
५.रंगेली नगरपालिकाभित्र एक व्यवस्थित, सुविधासम्पन्न सावर्जनिक/सामुदायिक पुस्तकालय सञ्चालन हुने,
६. निरन्तर सिकाई, जीवनपर्यन्त शिक्षा र राष्ट्रिय साक्षरता अभियान सार्थक हुने,
७ .पाठकको रुचि अनुसार सबै क्षेत्र समेट्ने गरी ज्ञानवर्धक, ऐतिहासिक, धार्मिक, साहित्यिक, खोज र अनुसन्धानमूलक साथै विविध ज्ञानमूलक र जानकारीमूलक पुस्तकहरू भण्डारण हुने,
८.पाठकहरुको रुचि जगाउने वातावरण र सुविधायुक्त पठनकक्षको व्यवस्था भौतिक हुने,
९. स्थानीय लेखक तथा सर्जकका लेख, रचना तथा सिर्जनात्मक कार्यले प्राथमिकता पाउने ।

**ग) प्रमुख क्रियाकलापहरू तथा परिमाणत्मक लक्ष्य**

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | |
| १ | ऐन निर्माण | पटक | १ | | | | | १ | नपा |
| २ | व्यवस्थापन समिति गठन | पटक | | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | इ पुस्तकालयको स्थापना | संख्या | १ | १ | १ | १ | १ | ९ | |
| ६ | पुस्तक खरिद | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ७ | कर्मचारी व्यवस्थापन | संख्या | १ | १ | १ | १ | १ | ९ | |
| ८ | घुम्ती पुस्तकालय सञ्चालन | संख्या | | १ | | | | १ | |
| ९ | दैनिक, मासिक र वार्षिक रूपमा नेपाली र अङ्ग्रेजी पत्रपत्रिका व्यवस्थापन | संख्या | १० | १० | १० | १० | १० | १० | |

परिच्छेद : छ

# सुशासन तथा व्यवस्थापन
# (Good Governance and Management)

## ६.१ परिचय (Introduction)

सुशासन (Good Governance) : सुशासन भन्नाले पारदर्शिता, उत्तरदायित्व, कानुनी शासन, सहभागिता, प्रभावकारिता, न्याय र समावेशिता जस्ता तत्त्वहरू समेटिएको शासकीय प्रणालीलाई जनाउँछ । यसमा जनताका आवश्यकतामा आधारित नीतिहरू निर्माण गर्नु, जनतामा विश्वास कायम गर्नु, भ्रष्टाचार नियन्त्रण गर्नु र सबैलाई सेवा सुविधामा पहुँच सुनिश्चित गर्नु मुख्य लक्ष्य हुन्छ । यसले शिक्षाप्रति निर्णय तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई बुझाउँछ । विद्यालयमा योजनाको प्रभावकारी ढङ्गले कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाहरूको सहभागिता र सिकाईमा सुधार गर्न आवश्यक संरचनाले, भूमिका तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निर्णय गर्न वा निर्णय कार्यान्वयन गर्दै विधिको सर्वोच्चता तथा प्रोत्साहन गरी विद्यार्थीलाई सिकाईप्रति जवाफदेही बनाई सुशासनको प्रत्याभूति दिलाउन सकिन्छ । यसमा नेपाल सरकारका तीनै तहका सरकार, सरकारी संस्था तथा गैरसरकारी संस्था, विद्यालय सबैको भूमिका प्रमुख रहेको हुन्छ । यसका लागि शैक्षिक योजना कार्यान्वयन गर्न संस्थागत क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी, प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ । यसरी सुशासन तथा व्यवस्थापनका लागि योजनाका उद्देश्य, अपेक्षित नतिजा, कार्यक्रमहरूको स्वरूप, संवैधानिक प्रावधानकासाथै सङ्घीय संरचनामा विभिन्न तहका सरकारका दायित्व, ज्ञान, प्रविधि, मूल्यमान्यता तथा दृष्टिकोंणमा आएका परिवर्तनलाई विचार पुऱ्याउनु पर्दछ । नेपालको संविधानमा तीनै तहका सरकारहरूको एकल तथा साझा अधिकारका सूची सहित शिक्षकको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ ।

### ६.१.१ वर्तमान अवस्था (Current Situation)

हालको सङ्घीय संरचनानुसार शिक्षा क्षेत्रको विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहमा तथा स्वायत्त निकायमा विभिन्न सरकारी संस्थाहरू रहेका छन् । संघमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । यसका मातहतमा केन्द्रीय तहमा पाठ्यक्रमविकास केन्द्र, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् भने शिक्षक सेवाआयोग र राष्ट्रिय परीक्षाबोर्ड स्वायत्त निकायका रूपमा रहेका छन् । आजका दिनसम्म संघीय शिक्षा ऐन जारी हुन नसकेकाले विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन अन्योलको अवस्थामा रहेको छ । सङ्घीय, प्रादेशिक र स्थानीय तहमा ऐन तथा नियमावली नबनेका कारण प्रदेश र स्थानीय कानुनहरू बन्न सकेका छैनन् जसले गर्दा शिक्षा क्षेत्रलाई अन्धकारमुखी बनाएको जनगुनासो एवम् जन आवाज गुञ्जायमान अवस्थामा रहेको पाइन्छ ।

प्रदेश स्तरमा प्रदेश शिक्षातालिम केन्द्र क्रियाशील भए पनि स्थानीय तहमा कुनै पनि शैक्षिक तालिम प्रदान गर्ने संस्था नहुनु र स्रोतकेन्द्र पनि खारेज हुनुले शैक्षिक गतिविधि तथा एकरुपता ल्याउनका साथै पुनर्ताजगी तालिम एवम् शैक्षिक तालिमका कार्यक्रम सञ्चालनमा आउन सकेका छैनन् । प्रदेशमा रहेको सामाजिक विकास मन्त्रालयअन्तर्गतका शिक्षाविकास निर्देशनालय र शिक्षा विकास तथा समन्वय एकाईको कार्यसम्पादनमा निरन्तरता र प्रभावकारितामा अन्योलको वातावरण सिर्जना भएको देखिन्छ ।

सङ्घमा राष्ट्रिय परीक्षा बोर्ड गठन भएको छ भने स्थानीय तहबाट सञ्चालन हुने आधारभूत तहको अन्तिम परीक्षाको काम नगरपालिकाको शिक्षाशाखा र नगर शिक्षा समितिमार्फत् सहजीकरण हुने गरेको छ । नगरभित्र सञ्चालित सामुदायिक तथा निजी विद्यालयहरूमा सञ्चालन भइरहेका प्राविधिकधार तथा साधारण धारका साथै प्राविधिक तथा

व्यवसायिक तालिम परिषद्‌बाट सम्बन्धन प्राप्त कार्यक्रमहरूलाई व्यवस्थित गर्न नीतिगत कठिनाइका बावजुद पनि सहजीकरण र समन्वयात्मक काम स्थानीय सरकारबाट हुँदै आएको छ । देश सङ्घीयतामा गएको भएता पनि सरकारका विभिन्न तहहरूबिच समन्वयकारी भूमिका नहुनु, कानुन निर्माणमा भएको ढिलासुस्तीले स्थानीय स्तरमा संस्थागत व्यवस्था, क्षमताविकास र सो अनुसार कार्यान्वयन गर्न सबै किसिमको विशेषता र क्षमतालाई सम्बोधन हुनु आवश्यक देखिन्छ ।

### ६.१.२ उद्देश्य (Objectives)

यस योजनामा संस्थागत संरचना र क्षमताविकास सम्बन्धी समग्र उद्देश्य स्थानीय संरचनाबमोजिम सबै वडाहरूमा सञ्चालित सामुदायिक, संस्थागत तथा प्राविधिक तथा व्यवसायिक तालिम परिषद्‌बाट सञ्चालित शैक्षिक संस्था, सिकाई केन्द्र एवं बालक्लबहरूमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ गर्दै नतिजामुखी व्यवस्थापन गर्नुपर्ने देखिन्छ । यसका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

- रंगेली नगरपालिकाभित्र सञ्चालित शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरूको अनुगमन, मूल्याङ्कन गर्दै सहकार्य, सहअस्तित्व, समन्वय र सहकार्यको माध्यमद्वारा स्थानीय स्तरको शैक्षिक संयन्त्र निर्माण गरी संस्थागत विकास गर्ने,
- शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अनुसन्धानात्मक कार्य र विद्यार्थीहरूको सिकाई उपलब्धिका आधारमा सुधार गर्नुपर्ने पक्षको पहिचान गरी गुणस्तर सम्बोधन गर्ने संरचना तथा जनशक्ति तयार गर्ने,
- शिक्षामा सुशासन कायम गर्न उत्तरदायित्वपूर्ण कार्य सम्पादन, जवाफदेही नतिजाका साथै शिक्षामा पहुँच, समता तथा समावेशितालाई प्रोत्साहन गर्ने,
- नगरपालिका भित्रका विद्यालय तथा शिक्षासँग सम्बद्ध क्षेत्रमा काम गर्ने शिक्षक, प्रधानाध्यापक, कर्मचारीहरू र संस्थाहरूको क्षमता विकास गर्ने ।

### ६.१.३ रणनीतिहरू (Strategies)

- नगर शिक्षा समितिलाई प्रभावकारी एवं उत्तरदायी बनाउने,
- स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना तथा सञ्चालन गर्ने,
- नगरभित्रका शैक्षिक संस्था तथा त्यससँग सम्बन्धित कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने,
- प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता अभिवृद्धि गर्ने,
- आधारभूत तह अन्तर्गत कक्षा ३ कक्षा ५ र कक्षा ८ मा पालिका स्तरीय परीक्षाका लागि नगरपालिका स्तरीय परीक्षाबोर्डको अवधारणा विकास गरी कार्यान्वयन गर्ने,
- नगर शिक्षक छनोट समिति निर्माण गरी नगरभित्रका शिक्षकहरूबाट विज्ञसूची तयार गर्ने,
- स्थानीय स्तरको शिक्षा समितिलाई शिक्षा विकास तथा समन्वय इकाइ तथा शिक्षा विकास निर्देशनालयसँग समन्वयात्मक सम्बन्ध स्थापना गर्ने,
- नगरमा नगर शिक्षा तालिम केन्द्र तथा रोस्टर प्रशिक्षकको व्यवस्था गर्ने,
- समुदायमा साक्षरता अभिवृद्धि गर्न प्रौढ शिक्षा, अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाईका लागि वडास्तरमा आवश्यक संयन्त्र निर्माण गर्ने,
- सङ्घ तथा प्रदेशको ऐन तथा नियमावलीभित्र रही स्थानीय तहको शिक्षा ऐन तथा नियमावली निर्माण गरी कानुनी प्रबन्धको व्यवस्था गर्ने,
- कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्न आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गर्ने,
- विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने ।

### ६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य (Outcomes, Results, Major Activities and Targets)

**उपलब्धि** (Outcomes)

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुने छ।
२. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुने छ।
३. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुने छ।
४. स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना तथा सञ्चालन हुने छ।
५. प्रधानाध्यापक विद्यालयप्रति जिम्मेवार र जवाफदेही हुने छन्।
६. आधारभूत तह अन्तर्गत कक्षा ३ कक्षा ५ र कक्षा ८ मा पालिका स्तरीय परीक्षाका लागि नगरपालिका स्तरीय परीक्षाबोर्डको अवधारणा विकास गरी कार्यान्वयन हुने छ।
७. नगर शिक्षक छनोट समिति निर्माण गरी नगरभित्रका शिक्षकहरूबाट विज्ञसूची तयार हुने छ।
८. स्थानीय स्तरको शिक्षा समितिलाई शिक्षाविकास तथा समन्वय इकाइ तथा शिक्षा विकास निर्देशनालयसँग समन्वयात्मक सम्बन्ध स्थापना भएको हुने छ।
९. नगरमा नगर शिक्षा तालिम केन्द्र तथा रोस्टर प्रशिक्षकको व्यवस्था गरिने छ।

**नतिजा तथा परिमाणात्मक** (Results and Quantitative Targets)

| क्र.सं. | सुचक | आधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | २ | २ | २ | २ | २ | २ |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | २ | २ | सबै | सबै | सबै | सबै |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | नियमिति | नियमिति | नियमिति | नियमिति | नियमिति | नियमिति |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | २० | सबै | सबै | सबै | सबै | सबै |
| ५ | प्रचलित कानुनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ० | ५ | ८ | सबै | सबै | सबै |

## ६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य (Major Activities and Quantitative Targets)

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | | |
| १ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | पटक | १ | | | | | | |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | पटक | | | | १ | | | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | पटक | | | | | १ | | |
| ४ | विद्यालय कार्यसम्पादन एवम् | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | स्वमूल्याङ्कन गर्ने, गराउने | | | | | | | | |
| ५ | कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

- शैक्षिक योजना कार्यान्वयनका लागि रंगेली नगरपालिकाको शिक्षा योजनालाई आधार मानिने छ। यसका लागि आवश्यक जनशक्तिको व्यवस्थापन, वार्षिक कार्यक्रम तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन जस्ता कार्यलाई प्रभावकारी बनाउन आवश्यकतानुसार विभिन्न समितिको निर्माण गरी जिम्मेवार बनाउने प्रयत्न र प्रबन्ध हुने छ।
- शिक्षाको गुणस्तर कायम गर्न विभिन्न स्रोतहरूको व्यवस्थापनका लागि नगरपालिकाले नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ भने नगर शिक्षा समितिले त्यसको अनुगमन गर्ने छ। नगरपालिका, प्रदेश सरकार र केन्द्रीय सरकारबाट प्राप्त हुने आर्थिक स्रोतहरूलाई नगर शिक्षा योजनाको प्राथमिकतानुसार उपयोग गरिने छ।
- शिक्षा योजना कार्यान्वयनको नेतृत्व स्थानीय तहको शिक्षा शाखाले गर्ने छ।
- योजनाको अनुगमन तथा मूल्याङ्कन यस योजनाको प्रभावकारी कार्यन्वयनका लागि नगरमा नगर शिक्षा शाखा तथा नगर शिक्षा समितिले अगुवाई गर्ने छ र वडामा वडा शिक्षा समितिले सक्रिय रूपमा कार्य गर्ने छ
- नगरपालिकाभित्रै र बाहिर समेत शिक्षामा राम्रा अभ्यासहरू भएका तथा राम्रो सिकाई उपलब्धि हासिल गरेका नमूना विद्यालयहरूको भ्रमण गरी राम्रा अभ्यासहरू तथा सिकाईहरूलाई आदान प्रदान गर्न प्रोप्साहन गरिने छ। साथै विद्यालयहरूले कार्यान्वयन गरेका राम्रा अभ्यासहरूको अभिलेखीकरण गरी एकआपसमा आदानप्रदान गर्न प्रोत्साहन गरिने छ। सामुदायिक र संस्थागत विद्यालयहरूमा भएका राम्रा पक्षहरूलाई एकआपसमा आदानप्रदान गर्ने वातावरण तथा अवसरहरू प्रदान गरिने छ।
- अनुभवी तथा माथिल्लो योग्यता भएका शिक्षकहरूको रोष्टर तयार गरिने छ र आवश्यकतानुसार शैक्षिक कार्य सञ्चालन गर्ने, केन्द्रमा सङ्कलित भएका आधारभूत तह कक्षा ८ तथा माध्यमिक तह कक्षा ११ का उत्तरपुस्तिका परीक्षण लगायतका कार्यमा सहयोग लिइने छ।
- विषयगत समितिको निर्माण गरी त्यसलाई जिम्मेवार बनाइने छ।
- पालिका स्तरीय खेलकुद प्रशिक्षक तथा विषयगत प्रशिक्षक तयार गरिने छ।
- प्रत्येक शैक्षिक सत्रको अन्त्यसँगै नगर शिक्षा समितिले एक कार्यदल गठन गरी यस योजनामा उल्लेखित सूचकहरूमा भएको प्रगति सम्बन्धमा फिल्ड अनुगमन तथा उपलब्ध तथ्याङ्कहरूको विश्लेषण गरी नगर प्रमुख समक्ष प्रतिवेदन पेश गर्ने छ। उक्त प्रतिवेदन नगर शिक्षा समितिको बैठकमा छलफल गरी सम्बन्धित पक्षलाई आवश्यक सुझाव दिइने छ।
- नगरपालिकाभित्रका विभिन्न विषयमा असल अभ्यासहरू गरेको, उच्च सिकाई उपलब्धि हासिल गरेको, उत्कृष्ट शैक्षिक व्यवस्थापन गरेको जस्ता सूचकाङ्कहरू निर्धारण गरी उक्त सूचकाङ्कहरूमा उत्कृष्टता हासिल गर्ने विद्यालय, विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा विद्यार्थीहरूलाई पुरस्कृत गरिने छ।
- शिक्षण सिकाई क्रियाकलापहरूलाई सुधार गर्न र योजना निर्माण लगायतका कार्यहरू गर्न आवश्यकतानुसार शिक्षा क्षेत्रमा कार्यरत संघसंस्था, सेवानिवृत्त शिक्षकहरू, शिक्षा सङ्कायमा
- अध्ययनरत क्याम्पसका विद्यार्थीहरूलाई परिचालन गरिने छ। स्थानीय समुदायहरूको लागत साझेदारी र सहभागितालाई व्यवस्थित रुपमा प्रोत्साहन गरिने छ।
- विद्यार्थी भर्ना अभियान नगरपालिका भित्रका सबै विद्यालय जाने उमेरका बालबालिकाहरू विद्यालयको पहुँचमा भएको सुनिश्चितता गर्न सबै विद्यालयले आफ्नो सेवाक्षेत्रभित्र शैक्षिक सत्रको बैशाख महिनाभर भर्ना अभियान सञ्चालन गर्नु पर्ने छ।
- भर्ना अभियानमा बालविकास जाने उमेर ३ देखि ४ वर्षका बालबालिकालाई बालविकास केन्द्र र ५ वर्ष देखि १२ वर्ष उमेर समूहका बालबालिकालाई आधारभूत तहमा अनिवार्य रुपमा भर्ना गरिने छ।

- बैशाख २ देखि १५ गतेसम्म पहिलो चरणको भर्ना अभियान र १६ देखि अन्तिम दिनसम्म सघन रुपमा दोश्रो चरणको भर्ना अभियान सञ्चालन गरिने छ । दोश्रो चरणमा घरदैलो कार्यक्रम गरी पहिलो चरणमा भर्ना नभएका, छुटेका, अपाङ्गता भएकालगायत बालबालिकालाई विद्यालयको पहुँचमा ल्याइनेछ र सबै विद्यालयलाई पूर्ण भर्ना भएको विद्यालय घोषणा गरिने छ ।
- पाठ्यपुस्तक वितरण गर्दा नेपाल सरकारको नीति बमोजिम निःशुल्क रुपमा पाठ्यपुस्तक उपलब्ध भएको सुनिश्चितता गरिनेछ । शैक्षिक सत्रको सुरू हुनुभन्दा अगावै अर्थात् चैत्र २५ गतेभित्रै नगरपालिकाभित्रका पुस्तक वितरकहरूसँग पाठ्यपुस्तक आइपुगेको हुने छ । विद्यालय भर्नासँगै सबै बालबालिकाको हातमा पाठ्यपुस्तक उपलब्ध हुने छ ।
- छात्रवृत्ति वितरण नेपाल सरकारको नीतिअनुसार प्राप्त हुने छात्रा, दलित, जेहेन्दार र अपाङ्गता छात्रबृत्तिहरू प्रचलित नीतिअनुसार सम्बन्धित व्यक्तिहरूलाई नै बितरण गरिएको सुनिश्चितता गरिने छ । अपुग व्यक्तिहरूको हकमा नगरपालिकाले थप छात्रवृत्तिको व्यवस्थापन गर्ने छ । आर्थिक अवस्था कमजोर भएका कारणले कोही पनि शिक्षाबाट बञ्चित हुनुपर्ने छैन ।
- बाल शिक्षा केन्द्रको सदृढीकरण ४ देखि ५ वर्ष उमेर समूहका सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षा केन्द्रको पहुँचको सुनिश्चितता गरिने छ ।
- हाल भएका बाल शिक्षा केन्द्रको प्रभावकारी सञ्चालनका लागि सहजकर्ताहरूलाई आवश्यक क्षमता विकास तालिमहरूको प्रबन्ध गरिने छ । शिक्षाको गुणस्तर सुधार गर्न बाल विकासमा लगानी अभिवृद्धि गरिने छ ।
- अध्ययनरत क्याम्पसका विद्यार्थीहरूलाई परिचालन गरिने छ । स्थानीय समुदायहरूको लागत साझेदारी र सहभागितालाई व्यवस्थित रुपमा प्रोत्साहन गरिने छ ।
- विद्यार्थी भर्ना अभियान नगरपालिका भित्रका सबै विद्यालय जाने उमेरका बालबालिकाहरू विद्यालयको पहुँचमा भएको सुनिश्चितता गर्न सबै विद्यालयले आफ्नो सेवाक्षेत्रभित्र शैक्षिक सत्रको बैशाख महिनाभर भर्ना अभियान सञ्चालन गर्नु पर्ने छ ।
- भर्ना अभियानमा बालविकास जाने उमेर ३ देखि ४ वर्षका बालबालिकालाई बालविकास केन्द्र र ५ वर्ष देखि १२ वर्ष उमेर समूहका बालबालिकालाई आधारभूत तहमा अनिवार्य रुपमा भर्ना गरिने छ ।


- बैशाख २ देखि १५ गतेसम्म पहिलो चरणको भर्ना अभियान र १६ देखि अन्तिम दिनसम्म सघन रुपमा दोश्रो चरणको भर्ना अभियान सञ्चालन गरिने छ । दोश्रो चरणमा घरदैलो कार्यक्रम गरी पहिलो चरणमा भर्ना नभएका, छुटेका, अपाङ्गता भएकालगायत बालबालिकालाई विद्यालयको पहुँचमा ल्याइनेछ र सबै विद्यालयलाई पूर्ण भर्ना भएको विद्यालय घोषणा गरिने छ ।
- पाठ्यपुस्तक वितरण गर्दा नेपाल सरकारको नीति बमोजिम निःशुल्क रुपमा पाठ्यपुस्तक उपलब्ध भएको सुनिश्चितता गरिनेछ । शैक्षिक सत्रको सुरू हुनुभन्दा अगावै अर्थात् चैत्र २५ गतेभित्रै नगरपालिकाभित्रका पुस्तक वितरकहरूसँग पाठ्यपुस्तक आइपुगेको हुने छ । विद्यालय भर्नासँगै सबै बालबालिकाको हातमा पाठ्यपुस्तक उपलब्ध हुने छ ।
- छात्रवृत्ति वितरण नेपाल सरकारको नीतिअनुसार प्राप्त हुने छात्रा, दलित, जेहेन्दार र अपाङ्गता छात्रबृत्तिहरू प्रचलित नीतिअनुसार सम्बन्धित व्यक्तिहरूलाई नै बितरण गरिएको सुनिश्चितता गरिने छ । अपुग व्यक्तिहरूको हकमा नगरपालिकाले थप छात्रवृत्तिको व्यवस्थापन गर्ने छ । आर्थिक अवस्था कमजोर भएका कारणले कोही पनि शिक्षाबाट बञ्चित हुनुपर्ने छैन ।
- बाल शिक्षा केन्द्रको सदृढीकरण ४ देखि ५ वर्ष उमेर समूहका सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षा केन्द्रको पहुँचको सुनिश्चितता गरिने छ ।
- हाल भएका बाल शिक्षा केन्द्रको प्रभावकारी सञ्चालनका लागि सहजकर्ताहरूलाई आवश्यक क्षमता विकास तालिमहरूको प्रबन्ध गरिने छ । शिक्षाको गुणस्तर सुधार गर्न बाल विकासमा लगानी अभिवृद्धि गरिने छ ।

परिच्छेद : सात

# लगानी र स्रोत व्यवस्थापन

## परिचय

आजको आधुनिक युगमा कुनै पनि राष्ट्रको समृद्धि र विकास त्यस देशमा गरिने शिक्षामा लगानी र स्रोत व्यवस्थापनमा भर पर्दछ । समृद्ध राष्ट्र निर्माणको लागि शिक्षामा गरिने लगानी र स्रोत व्यवस्थापन महत्त्वपूर्ण आधार मानिन्छ । देशको सामाजिक , आर्थिक र सास्कृतिक प्रगतिको मापन त्यस देशको शैक्षिक प्रणालीले निर्धारण गरिने हुँदा शिक्षा क्षेत्रमा लगानी दीर्घकालीन सोचका साथ उपलब्ध स्रोत र साधनको उचित रणनीतिक योजनासाथ अगाडि बढाउनु पर्दछ । नेपाल जस्तो विकासोन्मुख राष्ट्र र त्यसमा पनि शिक्षा क्षेत्रमा विविध भौगोलिक, सामाजिक, सास्कृतिक र आर्थिक समस्याहरूको कारण अति न्यून आम्दानी रहेको यस रंगेली नगरपालिकाको आर्थिक, सामाजिक र शैक्षिक विकासका लागि पारदर्शी लगानीको वातावरणको सिर्जना तथा स्रोतको न्यायोचित र दिगो व्यवस्थापन अनिवार्य रहेको छ । शिक्षा क्षेत्रमा गरिएको लगानी दीर्घकालीन विकास र परिवर्तन ल्याउने अमूल्य पुँजी भएकोले उपलब्ध स्रोत साधनलाई अधिकतम उपयोगमा ल्याएर गुणस्तरीय, समावेशी र समान पहँचयुक्त शिक्षा प्रदान गर्न सहयोग गर्छ । शिक्षा क्षेत्रमा गरिएको लगानी र स्रोत व्यवस्थापनको प्रभाव केवल शैक्षिक संस्थामा मात्र सिमित हुदैन, यसले देशको भविष्य निर्माण, मानव संसाधनको विकास र राष्ट्रिय उत्पादनशीलतासम्म प्रत्यक्ष असर पुर्याउँदछ । शिक्षामा लगानी गर्नु भनेको केवल आजको खर्च मात्र नभएर भोलीको समृद्धिको बिजारोपन पनि भएको हुँदा दीर्घकालीन सोचका साथ शिक्षा क्षेत्रमा लगानी बढाउनुकासाथै स्रोत साधनको सन्तुलित व्यवस्थापन अत्यावश्यक हुन्छ ।

नेपालको संविधानले धारा- ३१ मा प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिर्वाय र निशुल्क भनिएको छ भने माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्रदान गर्ने संवैधानिक व्यवस्था गरेको छ । विद्यालय तहको शिक्षाको सम्पूर्ण सञ्चालन, रेखदेख र व्यवस्थापनको जिम्मा स्थानीय तहलाई दिइएको छ । शिक्षाको समग्र सुधार तथा विकासको जिम्मा स्थानीय सरकारको कार्यक्षेत्रभित्र रहेको हुँदा शिक्षा नीति तथा योजना, वित्तीय व्यवस्थापन, स्रोत साधनको समुचित प्रयोग र प्रभावकारिता, स्रोत साधनमा मितव्ययीता, पारदर्शीता चुनौतीपूर्ण पनि उत्तिकै रहेको छ ।
योजना र बजेटिङ मात्र बनाएर हुदैन यसका लागि बिनियोजित बजेट लक्ष्य अनुसार.प्रभावकारी कार्यान्वयन, खर्चको पारदर्शिता, वित्तीय सुशासन पनि कायम राखिनु पर्दछ । त्यस्तै नागरिकका आधारभूत आवश्यकता समन्धी नीतिमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमुलक, रोजगारमुलक एवम् जनमुखी बनाउदै सक्षम, प्रतिस्पर्धी, नैतिक, राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, उच्च शिक्षालाई सहज, गुणस्तर र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने साथै नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने राष्ट्रिय नीति रहेकोमा राष्ट्रिय नीति अनुसार यस रंगेलीनगरपालिकाले पनि सिमित स्रोत साधनको उच्चतम प्रयोग गरी शिक्षाको राष्ट्रिय नीति र उद्देश्य प्राप्त गर्न चुनौतीका बाबजुत पनि दीर्घकालीन सोचकासाथ योजना बनाई लक्ष्य हासिल गर्न आवश्यक देखिन्छ ।

## ७.१ वर्तमान अवस्था

नेपालको राष्ट्रिय बजेटलाई हेर्ने हो भने नेपालको कुल बजेटको धेरै कम बजेट शिक्षामा विनियोजन गरेको पाइन्छ । नेपालमा वि.स. २०४९/५० मा शिक्षामा कुल राष्ट्रिय बजेटको ८.५ प्रतिशत छुट्याएको पाइन्छ भने वि.स २०६७/६८ मा १७.१ प्रतिशत बढोत्तरी गरेको पाइन्छ तर विगत ५ वर्षको शिक्षाको बजेट घटेर ९.९ देखि ११.७

प्रतिशतको बिचमा रहेको छ । यसले शिक्षकको तलव भत्ता र प्रशासनिक खर्च बाहेक सामान्य शैक्षिक क्रियाकलापहरुमा खर्च भएको देखिन्छ । गुणस्तरीय, सिपमुलक तथा व्यावसायिक शिक्षा र दिगो विकासका लक्ष्यका साथै नेपालले गरेका विभिन्न अर्न्तराष्ट्रिय फोरमहरूमा गरेका प्रतिवद्धताहरू पुरा गर्न कठिन छ ।

संवैधानिक रूपमा विद्यालय शिक्षाको सञ्चालन र व्यबस्थापन स्थानीय तहलाई दिएता. पनि शिक्षाको अधिकार क्षेत्र सङ्घ, प्रदेश र स्थानीय तहको साझा सूचीले शिक्षाको वित्तीय व्यबस्थापन सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनै तहलाई अधिकार दिएको छ । यसको अलावा समुदाय, गैर सरकारी सङ्घ सस्था र निजी क्षेत्रको पनि साझेदारी समेत अत्यन्त आवश्यकता पर्दछ । नेपालमा वित्तीय व्यबस्थापनमा सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र आन्तरिक ऋणसहितको व्यवस्था रहेको छ । यस्ता अनुदान बाहेक स्थानीय तहले आफ्नो आन्तरिक स्रोतको व्यवस्था गरी शिक्षा क्षेत्रमा बजेट विनियोजन गर्नुपर्ने देखिन्छ ।

### क) आ.व. २०८०/८१ वर्षमा रंगेली नगरपालिकाभित्रका सामुदायिक शिक्षक कर्मचारी विवरण

| क.सं. | सुचक | संख्या |
|---|---|---|
| १ | बाल सहजकर्ता | ४२ |
| २ | कर्मचारी संख्या (कार्यालय सहयोगी सहित) | ३९ |
| ३ आ.वि. तह (१-५) शिक्षक | | |
| | दरबन्दी | १२४ |
| | राहत शिक्षक | २३ |
| | अनुदान शिक्षक | ३ |
| | जम्मा | १५० |
| ४ आ. वि. तह ( ६-८) शिक्षक | | |
| | दरबन्दी | ५२ |
| | राहत शिक्षक | ८ |
| | अनुदान शिक्षक | २ |
| | जम्मा | ६२ |
| ५. मा. वि. तह (९-१२) शिक्षक | | |
| | दरबन्दी | २८ |
| | राहत शिक्षक | १५ |
| | प्राविधिक धार | ० |
| | उमावि दरबन्दी शिक्षक | २ |
| | उमावि अनुदान शिक्षक | ६ |
| | जम्मा | ६७ |
| ६ | नगर शिक्षक (धार्मिक ३ सहित) | १९ |

**क) आ.व. २०८०/८१ वर्षमा रंगेली नगरपालिकाको शिक्षा क्षेत्रमा भएको लगानी**

| क.सं. | सुचक | आ.व.२०८१/८२ | |
|---|---|---|---|
| १ | समग्रमा शिक्षा क्षेत्रमा लगानी | २२४५१६७४८ | |
| २ | आन्तरिक स्रोतको लगानी | १३०५१७४८ | |

**ख) आ.व. २०८०/८१ वर्षमा तलव भत्ता बाहेक रंगेली नगरपालिकाको शिक्षा क्षेत्रमा भएको लगानी**

| क.सं. | सुचक | आ.व.२०८१/८२ |
|---|---|---|
| भौतिक पुर्वाधार | भौतिक पुर्वाधार | |
| | भवन निमार्ण | |
| | भवन मर्मत | |
| | शौचालय निर्माण | |
| | शौचालय मर्मत | |
| | खानेपानी निर्माण तथा मर्मत | |
| | घेराबारा | |
| | टिनको छाना मर्मत | |
| गुणस्तर सुधार | शिक्षक पेशागत विकास तथा प्रोत्साहन अनुदान | २२९२४५७२ |
| | गोाष्ठी, छलफल | १५०००० |
| | पुरस्कार सम्मान | ४७५०००० |
| | खेलकुद | ७३०००० |
| | शैक्षिक सुधार | ६३९५००० |
| | शिक्षण अनुदान | ३३८०७४८ |

## ७.२ लक्ष्य

- शिक्षा क्षेत्रमा पहुँच तथा गुणस्तर अभिवृद्धिका लागि लगानीको सुनिश्चिता गर्ने ।

## ७.३ उद्देश्य

- योजना अवधिको लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु,
- पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोतको पहिचान गर्नु,
- उपलब्ध स्रोतका आधारमा कार्यक्रमहरूको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,
- खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु

## ७.४ रणनीतिहरू

- संघीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गर्ने,
- आफ्नो स्थानीय तह भित्रका लक्षित समुदायका बालबालिकाहरूलाई शिक्षाको पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने,

- लगानीको पारदर्शीता र मितव्ययिताका लागि वित्तीय मापदण्डका आधारमा गरिने,
- वार्षिक रूपमा कुल बजेटको कम्तिमा २० प्रतिशत बजेट शिक्षा क्षेत्रमा लगानी गरिने,
- वित्तीय व्यस्थापनमा सुधार ल्याउनका लागि पारदर्शीता, जवाफदेहिता र उत्तरदायित्वलाई जोड दिइने,
- स्थानीय अभिभावक, दाता र निजी क्षेत्र लगायत गैर सरकारी संघ संस्थाहरूलाई लगानी गर्नका लागि प्रोत्साहित तथा समन्वय गरिने ।

## ७.५ उपलब्धि,नतिजा र प्रमुख कियाकलाप

**क) उपलब्धि**

- शिक्षाको स्रोत साधनको समुचित व्यवबस्थापन भई शिाक्षामा पहुँच र गुणस्तरीयता कायम हुने,
- उपलब्ध स्रोतसाधनको उचित प्रयोगले विद्यार्थीको सिकाई उपलब्धिमा सुधार हुने,
- शिक्षा क्षेत्रमा देखिएका भौतिक र शैक्षिक समस्याहरू पहिचान भई समयमै समाधान हुने,
- शिक्षक, कर्मचारी ,अभिभावकहरूलाई तालिम, छलफल आदिमा जिम्मेवार बनाइनाले क्षमता विकासमा अभिवृद्धि हुने,
- प्रविधिमैत्री र बालमैत्री वातावरणमा शिक्षण सिकाई गर्नका लागि वातारण तयार हुने ।

**ख) नतिजा**

- गुणस्तरीय शिक्षा प्राप्ति,
- विद्यालयका भौतिक र शैक्षिक समस्याहरूको पहिचान र समस्या समाधान,
- विद्यार्थीहरूको नतिजामा सुधार,
- शिक्षामा पहुँच वृद्धि,
- शिक्षकको क्षमता विकास सहयोग,
- शिक्षामा नविनतम प्रविधिहरूको प्रयोगले शिक्षण सिकाई प्रविधिमैत्री हुने ।

**ग) प्रमुख कियाकलापहरू**

- संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको शिक्षा क्षेत्रमा अनुमानित रकम विनियोजन तथा खाका तयारी,
- लगानीका क्षेत्रहरूको पहिचान र वित्तिय व्यबस्थापन,
- नपुग रकम विद्यालयको शिक्षा विकासका लागि स्थानीय अभिभावक तथा सामुदायिक सहभागिताको माध्यमबाट प्रवर्द्धन,
- पहिचान गरिएका क्षेत्रमा विद्यालयका भौतिक पूर्वाधारहरू भवन, शौचालय, खानेपानी, पुस्तकालय, प्रयोगशाला, कम्प्युटर कक्षा आदिको निर्माण तथा मर्मतका लागि वित्तीय व्यवस्थापन ।

**क) १० वर्षे लक्ष्य तथा अनुमानित बजेट व्यवस्थापन**

| कसं | सूचक | आधार वर्ष २०८० | २०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | जम्मा ५ वर्ष | जम्मा १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| **बाल विकास** | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सहजकर्ताको पारिश्रमिक तलव, भत्ता र पोसाक | ८६१०००० | ८६१०००० | ९०१०००० | ९५१०००० | १०००००००० | १०५००००० | ५६२४००००० | ११२४८०००० |
| २ | शिक्षकहरूको क्षमता विकास तालिम | १५०००० | १५०००० | २००००० | २५०००० | ३००००० | ३५०००० | १४००००० | २८००००० |
| ३ | शिक्षण सिकाई सामग्री खरिद तथा वितरण | ० | १३५०००० | १४००००० | १५००००० | १६०००००० | १७००००० | ७५५०००० | १५१००००० |
| ४ | शैक्षिक पुर्वाधार निर्माण तथा व्यवस्थापन | ० | २७००००० | ३०००००० | ३२००००० | ३५०००००० | ३८००००० | १६२००००० | ३२४००००० |
| ५ | चकटी कार्पेट व्यवस्थापन | ० | २५०००० | २७५००० | २७५००० | ३००००० | ३००००० | १४००००० | २८००००० |
| ६ | बालउद्यान, बगैचा निर्माण तथा व्यवस्थापन | ० | २००००० | २००००० | २५०००० | २५०००० | ५००००० | १४००००० | २८००००० |
| ७ | नर्सरी केजी पाठ्यपुस्तक | ० | २७०००० | २७०००० | ३००००० | ३५०००० | ४००००० | १५९०००० | |
| **तलब भत्ता** | | | | | | | | | |
| ८ | नगर शिक्षक तलब | ३८१७४०६ | ३८१७४०६ | ४११७४०६ | ४११७४०६ | ४४१७४०६ | ४८१७४०१ | २५१०४४२६ | ५०२०८८५२ |
| ९ | आधारभूत तह माध्यमिक तह ९-१२ तलबभत्ता | १६७३३५१०६ | १६७३३५१०६ | १७०००००० | १७०००००० | १७०३००००० | १७०३००० | ६७४६१०२१२ | १३४९३४०४२४ |
| भौतिक पूर्वाधार | | | | | | | | | |
| ११ | भौतिक सुधार र भवन निर्माण | ७१०००००० | १००००००० | ११००००००० | १२०००००० | १३००००००० | १५००००००० | ६८१००००० | १३६२००००० |
| १२ | भवन मर्मत | ० | १३००००० | १५००००० | १७००००० | २०००००० | २३००००० | ८८००००० | १७६००००० |
| १३ | जस्तापाता सुधार | ० | ३००००० | ४००००० | ४००००० | ४००००० | ४५०००० | १९५०००० | ३९००००० |
| १४ | स्वच्छ खानेपानी | ५५०००० | ११००००० | १६५०००० | १६५०००० | २२००००० | २२००००० | ९३५०००० | १८७००००० |
| १५ | शौंचालय निर्माण | ० | १५००००० | २२००००० | २२००००० | ३०००००० | ३०००००० | ११९००००० | २३८००००० |
| १६ | घेराबारा | ० | ५००००० | १०००००० | १५००००० | २०००००० | २५००००० | ७५००००० | १५०००००० |
| १७ | फर्निचर निर्माण | ० | २७००००० | २७००००० | २७००००० | २७००००० | २७००००० | १३५००००० | २७६०००००० |
| **शिक्षक तथा विद्यार्थी उत्थान** | | | | | | | | | |
| १८ | शिक्षक पेशागत तालिम | १५०००० | ३००००० | ३५०००० | ४००००० | ४००००० | ४५०००० | २०५०००० | ४१००००० |
| १९ | प्र.अ. र सहायक प्रअ प्रोत्साहन भत्ता | ० | १२००००० | १२००००० | १२००००० | १२००००० | १२००००० | ६०००००० | १२०००००० |
| २० | शैक्षिक सामग्री | ० | २७०००० | ३००००० | ३३०००० | ३५०००० | ३७५००० | १६२५००० | ३२५०००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | खरिद तथा व्यवस्थापन | | | | | | | | |
| २१ | आधारभूत तह लक्षित वर्ग विद्यार्थी टिकाउ, | ० | ५४०००० | ६००००० | ६५०००० | ७००००० | ७५०००० | ३२४०००० | ६४८०००० |
| २२ | विद्यार्थी प्रोत्साहन र छात्रवृत्ति | २१५७६०० | २५००००० | २५००००० | २७००००० | २७००००० | ३०००००० | १५५५७६०० | ३१११५२२०० |
| २३ | शैक्षिक सुशासन र विद्यार्थी परीक्षण | ८५०००० | ९५०००० | १०००००० | १०००००० | ११५०००० | ११५०००० | ५१००००० | १०२००००० |
| २४ | कक्षा ८को अङ्ग्रेजी, गणित , विज्ञान अतिरिक्त तयारी कक्षा | ० | ९५०००० | १०००००० | १०००००० | १०५०००० | १०५०००० | ५०५०००० | १०१००००० |
| २५ | मा.वि. लक्षित वर्ग विद्यार्थी टिकाउ, | ० | ३००००० | ३००००० | ३००००० | ३००००० | ३००००० | १५००००० | ३०००००० |
| २६ | कक्षा १०, थप अङ्ग्रेजी, गणित ,विज्ञान लगायतका विषय तयारी कक्षा | ० | १३००००० | १३००००० | १३००००० | १३००००० | १३००००० | ६५००००० | १३०००००० |
| २७ | प्रअ र विषयगत समिति बैठक | ० | १५०००० | १५०००० | १५०००० | १५०००० | १५०००० | ७५०००० | १५००००० |
| २८ | प्रअ शैक्षिक भ्रमण | ० | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २५००००० | ५०००००० |
| **पुस्तकालय र प्रयोगशाला** | | | | | | | | | |
| २९ | पुस्तकालय निर्माण तथा व्यवस्थापन | ० | ६५०००० | १३००००० | १९५०००० | १९५०००० | १९५०००० | ७८००००० | १५६००००० |
| ३० | विज्ञान तथा गणित प्रयोगशाला | ० | १००००० | २००००० | ३००००० | ४००००० | ५००००० | १५००००० | ३०००००० |
| ३१ | बुक कर्नर (कक्षा १– ५) | १७२१३०० | १७२१३०० | १८००००० | १८२०००० | १८५०००० | १८७५००० | १०७८७६०० | २१५७५२०० |
| ३२ | आइसिटी ल्याब | ६५०००० | १३००००० | १३००००० | १३००००० | १३००००० | १३००००० | ७१५०००० | १४३००००० |
| ३३ | स्मार्टबोर्ड व्यवस्थापन | ० | १०००००० | १५००००० | २०००००० | २५००००० | ३०००००० | १००००००० | २०००००००० |
| **अन्य पक्ष** | | | | | | | | | |
| ३४ | पाठ्यपुस्तक | ४९१९०७९ | ५०००००० | ५१००००० | ५२००००० | ५३००००० | ५४००००० | ३०९१९०७९ | ६१८३८१५८ |
| ३५ | दिवा खाजा | ८६०२०६५ | ८७००००० | ८७५०००० | ८८००००० | ८८५०००० | ८९००००० | ५२६०२०६५ | १०५२०४१३० |
| ३६ | छात्रवृत्ति | २१५७६०० | २१२७५०० | २२००००० | २२२५००० | २२५०००० | २२७५००० | १३२३५१०० | २६४७०२०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३७ | सेनिटरी प्याड | १४३७००० | १४५०००० | १४७०००० | १४९०००० | १५१०००० | १५३०००० | ८८८७००० | १७७७४००० |
| ३८ | इन्टरनेट | ३२४००० | ३५०००० | ३५०००० | ३५०००० | ३५०००० | ३५०००० | २०७४००० | ४१४८००० |
| ३९ | प्राविधिक तथा व्यावसायिक र सिपमुलक शिक्षाका लागि छोटा अवधिका तालिम सञ्चालन | ० | १००००० | २००००० | ३००००० | ४००००० | ५००००० | १५००००० | ३०००००० |
| ४० | विद्यालय सञ्चालन तथा व्यवस्थापन मसलन्द खर्च | ५८०००० | ५८०००० | ११६०००० | ११६०००० | ११६०००० | ११६०००० | ५८००००० | ११६००००० |
| ४१ | रंगरोगन | २५०००० | ५००००० | ७५०००० | १०००००० | १०००००० | १२००००० | ४७००००० | ९४००००० |
| ४२ | विद्यालय नर्स सेवा | ५०००० | १००००० | १५०००० | २००००० | २५०००० | ३००००० | १०५०००० | २१००००० |
| ४३ | क्यालेन्डर निर्माण | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | ३००००० | ६००००० |
| ४४ | नमुना विद्यालय कार्यक्रम | १०००००० | २०००००० | ३०००००० | ४०००००० | ५०००००० | ६०००००० | २१०००००० | ४२०००००० |
| **विविध** | | | | | | | | | |
| ४५ | अनुगमन तथा मूल्याङ्कन | १५००० | २५००० | ३५००० | ५०००० | ७५००० | १००००० | ३००००० | ६००००० |
| ४६ | परीक्षा सञ्चालन तथा व्यवस्थापन (कक्षा ८ बाहेक) | ७००००० | ८००००० | ९००००० | १०००००० | १०००००० | १०००००० | ५४००००० | १०८००००० |
| ४७ | शिक्षा बैठक,गोष्ठी, अर्न्तक्रिया | ० | ५०००० | ७५००० | १००००० | १२५००० | १५०००० | ५००००० | १०००००० |
| ४८ | जीवन पर्यन्त शिक्षा, निरन्तर शिक्षा ,अनौपचारिक शिक्षा सञ्चालन तथा व्यबस्थापन | ० | ५०००० | ५०००० | ५०००० | ५०००० | ५०००० | २५०००० | ५००००० |
| ४९ | विपद् व्यवस्थापन तथा पूर्व तयारी | ० | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २५००००० | ५०००००० |
| ५० | स्थानीय विषय र अन्यको पाठ्यक्रम,पाठ्यपुस्तक निर्माण तथा छपाई कार्य | ९००००० | ९००००० | १०००००० | १२००००० | १२००००० | १२००००० | ६४००००० | १२८००००० |
| ५१ | विद्यालय तथा शिक्षकलाई पाठ्यक्रम, शिक्षक शिर्देशिका र अन्य सन्दर्भ सामग्री | ० | ५००००० | २००००० | २००००० | १००००० | १००००० | ११००००० | २२००००० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | खरिद तथा वितरण | | | | | | | | |
| ५२ | शिक्षक बैंक, जगेडा तथा घुम्ती शिक्षकको व्यवस्था -<br>खेल शिक्षक १,<br>संगीत शिक्षक,१<br>आ.वि.नर्स सेवा<br>योग शिक्षक,स्काउट प्रशिक्षक | ० | २०००००० | ३०००००० | ४०००००० | ५०००००० | ६०००००० | २००००००० | ४००००००० |
| ५३ | सबै विद्यालयलाई सिं.सि.क्यामेरा जडान कार्य | ० | ३००००० | ५००००० | ७००००० | १०००००० | १२००००० | ३७००००० | ७४००००० |
| ५४ | शिक्षकहरुमा सूचना तथा सञ्चार प्रविधिमा क्षमता विकास तालिम सञ्चालन | ० | २५०००० | २५०००० | ३००००० | ३००००० | ४००००० | १५००००० | ३०००००० |
| ५५ | सार्वजनिक पुस्तकालय स्थापना र संवर्धन | ० | १०००००० | १०००००० | १०००००० | १०००००० | १०००००० | ५०००००० | १००००००० |
| ५६ | वि.व्य. स. र शिक्षक अभिभावक संघका सदस्यहरुलाई अभिमुखिकरण तालिम | ० | ५००००० | ५००००० | ५००००० | ५००००० | ५००००० | २५००००० | ५०००००० |
| ५७ | सरसफाइ कर्मचारी<br>(शौचालय) | ० | १८२०००० | २५००००० | २५००००० | २५००००० | ३०००००० | १२३२०००० | २४६४०००० |
| ५८ | विद्यालयमा शैक्षिक गुणस्तर एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन कार्यक्रम | ७८७००० | १०००००० | १०००००० | १०००००० | १०००००० | १०००००० | ५७८७००० | ११५७४००० |

परिच्छेद : आठ

# अनुगमन तथा मूल्याङ्कन

**(Monitoring and Evaluation)**

## ८.१ योजनाको अनुगमन तथा मूल्याङ्कन (Plan Monitoring and Evaluation)

शैक्षिक कार्यक्रममा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटि छन् वा छैनन्, शैक्षिक क्रियाकलाप निर्धारित कार्य तालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँछ।

शैक्षिक कार्यक्रमको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रममा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्छन् । नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेका विभिन्न प्रतिबद्धता अनुरूप स्थानीय तहले शिक्षा योजनाको अनुगमन गर्दा कम्तिमा पनि निम्नपक्षको अनुगमन गर्नुपर्छ । अनिवार्य तथा निशुल्कः शिक्षा ऐनको कार्यान्वयनको प्रगति, दिगो विकास लक्ष्य सन् २०३० को प्रगति तथा विद्यालय शिक्षाक्षेत्र योजनाका प्रमुख कार्यसम्पादन सूचकको प्रगति हेर्नुपर्छ । पछिल्लो समयमा दिगो विकासको शिक्षा सम्बन्धि लक्ष्य नं.४ कार्यान्वयनका लागि तयार गरिएको कार्यढाँचा, विद्यालयक्षेत्र विकास योजना, चालू आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरिएका सूचकका आधारमा अनुगमन तथा मूल्याङ्कन गरिदैं आइएको अवस्था छ । वार्षिक कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमन सम्बन्धी प्रबन्ध गरिएको छ ।

विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिका आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) लाई लिइन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगर उपप्रमुखको अध्यक्षतामा नगरपालिकाको समग्र क्षेत्रको अनुगमन गर्नका लागि अनुगमन समितिको व्यवस्था गरिएको छ । सामाजिक विकास समिति, नगर कार्यपालिका र नगर शिक्षा समितिले समेत विद्यालयको अनुगमन तथा मूल्याङ्कन गरिरहेको अवस्था छ । प्रमुख प्रशासकीय अधिकृत, उपसचिव, शाखाअधिकृत आदिबाट समेत पटकपटक विद्यालयमा आधारित नतिजामूलक अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यलाई नियमित गरिन्छ । नगरपालिकाले पेडागोजीकल सुपरभाइजर र विषयगत विज्ञहरूको समूह निर्माण गरी विद्यालय अनुगमन तथा सुपरीवेक्षण र शिक्षक सहायता प्रणालीको प्रबन्ध गर्ने सम्बन्धमा योजनाले कार्यक्रम अगाडि बढाउने अपेक्षा गरिएको छ ।

## ८.२ अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नगरपालिकाको जिम्मेवारी

१. भौतिक संरचना, शिक्षकको पर्याप्तता र योग्यता, समुदायको सहभागिता, प्रविधिमैत्री वातावरण निर्माण, शिक्षक-विद्यार्थीमैत्री शैक्षिक वातावरण, पाठ्यपुस्तक वितरण लगायत विभिन्न कार्यक्रमको अनुगमन ।
२. शिक्षण सिकाई क्रियाकलाप, विद्यार्थी मूल्याङ्कन, नेतृत्व र व्यवस्थापन, सह तथा अतिरिक्त क्रियाकलाप, नियमितता, पाठ्यक्रम कार्यान्वयन, शिक्षक तालिम, अनौपचारिक कक्षा, खुला तथा वैकल्पिक कक्षा, विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान लगायत कार्यक्रम कार्यान्वयन प्रक्रियाको अनुगमन ।
३. शिक्षक-विद्यार्थी नियमितता प्रतिशत, सिकाईमा प्रविधिको प्रयोग, भर्नादर, टिकाउ दर, कक्षा दोहोऱ्याउने दर, तालिम प्राप्त शिक्षक प्रतिशत, प्रविधियुक्त विद्यालय सङ्ख्या, प्राविधिक शिक्षामा पहुँच लगायत कार्यक्रमको परिणामको अनुगमन ।
४. विद्यालय अनुगमन तथा सुपरीवेक्षण र शिक्षक सहायता प्रणालीको प्रबन्ध ।
५. शिक्षा योजनाको कार्यान्वयन मूल्याङ्कन ।

## ८.३ अनुगमन तथा मूल्याङ्कनको वर्तमान अवस्था

अनुगमन तथा मूल्याङ्कनलाई योजनाको अभिन्न अङ्गको रूपमा लिँदै हाल विद्यमान अवस्थामा रहेको नगर शिक्षा संयन्त्रलाई आवश्यकतानुसार चुस्तदुरूस्त बनाउँदै आवश्यक भौतिक तथा मानवीय व्यवस्थापनमा जोड दिँदै नगर प्रमुखको अध्यक्षतामा रहेको नगर शिक्षा समितिबाट आवश्यक रूपमा बैठक बसी कार्य प्रगति समीक्षा हुने गर्दछ । यसरी नगरपालिका शिक्षा शाखाबाट पनि शैक्षिक गतिविधि तथा नगर भित्र रहेका सामुदायिक र निजी संस्थागत विद्यालयहरूको अनुगमन तथा मूल्याङ्कन भइरहेको छ । अनुगमन तथा मूल्याङ्कनका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५, दिगो विकास लक्ष्य २०३०, शिक्षाक्षेत्र योजना, चालु सोंह्रौ योजना, नेपाल सरकारको नीति तथा कार्यक्रमलाई आधार लिई सोको विवरण आवश्यकताका आधारमा शिक्षाविकास तथा समन्वय इकाई, शिक्षा विकास निर्देशनालय, सामाजिक विकास मन्त्रालय, शिक्षा तथा मानव स्रोतकेन्द्र तथा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा पुऱ्याउने प्रबन्ध गरिएको छ । शैक्षिक व्यस्थापन सूचना प्रणालीमार्फत् विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा अन्य पूर्वाधार सम्बन्धि सूचना लिई विद्यार्थीहरूको शैक्षिक उपलब्धिहरू, शिक्षक तथा विद्यार्थीहरूको विवरणको अनुगमन कार्य प्रारम्भ भएको छ ।

### रंगेली नगरपालिकामा अनुगमन तथा मूल्याङ्कनको क्षेत्रमा भइरहेका गतिविधिहरू:

नगर उपप्रमुखको संयोजकत्वमा रहेको रंगेली नगर शिक्षा समितिबाट आवधिक रूपमा शैक्षिक गतिविधि तथा परीक्षा सञ्चालनको अवस्था अनुगमन हुँदै आएको छ । यसै गरी नगर शिक्षा समितिको सिफारिसमा शैक्षिक सत्र, २०८१ मा शिक्षा अधिकृतको संयोजकत्वमा ८ सदस्यीय अनुगमन तथा मूल्याङ्कन समिति गठन भएको छ । सो समितिले नगरपालिकाभित्र सञ्चालित सबै सामुदायिक, संस्थागत र धार्मिक विद्यालयहरू समेत गरी जम्मा ४५ वटा विद्यालयहरूको अनुगमन गरेको उल्लेख गरिएको छ ।

### अनुगमन समितिले गर्ने अनुगमनका प्रमुख क्षेत्रहरू :

- विद्यालयको भौतिक अवस्था
- विद्यार्थी, शिक्षक सङ्ख्या र अनुपात
- वातावरण तथा सरसफाईको अवस्था
- परीक्षा तथा मूल्यांकन

## अनुगमन समितिले गरेका अनुगमनका प्राप्त निष्कर्ष तथा सुझावहरूको सारसंक्षेप :

- केही विद्यालयहरूको कम्पाउण्डवालहरू अपूर्ण रहेको र सो को निर्माण कार्य अविलम्व सुरू गर्नु पर्ने ।
- अधिकांश विद्यालहरूमा शौचालयहरूको निर्माण र स्तर उन्नति गर्नुपर्ने ।
- धेरै विद्यालयहरूको टिनको छाना परिवर्तन गर्नुपर्ने ।
- धेरै विद्यालयहरूको शैक्षिक अवस्था सामान्य रहेको तर केही विद्यालयहरूको शैक्षिक अवस्था नाजुक भएको र सुधारको लागि सुझाव दिइएको ।
- हाल केही विद्यालयहरूमा आधारभूत तह (कक्षा १-५) दरबन्दीमा नगरपालिकाको अनुदानमा शिक्षक व्यवस्थापन गरिएको भएता पनि यथेष्ठ नभएको र माथिल्लो तहमा अध्यापन गराउने गणित, विज्ञान जस्ता विषयहरूको विषय शिक्षकको पनि व्यवस्था गरिनु पर्ने ।
- केही विद्यालयहरूमा विद्यार्थी संख्या अत्यन्त न्यून भएको हुँदा १० जनाभन्दा कम विद्यार्थी भएका विद्यालयहरूलाई मर्ज गर्नुपर्ने अवस्था देखिएको र मर्ज गर्दा कक्षा मर्ज गर्न सुझाव दिइएको ।
- अधिकांश विद्यालयहरूमा फूलबारी र बगैंचाको व्यवस्था नभएको । सम्बन्धित विद्यालय तथा नगरपालिकाको सहकार्यमा हरित विद्यालय निर्माण गर्नुपर्ने ।

**चुनौतीहरु**

- शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि राष्ट्रिय मापदण्डको विकास, स्थानीय एवम् राष्ट्रिय रूपमा उपयोगी मापनयोग्य सूचकको निर्धारण, मापनयोग्य सूचकको निर्माण तथा सूचकसँग परिचित सिप र दक्षता भएका अनुगमनकर्ता तथा दक्ष अनुगमन तथा मूल्याङ्न जनशक्ति विकास गर्नु,
- अनुगमन मागमा आधारित बनाउनु, अनुगमनलाई नियमित र एकरूपता कायम गर्नु, अनुगमन कार्यमा दोहोरोपना हटाउनु, अनुगमनलाई योजनाबद्ध गर्नु, पर्याप्त साधनस्रोतको प्रबन्ध गर्नु,
- अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु र अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास,
- अनुगमन तथा मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु,

- शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि राष्ट्रिय मापदण्डको विकास, स्थानीय एवम् राष्ट्रिय रूपमा उपयोगी मापनयोग्य सूचकको निर्धारण, मापनयोग्य सूचकको निर्माण तथा सूचकसँग परिचित सिप र दक्षता भएका अनुगमनकर्ता तथा दक्ष अनुगमन तथा मूल्याङ्न जनशक्ति विकास गर्नु,
- अनुगमन मागमा आधारित बनाउनु, अनुगमनलाई नियमित र एकरूपता कायम गर्नु, अनुगमन कार्यमा दोहोरोपना हटाउनु, अनुगमनलाई योजनाबद्ध गर्नु, पर्याप्त साधनस्रोतको प्रबन्ध गर्नु,
- अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु र अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास,
- अनुगमन तथा मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु,

- सहभागितात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुनिश्चित गर्नु, अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिलाई व्यापकता दिनु,
- शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय तथा वडा स्तरमा उपयोगी हुने मापनयोग्य सूचकहरूको निर्धारण, निर्माण तथा सोसँग सम्बन्धित दक्षता र सिप भएका जनशक्ति तयार गर्नु,
- अनुगमन कार्यलाई नियमित बनाउनु, एकरुपता दिनु र पर्याप्त स्रोत साधनको प्रबन्ध गर्नु,
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त जानकारीहरूको प्रतिवेदन तयार गरी पृष्ठपोषण प्रदान गर्न आवश्यक जनशक्तिको अभाव,
- अनुगमन तथा मूल्याङ्कनका लागि सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु,

अनुगमन तथा मूल्याङ्कनलाई नियमित, निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउनु ।

**अवसरहरु :**

- • सहभागितात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुनिश्चित गर्नु, अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिलाई व्यापकता दिनु,
- शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय तथा वडा स्तरमा उपयोगी हुने मापनयोग्य सूचकहरूको निर्धारण, निर्माण तथा सोसँग सम्बन्धित दक्षता र सिप भएका जनशक्ति तयार गर्नु,
- अनुगमन कार्यलाई नियमित बनाउनु, एकरुपता दिनु र पर्याप्त स्रोत साधनको प्रबन्ध गर्नु,
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त जानकारीहरूको प्रतिवेदन तयार गरी पृष्ठपोषण प्रदान गर्न आवश्यक जनशक्तिको अभाव,
- अनुगमन तथा मूल्याङ्कनका लागि सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु,
- अनुगमन तथा मूल्याङ्कनलाई नियमित, निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउनु ।

## ८.४ रणनीतिहरू

- एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गर्ने,
- अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गर्ने,
- शैक्षिक सूचना व्यस्थापन प्रणालीलाई थप सुदृढ गर्ने,
- राष्ट्रिय सूचकका अतिरिक्त आवश्यकतानुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गर्ने,
- प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गर्ने,
- .कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङकनमा छुटयाई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने,
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गर्ने,
- सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई कार्यान्वयन गर्ने,
- कक्षाकोठाको सिकाईको अनुगमन, सुपरीवेक्षण गरी मूल्याङ्कनलाई प्रभावकारी बनाउन
- कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गर्ने,
- .पुरस्कार र दण्ड प्रणालीको विकास गर्ने,
- योजना अन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापको नियमित आवधिक,मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली विकास गर्ने,
- अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा पेस गर्ने ।

## ८.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने ।

**प्रमुख नतिजा :**

- नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुने,
- अनुगमनका आधारमा नतिजा सुधार हुने,
- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुने,
- विद्यार्थी उपलब्धि परीक्षणका नतिजाका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने,
- विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने,
- विद्यालय शिक्षा सम्बन्धी कानुन तर्जुमा गर्न सहयोगी हुने ।

## ८.६ कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरणका प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा | | |
| १ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नपा |
| २ | अनुगमन प्रणालीका लागि सूचक तयारी र अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नपा |
| ३ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | नपा |
| ४ | विद्यार्थीको सिकाई उपलब्धि परीक्षण गर्ने | कक्षा | ५ | ८ | १० | | | | ५,८,१० | केन्द्रसँग समन्वय |
| ५ | स्थिति प्रतिवेदन तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नपा |
| ६ | विद्यालयमा गरिने सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | नपा |
| ७ | विद्यालयको लेखापरीक्षण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | नपा |
| ८ | विद्यालयको कार्यसम्पादन परीक्षण | विद्यालय | १३ | १५ | २० | २७ | २७ | २७ | २७ | नपा |
| ९ | विज्ञ समूह, विद्यालय निरीक्षक तथा शिक्षक सिकाई समूहमार्फत्, शिक्षा शाखामार्फत् विद्यालय अनुगमन तथा कक्षा सुपरीवेक्षण | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | नपा |
| १० | प्रधानाध्यापक तथा आधारभूत तह संयोजकबाट विद्यालय तथा कक्षाकोठा अनुगमन तथा सुपरीवेक्षण | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नपा |
| ११ | सिकाईमा आधारित मूल्याङ्कनका लागि शिक्षण | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नपा |
| १२ | सामुदायिक सिकाई केन्द्रको कार्यसम्पादन परीक्षण गर्ने | संख्या | २ | सबै | सबै | सबै | सबै | सबै | सबै | नपा |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | प्रमाणमा आधारित मूल्याङ्कनका लागि अभिलेखीकरण | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नपा |
| १४ | स्थानीय तहद्वारा कक्षा अनुगमन | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | नपा |

आज मिति २०७३।०३।०२ गते बिहान ८:३० बजे यस रंगेली नगरपालिका को नगर शिक्षा समितिको बैठक का.बा. नगर प्रमुख श्री भुमा कुमारी - पराजुली ज्यूको अध्यक्षतामा बैठक बसी तपसिलका व्यक्तिहरुको उपस्थिति मा निम्न प्रस्तावहरु उपर छलफल गरी सर्वसम्मत निर्णय गरियो।

उपस्थिति:-

१. अध्यक्ष श्री भुमा कुमारी पराजुली
२. सदस्य श्री प्रदिप साह
३. सदस्य श्री भरतराज प्रसाई
४. सदस्य श्री रामचन्द्र मण्डल
५. सदस्य श्री अयध्येमा कुमार मण्डल
६. सदस्य श्री शंकर प्रसाद साह
७. सदस्य श्री चिरञ्जीवी काफ्ले
८. सदस्य श्री विकर्ण कार्की
९. सदस्य श्री सुरेश मिश्र
१०. सदस्य श्री अस्वद आलम सिद्धिकी
११. सदस्य श्री किसर सिंह राई
१२. सदस्य सचिव श्री लीला देवी ओझा
१३. व्यवस्थापक :- श्री सुनिल कुमार साह

प्रस्तावहरु:-

१. विद्यालय व्यवस्थापन समिति गठन गर्ने सम्बन्धमा
२. शिक्षक सरुवा सम्बन्धमा ।
३. भगवती आ.वि. को का.स. र महेन्द्र मा. वि. को अनुदान शिक्षक सम्बन्धमा ।
४. नगर शिक्षा योजना सम्बन्धमा ।
५. सामुदायिक विद्यालयको लागि First Aid Kit सम्बन्धमा ।
६. प्रारम्भिक बाल विकास पुनरवितरण र चुहिने टिनको छानो अनुगमन सम्बन्धमा ।
७. विषय विज्ञ सुचिकृत गर्ने सम्बन्धमा ।

४. प्रस्ताव नं. ४ माथी छलफल गर्दा कार्य वाहक नगर प्रमुख श्री भुमाकुमारी पराजुलीको संयोजकत्वमा गठित १० वर्षे शिक्षा योजना निर्माण समिति र माध्यमिक तह प्रथम श्रेणीका शिक्षक श्री अरविन्द कुमार साहको संयोजकत्वमा रहेको मस्यौदा लेखन उपसमितिले शिक्षा योजनाको मस्यौदा तयार गरि शिक्षा समिति समक्ष पेश गरेको नगर शिक्षा योजना स्वीकृति तथा प्रमाणिकरणका लागि कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

आज मिति २०८३/०३/०८ गते रंगेली नगरपालिकाको बैठक कक्षमा रंगेली नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री भुमा कुमारी पराजुली ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका निम्न पदाधिकारी ज्यूहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति :

| सि.नं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | का.वा.नगर प्रमुख | श्री भुमा कुमारी पराजुली | |
| २ | का.वा. वडाध्यक्ष (वडा नं. १) | श्री इश्वर चन्द्र माझी थारु | |
| ३ | वडाध्यक्ष (वडा नं. २) | श्री सन्तलाल खवास | |
| ४ | वडाध्यक्ष (वडा नं. ३) | श्री भरतराज प्रसाई | |
| ५ | वडाध्यक्ष (वडा नं. ४) | श्री अवधेश कुमार मण्डल | |
| ६ | वडाध्यक्ष (वडा नं. ५) | श्री महानन्द केवरत | |
| ७ | वडाध्यक्ष (वडा नं. ६) | श्री सुजित कुमार मण्डल | |
| ८ | वडाध्यक्ष (वडा नं. ७) | श्री रामचन्द्र मण्डल | |
| ९ | वडाध्यक्ष (वडा नं. ८) | श्री ढक प्रसाद आचार्य | |
| १० | वडाध्यक्ष (वडा नं. ९) | श्री चुडामणी रेग्मी | |
| ११ | नगर कार्यपालिका सदस्य | श्री यशोदा कोईराला | |
| १२ | नगर कार्यपालिका सदस्य | श्री तारा देवी गुरुङ्ग | |
| १३ | नगर कार्यपालिका सदस्य | श्री पुनम कर्मकार | |
| १४ | नगर कार्यपालिका सदस्य | श्री हेमन्ती देवी ठाकुर | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री ममता आले मगर | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री कमल प्रसाद राजवंशी | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री शंकर प्रसाद साह | |
| १८ | सचिव | श्री प्रदिप साह | |
| | आमन्त्रित तथा सहयोगी कर्मचारी | | |
| | वडा सदस्य वडा नं ९ | [illegible] | |
| | लेखा अधिकृत आर्डी | पीताम्बर बस्ती | |
| | शिक्षा अधिकृत | लिलादेवी ओझा | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

प्रस्तावहरुः

१) बैठक सम्वन्धमा ।

२) नगर शिक्षा योजना सम्वन्धमा ।

३) विषयगत समितिका कार्यक्रम सम्वन्धमा ।

४) रकमान्तर सम्वन्धमा ।

५) विविध

निर्णय नं. २

नगर शिक्षा समिति मार्फत पेश गरेको १० वर्षे नगर शिक्षा योजना सर्वसम्मत स्वीकृत तथा प्रमाणीकरण गरी Website मा upload गर्ने निर्णय गरियो ।

CS Scanned with CamScanner